# कल्पतरु

ISSN 3021-9531
9 773021 953006
११७



# कल्पतरु द्वैमासिकका आजीवन सदस्य

**विशिष्ट आजीवन सदस्यहरू:**

अच्यूत पुडासैनी, कुमारीगाल
अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वरचन्द्र देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौँ
उज्जवल घिमिरे, अष्ट्रेलिया
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा, क्यानाडा
गोविन्दराज पौडेल, काठमाडौँ
ताराप्रसाद चपागाईं, युएई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी (साधु), गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.म.पा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तीपाइला
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्यान्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौँ
रश्मी भट्ट, अमेरिका
रमेशप्रसाद खनाल, काठमाडौँ
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, बेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौं
विष्णबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौँ

**विशेष आजीवन सदस्यहरू:**

अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चपागाईं, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल दुङ्गाना, मित्रपार्क
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौं
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, बेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौँ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
जेबी खत्री, इटहरी
दामोदर संजेल, गोकर्णेश्वर नपा-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौँ
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाईं सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौं
पारु तिमल्सिना, काठमाडौं
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौं
प्रमोद नेपाल, काठमाडौँ
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी, गोठाटार
मधुवन पौडेल, काठमाडौं
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चपागाईं, काठमाडौँ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौँ
रमेश रिजाल, गोकर्णेश्वर
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानाडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा.रुपक श्रेष्ठ,
लिम्पिया नेसनल कलेज, गोकर्णेश्वर
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चापागाईं, गोठाटार
विष्णुप्रसाद जम्कटेल, बौद्ध
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
श्रीकृष्णराज पुडासैनी, जोरपाटी
सुभाषचन्द्र पौडेल, भिमफेदी
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित

ISSN: 3021 - 9531

जि.प्र.का.द.नं. १३/०५४/०५५

प्रेस काउन्सिल पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

# कल्पतरु द्वैमासिक

(Kalpataru Bimonthly litretary Magazine)

वर्ष : २४ अङ्क : ४ पूर्णाङ्क ११७ २०८२ माघ - फागुन

**प्रकाशक/प्रधान सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**कार्यकारी सम्पादक**
सिद्धनारायण आचार्य

**विशेष सम्पादक**
गोकुल अधिकारी, मुकुन्द अर्याल
रेहित सैजु

**सम्पादक**
सुमन पुडासैनी 'मित्र',
उमेश तिमिल्सिना, राजन पुडासैनी
शशीश्री आचार्य

**सहसम्पादक**
राजेशमान केसी, तुलसीराम पुडासैनी

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**कार्यालय व्यवस्थापक**
रमेशमान श्रेष्ठ

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**संरक्षक**
कञ्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर'
बाजुराम पौडेल

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल,
महेशराज खरेल

**संस्थापक सहयोगी**
मा. बहादुरसिंह लामा

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६
कुमारीभैरव चोक, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpudasaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुपः कल्पतरु द्वैमासिक
Web: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण**
नेपाल प्रिन्ट सपोर्ट, अनामनगर,
काठमाडौँ

**गाता मुखपृष्ठ**
नेपाल प्रिन्ट सपोर्ट

**मूल्य** : **रू. २००।-**

# सम्पादकीय

नेपाली साहित्यकी शिखर नारी साहित्यकार पारिजातको जन्मदिन फागुन ३० गते केवल एउटा स्मरणीय मिति हो । चेतना, विद्रोह र मानवीय संवेदनाको उत्सव हो यो दिन । पारिजात विष्णुदेवी वाइबाको साहित्यिक नाम मात्रै होइन । उहाँ एक दृष्टि, एक प्रश्न र एक सहज सत्य पनि हुनुहुन्छ । पारिजातले लेखनलाई सजावटको साधन बनाइनन् ।

उहाँका शब्दहरू जीवनका कठोर यथार्थसँग ठोक्किन्छन् र लिङ्गभेदको पीडा, अस्तित्वको द्वन्द्व, सामाजिक अन्याय र मानव आत्माको एकान्त–यी सबै उहाँका कृतिहरूमा निर्भीक रूपमा उपस्थित छन् । विशेषतः 'शिरिषको फूल'ले नेपाली उपन्यास परम्परालाई गहिरो दार्शनिक मोडमा पुऱ्याएको छ, जहाँ प्रेम पनि सङ्घर्ष हो र मौनता पनि प्रतिरोध ।

शारीरिक असहजता र सामाजिक सीमाबद्धताबिच पनि पारिजातले कलम नछोड्नु नै उहाँको सबैभन्दा ठुलो विद्रोह हो । उहाँले देखाउनुभयो– साहित्य सौन्दर्य मात्र होइन, साहस पनि हो। पुरुषप्रधान साहित्यिक संरचनाभित्र उभिएर उहाँले स्त्री अनुभूतिको मौलिक स्वर स्थापित गर्नुभयो, जसले पछिल्ला पुस्ताकालेखकलाई नयाँ बाटो देखायो ।

'कल्पतरु' द्वैमासिकको यस फागुन अङ्कमा पारिजातलाई सम्झनु भनेको केवल श्रद्धाञ्जली अर्पण गर्ने औपचारिकता मात्र होइन, उहाँले छोडेर जानुभएको प्रश्नहरूसँग पुनः जुध्नु हो । आजको समाज, आजको राजनीति र आजको मानवीय सम्बन्धहरूलाई हेर्दा पारिजात अझै सान्दर्भिक देखिनुहुन्छ– सायद पहिलेभन्दा अझ बढी ।

फागुन ३० हामीलाई सम्झाइरहन्छ– साँचो साहित्य समयसँग सम्झौता गर्दैन, समयलाई चुनौती दिन्छ । पारिजात त्यही चुनौतीको नाम हो ।

**– प्रधान सम्पादक**

# यस अङ्कमा

## कविता/गीत/गजल/मुक्तक


- इन्दिरा चापागाईं / १९
- उज्ज्वलराज घिमिरे / २०
- ओम आचार्य / ५९
- गोविन्दराज पौडेल / ३४
- चेतन अन्जान / ६६
- जनार्दन अधिकारी 'धड्कन' / ५८
- बिसुकुमार केसी / ३९
- मणिराज सिंह / ४७
- महेशराज खरेल / ४६
- मोहन उपाध्याय ढकाल / ४८
- रमेश प्रभात / ६९
- रश्मी भट्ट / २८
- राजकुमार श्रेष्ठ 'फुच्चे' / ६७
- राजेन्द्र श्रेष्ठ / ५८
- शशीश्री आचार्य / ४१
- सूर्य चापागाईं / ६६
- सुदीपभद्र खनाल / १०
- डा. हरिकुमार श्रेष्ठ / ५१


## सम्पादकीय / २

## पाठक-चक्षु


- बुद्धिराज पाण्डे. / ४


## पुस्तक वार्ता


प्रह्लाद पोखरेलसँग / ३५


## नारदीय / ७० - ७१

## कथा/लघुकथा


- अनिता कोइराला / ५२
- अमित घिमिरे / ४२
- इन्द्रप्रसाद गोतामे / ६०
- ईश्वर पोखरेल / २९
- कमला देवकोटा / ६८
- देवकी के.सी. / ४०
- महेन्द्र नेउपाने / ६७
- विश्व कुइकेल / ११


## संस्मरण


- देविका तिमिल्सिना / ७


## अनुभूति


- जे. एन. दाहाल / २१


## कृति समीक्षा


- सानुराजा श्रेष्ठ 'अन्जान' / २५


## विलोम


- दिव्य गिरीसँगको कुराकानी / ३०


## चिल्लो पात


- यामजोम थिङ / ४८
- सागर विष्ट / ४९


## बालकथा


- गोपालकुमार मैनाली / ५०

# कल्पतरु पूर्णाङ्क १११६ मा विचरण गर्दा



✍ बुद्धिराज पाण्डे

पूर्णाङ्क ११६, २०८२ मङ्सिर-पौषको 'कल्पतरु' समयमै प्राप्त भयो । कवि शिरोमणि लेखनाथ पौडयालको जन्म महिना पौष भएकोले सम्भवतः उनको स्मरणको लागि आवरण पृष्ठमा तस्बिर राखिएको हुनुपर्दछ । आवरणमा तस्बिर राखिए पनि सम्पादकीय लेखिनु बाहेक अन्यत्र उनी बारेको रचना पाइएन । यस अङ्कमा उनका बारेमा एउटा मात्र रचना छापिएको भए कार्यकारी सम्पादकले सम्पादकीय पानामा उल्लेख गरेबमोजिम वर्तमान पिँढी लेखनाथबाट बिमुख हुने थिएनन् र लेखनाथका बारेमा जान्न खोज्ने पिँढीले गुगलको सहारा लिनुपर्ने थिएन ।

यस अङ्कमा टुक्का र चिल्लोपातसहित तेह्रवटा कविताहरू समावेश गरिएको रहेछ । प्रार्थना खनालको 'मित्र', इन्द्रप्रभाको 'सुनौला घाम हेर्न मन छ', प्रमोद नेपालको 'नबदलिएको रैती', जीवन आचार्यको 'जुत्ता नम्बर १', दीपक लोहनीको 'पुनर्जन्म' र अरुणकुमार भुजेलको 'प्रिय जेन्जीहरू' कविताहरूले आजको समाज र हामीले भोग्नु परेको स्थितिप्रति सचेत गराएका छन् । शम्भु गजुरेलको 'साझा धरा' र खोलाघरे साहिंलोको "तरङ्गहरू" शीर्षकको छन्द कविता उत्कृष्ट छन् । 'चिल्लो पात' स्तम्भअन्तर्गतको कृषा कार्कीको 'पिता' र प्रशंसा थापाको 'हारजित' कविता पनि पठनीय छन् । अनुरोध गरेरै भए पनि चर्चित एवम् स्थापित कविहरूको कवितासमेत यस अङ्कमा समावेश गरेको भए यो अङ्क उत्कृष्ट हुने थियो ।

यस अङ्कमा डा. घनश्याम परिश्रमी, निर्मलादेवी तिम्सिना 'कान्छी', नवराज न्यौपाने 'मौन' आ-आफ्नो गजलमा राम्रैसँग जमेका छन्, गजलहरू उत्कृष्ट र सुन्दर छन् । त्यस्तै, हरिभक्त सिग्देल 'महेश' र शारदा देवकोटाको चार/चारवटा मुक्तकले प्रेम, समर्पण, बेथिति र बिछोडबारे उजागर गरेका छन् । सबै मुक्तकहरूले पाठकहरूलाई राम्रैसित प्रभावित पार्छन् भनेर भन्न सकिन्छ । एन.बी. दाहाल, माणिकरत्न शाक्यको गीतसमेत उत्कृष्ट छन् । माणिकरत्न शाक्यको गीत लयबद्ध हुन सक्ने हुँदा अझ सुन्दर लाग्यो । कलानिधि दाहालको टुक्का कविता उत्कृष्ट छ, यो कविता बुझिसकेपछि पढिरहुँ जस्तो लाग्दछ । हन्नाह क्षेत्री र तारा प्रसाद चापागाईंको टुक्का कवितासमेत राम्रो नै छ ।

'समकालीन कविताका प्रवृत्ति र स्वर' कृतिमा समालोचक ध्रुव मधिकर्मी भन्छन्- 'आजको पाठक समकालीन रचनामा शाश्वत विचारको खोजीमा भौँतारिएको छ । साहित्यमा सधैं नयाँपनको, नयाँ मान्यताको आग्रह राखिएको हुन्छ । नयाँपन र नयाँ मान्यताको आग्रहभित्र विश्वसनीय चेतना, मौलिक प्रस्तुति, नयाँ बिम्ब, प्रतीक आदि परेको हुन्छ ।' ध्रुव मधिकर्मीको उपर्युक्त भनाइलाई स्वीकार गर्दै नेपाली वाङ्मयले नयाँपन, मौलिक प्रस्तुति, नयाँ बिम्ब र प्रतीक भित्र्याउने साहित्यकारहरूको अपेक्षा गरेको छ ।

यस तथ्यप्रति सचेत भई लेखिएका स्तरीय रचनाहरूले पाठकहरूलाई आकर्षण गर्दछन् भनेर मान्न सकिन्छ । अतः पत्रिकामा प्रकाशनार्थ प्रेषित रचनाहरू छापिनुपूर्व सम्पादकले यो तथ्यप्रति चनाखो हुनै पर्दछ ।

यस अङ्कमा कृष्ण गौतमको 'काली बहादुर' कथा र स्नेहा अधिकारीको 'सुइँको' लघुकथा समावेश छन् । कृष्ण गौतमको उक्त कथाको शीर्षक 'काली बहादुर' को तादम्यता कथासँग कहाँ कसरी मिल्यो ? मैले ठम्याउन सकिनँ । कथा राम्रो छ, दुःखको बेलामा सहयोग गर्ने साथीहरू यो दुनियाँमा अझै पनि छन्, दुष्कर्म गर्नेहरूको नाश अवश्यम्भावी छ । गुन्टेले गरेको कुकर्मलाई उसकी आमा र पत्नीले सचेत गराएपछि गुन्टे ग्लानिले भित्रभित्रै गलेर आफ्नो भुललाई सच्याउँछ तर खोलामा खसेर उसको मृत्यु हुन्छ । रघुको आमा सतीले आश्चर्यजनक रूपबाट आँखाको ज्योति प्राप्त गर्छिन् । स्नेहा अधिकारीको 'सुइँको' लघुकथाले कथित आधुनिक र सभ्य समाजमा अझैसम्म देखिएको छाउगोठको मार्मिक कथा बोकेको छ । छाउगोठमा बस्न बाध्य पारिएका छोरी, बुहारीलाई हिंस्रक जनावरले आक्रमण गरी मार्दासमेत छाउगोठ राख्ने परम्परालाई निर्मूल गर्नुको सट्टा आक्रमण गर्ने जनावरलाई मार्न उद्यत हुने समाजप्रति यो कथाले तिखो व्यङ्ग्य गरेको छ ।

निर्मोही व्यासको 'सल्लेरीको सेरोफेरो' शीर्षकको नियात्रामा सोलुखुम्बु जिल्लाको सल्लेरी बजार, यसका आसपासका भ्रमणबारे उल्लेख गरिएको छ । सल्लेरी बजारको अवस्थिति, यहाँको बासिन्दाहरू, सल्लाका घारीहरू, यातायातका साधन तथा विभिन्न जातजातिको बसोबास बारेमा वर्णन गरिएको छ । सफा र स्वच्छ वातावरणयुक्त सल्लेरी बजारमा लामाहरूको घरमा फर्फराइरहेका रङ्गीचङ्गी लुङदर र तोराम/दर्चोको वर्णन गर्दै नियात्राकारले पाठकहरूलाई समेत सल्लेरी बजार घुमाउने प्रयास गरेका छन् ।

'डोभर बिच र वाटर सपिङ सेन्टरको आकर्षण' नियात्रामा मुकुन्द पोखरेलले बेलायतको डार्टफोर्ड पुग्दा डार्टफोर्ड, केन्टमा नेपाली पेसागत समाजले आयोजना गरेको सांस्कृतिक कार्यक्रमका बारेमा उल्लेख गर्दै नेपाली समाजले नेपाली भाषाकक्षा सञ्चालन गरेर बालबालिकालाई भाषा सिकाउन थालेकोमा आफू हर्षित भएको बताएका छन् । उक्त नियात्रामा लन्डन, स्कटल्यान्डले कवि, उपन्यासकार, नाटकककार एवम् कथाकारजस्ता साहित्यकार, समालोचक जन्माएको उल्लेख गर्दै नोबेल पुरस्कार विजेता कवि साहित्यकारको चर्चासमेत गरेका छन् । त्यस्तै लन्डनको ब्लु वाटर सपिङ सेन्टर र डोभर बिचको बारेमा समेत रोचक तरिकाले वर्णन गर्दै पाठकहरूलाई समेत उक्त स्थानको भ्रमण गराएका छन् ।

धनमाया राई, चूडामणि रेग्मीको संस्मरण र गङ्गा कर्माचार्य पौडेलको अनुभूति पठनीय छ । 'लघुकथामा एक अभ्यास' मा 'विलोम' स्तम्भअन्तर्गत यस पटक विवश पोखरेलसँगको कुराकानी प्रस्तुत गरिएको छ । उक्त कुराकानीमा विवश पोखरेलको परिचय, उनका प्रकाशित कृतिहरू, उनको साहित्य प्रवेश र उनलाई साहित्यतर्फ आकर्षित गर्ने प्रेरणाका स्रोत र व्यक्तिहरूका बारेमा उल्लेख गरिएको छ । लघुकथा लेखिरहेका र लेख्न प्रयासरतहरूका लागि लघुकथाको परिचय, लघुकथाको सीमा, आजको लघुकथाको स्तर र लघुकथाको भविष्य बारेमा 'विलोम'मा विवश पोखरेलमार्फत व्यक्त गर्न लगाइको

छ । डा. ऋषि बस्ताकोटीले डा. हिमलाल श्रेष्ठसँग लिएको अन्तर्वार्तामार्फत उनको चर्चित लघुकथासङ्ग्रह 'चौतारो चिन्तन'का बारेमा र लघुकथा लेखनमा आउन चाहने नयाँ लेखकहरूलाई सुझाव पस्केका छन् ।

'कल्पतरु'को यस अङ्कमा चट्नीस्वरूप 'इतिहासको एउटा पाना' शीर्षकको एकाङ्की पनि समावेश छ । यस एकाङ्कीमा पुरु लम्सालले हालैको जेन्जी आन्दोलनको प्रतीकात्मक विषय उठान गरेर उक्त आन्दोलनको क्रममा अस्पतालमा उपचाररत युवायुवतीहरू, डाक्टर/नर्सको बिचमा गहिरो संवाद गराएका छन् । एकाङ्कीले उक्त संवेदनशील घटनाको चिरफार गर्दै मृतक र घाइतेहरूको योगदान खेर नजाने प्रतिज्ञा पात्रहरूको मुखबाट गराएका छन् ।

सिर्जना स्वान्त सुखाय मात्र हुने गर्दैन, पीडा र भोगाइहरूको परिदृश्य पनि हो भनेर स्रष्टाहरू भन्छन् । स्वच्छन्दतावादी, परिष्कारवादी धाराको केन्द्रीय भागबाट आफूलाई प्रवाहित गर्दै सिर्जना गर्ने साहित्यकारहरू सफल साहित्यकार मानिन्छन् रे । सिर्जनाहरूमा उत्पीडन, विसङ्गति र सामाजिक, वैयक्तिक पीडा पनि पोखिएको हुन्छ । सिर्जनाहरूमा नितान्त वैयक्तिक अनुभव र अनुभूति मात्र हुनुहुँदैन, देशको वर्तमान राजनीतिक अवस्था, मानवीय मूल्य र मान्यतामा हुँदै गएको ह्रास, वर्तमान समाज र समाजले भोग्दै आएको विसङ्गतिहरूको यथार्थ चित्रण सिर्जनहरूमा भेटिनुपर्दछ । 'कल्पतरु'ले आगामी दिनमा साहित्य सिर्जनाका यिनै मान्यता एवम् मापकलाई दृष्टिगत गरी उपयुक्त रचनाहरू प्रकाशित गर्दै जाने छ भन्ने शुभेच्छा प्रकट गर्दछु । ■■

## कल्पतरुका प्रतिनिधि/आजीवन सदस्यहरू

| | |
|---|---|
| संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका) | झापा– टीका चापागाईं (९८६३६०५९३५) |
| युवराज भण्डारी (क्यानडा) | मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२) |
| डा. रूपक श्रेष्ठ (बेलायत), | सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२) |
| निर्मलादेवी तिम्सिना 'कान्छी' (युरोप) | उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६) |
| ताराप्रसाद चापागाईं (यु.ए.ई.) | पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२) |
| गृष्मा पौड्याल (जापान) | रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२) |
| सीमा रोशी (अस्ट्रेलिया) | सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८) |
| अजय गोले (दक्षिण कोरिया) | काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७) |
| कमल सापकोटा (सिक्किम) | भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३) |
| सीतादेवी क्षेत्री (मणिपुर) | चितवन– नारायण निर्भय (९८४५२४२४४८) |
| विष्णा विरही (अमेरिका) | कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१) |
| सागर फुयाँल (जर्मनी) | तनहुँ– रुद्र थापा (९८४५५२९९३५) |
| खिम पुन (कतार), डम्बर थामी (बहराइन) | गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२) |
| दाजु गुरूङ (हङकङ) | दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९) |
| अरूण शान्ति भुजेल (दार्जीलिङ) | बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०) |
| प्रेम कटुवाल (कुबेत), अजय गोले 'अञ्जान' | सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६) |
| मीरा त्रिपाठी (युजिल्यान्ड) | बझाङ– लख्खु सिंह (९८६७१००३१०) |
| इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०) | कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६) |

संस्मरण

# महामना पारिजातसँग पहिलो भेट



✍ **देविका तिमिल्सिना**

जीवनका आरोह अवरोहहरू गन्तव्यका मोडहरू जस्तै भोग्नुपर्ने यथार्थबाट कोही पनि तर्किन सक्दोरहेनछ । पारिजातलाई सम्झँदै गर्दा जीवनको उदय र अस्तको बीचमा गरिने यात्रा र अनुभूतिलाई कोट्याउन जरूरी हुने रहेछ भन्ने ठान्छु । हामीले पूर्वी काठमाडौँलाई नै प्रतिनिधित्व गर्नेगरी २०३४ साल वैशाखदेखि साहित्यिक अभियानलाई उठाउँदै गर्दा पारिजात नेपाली साहित्यमा सर्वाधिक चर्चित हुनुहुन्थ्यो तर हाम्रो परिचय थिएन । हाम्रो मासिक साहित्यिक गोष्ठीमा उहाँको स्वास्थ्यका कारणले आउन सक्ने अवस्थामा हुनुहुन्नथ्यो । हामीले 'नौलो प्रभात' कथासङ्ग्रह निकाल्यौँ र रमेश विकलसँग सम्बन्ध स्थापित भयो तर पारिजातलाई भेट्ने हाम्रो आकाङ्क्षा अझै पूरा भएको थिएन । हामीले पहल गरेको कथासङ्ग्रह प्रकाशनको काम सामूहिक थियो तर जिम्मेवारी मेरामा परेको थियो । हामीले पुस्तक प्रकाशन गरिसकेपछि नाम चलेका लेखकहरूलाई उपहार दिने योजना गरेका थियौँ । त्यही योजनाअनुसार म, गोविन्द 'वर्तमान' र मुकुन्द अर्यालले सल्लाह गरेर पारिजात दिदीलाई भेट्ने चाँजोपाँजो मिलायौँ ।

२०३४ सालको माघ महिना काठमाडौँको जाडोलाई वास्तै नगरी चाबहिलबाट साइकल चढेर हामी म्हेपीतिर लाग्यौँ । मुकुन्दजी र म साइकल लिएर चाबहिल चोकमा पुग्दा 'वर्तमान' आइपुग्नु भएको रहेनछ । उहाँलाई केहीबेर पर्खेर बस्यौँ । मैले मुकुन्दजीलाई सोधेँ, "कताबाट जाने म्हेपी ? म त अहिलेसम्म म्हेपी पुगेको छैन ।"

"भत्केको पुल हुँदै, हाँडीगाउँ, गहना पोखरी, नारायणहिटीको उत्तर गेट, भारतीय दूतावास लैनचौरको गल्ली हुँदै क्रिश्चियनहरूको चिहानतिरबाट झर्दा ठीक हुन्छ ।"

वर्तमानजीलाई मैले बस्न भनेँ । उहाँलाई साइकलमा राखेर मुकुन्दजीलाई तपाईं अगाडि हिंड्नुस भनेँ । हामीले बाटो पछ्यायौँ । म्हेपी मन्दिरको ढिस्काको फेददेखि अलिपर धुलेबाटाको पूर्वतिर प्लास्टर नगरेको भुइँतले घर छिर्ने बाँसले बनाएको सानो ढोका खोलेर मुकुन्दजी छिर्नुभयो, हामी लुखुर लुखुर पछिपछि लाग्यौँ । मुकुन्दजीले ढोका घच्घच्याएपछि, होचीहोची श्यामवर्णकी अलि मोटी देखिने एक महिला आएर ढोका खोल्दै भन्नुभयो, "ओहो भाइहरू ! आउनुस् ! आउनुस् !"

"सुकन् दिदी नमस्कार !" मुकुन्दजीले उहाँलाई अभिवादन गर्दै हामीतिर फर्केर भन्नुभयो –"उहाँ सुकन्या वाइबा, पारिजात दिदीको बहिनी !" हामीले पनि नमस्कार गर्‍यौँ तर हाम्रो परिचय नसोधिकन सुकन्या

भान्छाकोठातिर लाग्नुभयो ।

हामी पारिजात दिदीको कोठातिर जाँदै गर्दा उहाँले भन्नुभयो, "दिदी उता बाहिर घाममा हुनुहुन्छ, मुकुन्द भाइ !"

हामी बाहिर घाममा निस्कन पश्चिमपट्टिको ढोकातिर लाग्यौं । काठको सामान्य मेचमा बस्नुभएकी दुब्ली सानो ज्यान र केही झुकेको ढाड तर गोरी, उज्यालो अनुहार र हाँस्दा फूल फक्रेझैं लाग्ने पारिजातलाई हामीले एकैस्वरमा "नमस्कार !" भन्दै अभिवादन गर्‍यौं ।

मुकुन्दजीले दिदीको स्वास्थ्य अवस्थाबारे सोध्नुभयो ।

"उस्तै छ, चलिरहेको छ । औषधी खाइरहेकी छु ।शरीरमा बेलाबेला पीडा हुन्छ । हाडजोर्नी सार्‍है दुख्दा ट्र्याङ्कुलाइजरको डोज बढाउनु पर्छ । यस्तै छ मुकुन्द भाइ !" दिदीले एकै श्वासमा आफ्नो स्वास्थ्य अवस्थाबारे भन्नुभयो ।

सामान्य कुर्ता सुरुवाल, घाँटी र शिरको पछाडिपट्टि गलबन्दी शैलीमा मजेत्रो बाँधेर छाती र टाउको छोप्नुभएकी पारिजातको शरीर हाडमाथि छालामात्र भएझैं प्रतीत हुन्थ्यो । मलाई उहाँको शरीर देखेर मभित्र करुणाको ज्वारभाटा उम्लियो । के गर्न सक्थें र मैले ? तैपनि दिदीका लागि केही गर्न पाए हुन्थ्यो भन्ने कुराले उद्वेलित भएँ भित्रभित्रै ।

दिदीले म र गोविन्द 'वर्तमान'तिर हेर्दै भन्नुभयो, " भाइहरूको परिचय ?"

"ए ! मैले त साथीहरूका बारेमा दिदीलाई भन्नै बिर्सिँछु" भन्दै मुकुन्दजी हामीतिर फर्केर भन्न थाल्नुभयो, "उहाँ गोविन्द 'वर्तमान' र उहाँ देविकानन्द 'चिन्तित' । चाबहिलका हामी केही साथीहरू मिलेर साहित्यिक गोष्ठीहरू चलाउँछौं र साहित्यमा रुचि राख्ने साथीहरूको जमघट भेटघाट गर्छौं र हामीले देविकाजीको सक्रियतामा 'नौलो प्रभात' कथासङ्ग्रह पनि निकालेका छौं । यसमा चाबहिलका आठजना नवप्रतिभाहरूको कथा समावेश गरिएको छ । देविकाजी किताब ल्याउनु भएको छ होइन ?"

झोलाबाट किताब झिकेर पारिजात दिदीलाई दिँदै भनें, "दिदी यो हाम्रो पहिलो प्रयास हो । हामीलाई दिदीको सुझाव र सहयोग चाहिन्छ । हामी तपाईंबाट धेरै सिक्न चाहन्छौं । हाम्रो यो एउटा सामूहिक प्रयास हो । चाबहिल क्षेत्रमा साहित्यिक जागरणको अभियान सञ्चालन गरिरहेका छौं । यसमा पनि दिदीले अगाडि बढ्न सल्लाह दिनुहुन्छ भन्ने आशा राखेका छौं ।"

दिदीले किताब लिएर ओल्टाइपल्टाइ हेर्नुभयो । यो कथासङ्ग्रहको सङ्कलकमा हामी तीनजना थियौं, गोविन्द 'वर्तमान', अच्युत कोइराला र म ।

"गोविन्दजी र तपाईँ त विद्यार्थी अनि यो अर्को भाइ के गर्नुहुन्छ नि ?" दिदीको जिज्ञासालाई सम्बोधन गर्दै मैले भनें, "उहाँ पनि विद्यार्थी नै हुनुहुन्छ दिदी हामीजस्तै ।"

यसै बिचमा सुकन्या दिदीले पारिजात दिदीको कोठामा आउन बोलाउनु भयो । उहाँले "बाहिर चिया राख्ने टेबुल छैन अप्ठेरो पर्छ सबैजना भित्र आउनुस् भन्नुभयो ।"

"पारिजात दिदी बस्नुभएको यो

भुइँतले घर जसको भित्र बाहिर कतै प्लास्टरसमेत गरिएको छैन । रङरोगन र अन्य सिँगारपटारको त कुरै छोडौँ । यस घरलाई भित्र जाने क्रममा उभिएर नियालेँ । दिदीको बसाइ कति सामान्य ?" मनमनै भन्दै थिएँ, कोठाभित्र छिरेपछि त म झन् अचम्मित भएँ । झन्डै बाह्र-दस लम्बाइ चौडाइको कोठा, गारोका इँटाहरू पारदर्शी भएर देखिएका छन् । कोठाको पश्चिमी छेउमा ठिक्क एउटा मान्छे सुत्न पुग्ने सामान्य काठे खाट छ । खाटमा पातलो डस्नामाथि आकाशे रङ्को फूलबुट्टे तन्ना लगाइएको छ । सानो आकारको दुइटा सिरानीहरू छन् । त्यसैमा अडेस लागेर पारिजात दिदी बस्नुहुन्छ र लहरै राखिएका तीनवटा काठे मेच र एउटा स्टुल बिचमा राखिएको छ । हामीलाई त्यहीं बस्ने इशारा गर्नुहुन्छ दिदीले र हामी क्रमशः बस्दछौँ ।

दिदीको ओछ्यानसँगै जोडिएर टेबुल बसेको छ । टेबुलमाथि पत्रपत्रिकाहरू र विभिन्न साहित्यकारका किताबहरू छरपष्ट छन् । दक्षिणपट्टि भित्तामा देशी विदेशी लेखकहरूको किताबहरू राखिएको र्‍याक छ । बाहिर निस्कने ढोकासँगैको भित्तामा पाँच खल्ती भएको कपडाको झोला झुन्डिएको छ । कोठाको पूर्वी भित्तामा एउटा पोस्टर झुन्डिएको छ, त्यस पोस्टरमा आकाशमा झलमल्ल ताराहरू चम्किएका छन्, तल धर्तीमा एउटी किशोरी आफ्नो घाँगरको फेर उचालेर आकाशतिर हेरिरहेकी देखिन्छ । मेरो आँखा त्यस पोस्टरमा टाँसिन पुग्छ । मनमा तर्कनाहरू आउँछन् । मानौं त्यो सानी नानीले तारा खस्छ र पोल्टामा थाप्छु भनेको भान पर्दछ । म यसै हराइरहेको बेला दिदीले हामीलाई, "चिया लिनुस् !" भन्नुहुन्छ । म आफैं झस्केको अनुभूत गर्दछु र चियाको कप उठाउँदै गर्दा पहिले साथीहरूलाई हेर्छु र त्यसपछि दिदीलाई । दिदीले दाहिने हातको दुईऔंलाले मात्र विस्तारै कप उठाएको देख्दा मलाई लाग्यो दिदीको हातले सामान उठाउन अप्ठेरो पर्ने रहेछ । यस्तो अवस्थामा पनि लेख्न नछोड्ने लेखकीय प्रतिबद्धता देखेर मेरो मन मैनझैं पग्लियो । दिदीको शारीरिक अवस्थामा भावुकतावश हेर्दा र लेखनमा सक्रियता देख्दा मेरा आँखाहरू चिसिन खोजे । मलाई असजिलो अनुभव भयो र कोल्टे फर्कें ।

गोविन्द 'वर्तमान'लाई पनि पोस्टरले तानेछ । एकनाशले हेरेपछि उहाँले दिदीलाई भन्नुभयो, "दिदी यो पोस्टरले मलाई लोभ्यायो । कति राम्रो रहेछ । लाग्छ यो नानीले भनिरहेकी छिन्, ए ! तारा आउन झर मेरो पोल्टामा ।" हामी सबै हो भन्ने शैलीमा 'वर्तमान'जीको भावुकतामा हाँस्यौं ।

दिदीले 'वर्तमानजी'लाई "के के लेख्नु हुन्छ ?" भनेर सोध्नुभयो । 'वर्तमान'जी मूलतः कवितामा जोडदिने गर्नुहुन्थ्यो त्यतिबेला । त्यसैले उहाँले फ्याट्टै भनिहाल्नुभयो, "दिदी म त कवितामा बढी रमाउँछु ।"

"अनि देविकाजी नि ?" मतिर फर्केर सोध्नुभयो ।

"म कथा लेख्न बढी रूचाउँछु तर कविता पनि उत्तिकै लेख्छु दिदी ।" मेरो भनाइ टुङ्गिने बित्तिकै दिदीले भन्नुभयो,

कविता

# बन्दैन यो देश बिना विचार



✍ **सुदीपभद्र खनाल**

चाहे जितून् सात कि सत्रपल्ट
जस्तै जुटून् स्वाँठ बिना प्रगल्भ
जितेर पर्छन् जब लम्पसार
बन्दैन यो देश बिना विचार

पार्टी बनोस् वा पिंजडा बनाऊन्
झोले धुपौरे जति गीत गाऊन्
जस्तै गरून् कोशिस बारबार
बन्दैन यो देश बिना विचार

न सीप राम्रो न छ नीति केही
न ज्ञान आभा न विवेक केही
न दृष्टि आदर्श छ दूर तार
बन्दैन यो देश बिना विचार

फुलाउँदै द्वन्द्व अनेक मन्द
गरेर हिंसा छलका प्रपञ्च
तरेर मात्रै खुनको जँघार
बन्दैन यो देश बिना विचार

सहिद, पुर्खा, जन बिर्सिएर
स्वदेशको रक्त चुसी पिएर
बोकी भँगेरो सरीको हियार
बन्दैन यो देश बिना विचार

खोक्रा निकम्मा खलले मिलेर
स्वार्थी र दम्भी हुल बाँधिएर
आकाश बेच्लान् बन होसियार
बन्दैन यो देश बिना विचार

पड्के पनि बन्दुक बारबार
फेरेर सत्ता पदका पियार
उस्तै रहे देश हुँदैछ हार
बन्दैन यो देश बिना विचार

"ल ! म मुकुन्दलाई त भन्दिनँ मलाई थाहा छ उहाँले लेख्नुहुन्न तर तपाईंहरू दुईजनाले यो पोस्टर राम्रोसँग हेरेर जानुस् र कविता लेख्नुस् । म पनि लेख्छु र पन्ध्र दिनपछि हामी भेटौँ है !"

दिदीले होमवर्कसहित हामीलाई बिदा दिएको भान भयो । मुकुन्दजी जुरुक्क उठेर "ल, दिदी नमस्कार ! अहिले हामी जान्छौँ । हाम्रा साथीहरूसँग नियमित भेटघाट जरुरी छ । दिदीले पहिलो भेटमै होमवर्क दिनुभयो । साथीहरू आत्तिने पो हो कि ?"

"होइन, होइन मुकुन्दजी त्यस्तो होइन, हामीले दिदीको सान्निध्यता चाहेका हौँ । दिदीबाट पाइने साथ र सहयोगले हामीलाई तिखार्छ । हामीलाई दिदीले दिनुभएको होमवर्कले अगाडि बढ्न सघाउनेछ । हामी पन्ध्र दिनपछि कविता लिएर आउँछौँ । होइन त वर्तमानजी ?"

वर्तमानजीले "हो त नि !" भन्दै मेरो कुरामा सही हाल्नुभयो ।

"दिदी नमस्कार !" भन्दै हामी पारिजात निवासबाट बाहिरियौँ । ■■

*- नयाँ बस्ती, जोरपाटी ।*

कथा

# कस्तो तिर्खा



✍ **विश्व कुइकेल**

"यो चौतारीबाट त हिँड्नैपर्छ ।" गाडीबाट ओर्लँदै कृष्णले सानुमायातिर फर्केर भन्यो ।

सानुमायाले हतार हतार आफ्नो झोला उठाई र गाडीबाट झरी । कृष्ण र त्यसपछि बिना झरी ।

आफ्नो ब्याकप्याक पछाडि भिरेर कम्मरमा झोलाको बेल्ट कस्दै सानुमायाले सोधी, "साँच्ची, कृष्ण सर यहाँबाट कति हिँड्नुपर्छ ?"

ढुङ्गाको सिँढीतिर देखाउँदै कृष्णले भन्यो, "मोटामोटी एक घण्टा । साँच्चै तपाईहरू दुवै जनाको पहिलो पटक होइन त ?"

"हो नि !" सानुमाया र बिना एकैपटक बोले ।

"सबैजना हजुरजस्तो कहाँ हुन्छन् र कृष्ण सर, सबै ठाउँ घुम्दै हिड्ने !" बिनाले थपी । "हरेक कुरामा स्मार्ट क्या ! कृष्ण सर । मान्छे पनि त्यत्तिकै हिरो ।"

मुस्कुराउँदै कृष्ण बोल्यो, "ल ल !, तिमी दुइटी मिलेर मलाई नचाट । हिडँ अब ।"

कालो कालो ढुङ्गाले बनेको फराकिलो सिँढी चढ्दै गर्दा कृष्णले थाहा नपाउने गरी बिनाले कृष्णतिर हेरी । चालिसे लागेको कृष्ण उमेरअनुसार मस्त हिरो देखिन्थ्यो । हल्का कालो वर्णको हँसिलो अनुहारको कृष्ण मुसुक्क हाँस्ने गर्थ्यो । बोल्दा उसको स्वर घाँटीबाट निक्लिएजस्तो लाग्थ्यो । मोटरसाइकल एक्सिडेन्टमा अगाडिको माथिल्लो एउटा दाँत हल्का चोइटिएको र अर्को दाँत बाङ्गिएर चोइटिएको दाँतलाई हल्का छोपेको थियो । चुच्चो नाक थोरै मुखतिर झुकेको, पातला ओठ र केही चिम्सा आँखा । पुटुक्क निक्लिएको उसको भुँडी खासै भद्दा देखिँदैनथ्यो । पाँच फुट सात इन्चको उसको उचाइ सामान्य नेपालीको भन्दा केही बढी नै थियो । हिँड्दा दुई खुट्टा हल्का फारेर उसको कम्मर केही अगाडि पुगेको देखिन्थ्यो । तराईमा जन्मेहुर्केको उसलाई हिँडाइको तरिकाका कारण उकालो उक्लिन केही अप्ठेरो भएजस्तो देखिएको थियो ।

"जतिसुकै पहाड तराई घुमे पनि कृष्ण सरलाई उकालो उक्लन चाहिँ गाह्रै लाग्ने क्या ! हामीजस्तो पहाडमा हुर्केको भए पो ।" सानुमायाले कृष्णलाई जिस्काउँदै भनी ।

"त्यो त हो ।" छोटो जवाफ दिँदै गोडा फारेर सिँढी चढ्दै थियो कृष्ण ।

सानो खोलाको कुलकुल आवाज सुनिरहेको थियो । दाहिनेतर्फ लगभग पाँच सय मिटर तल खोल्ची र खोल्चीपारी जस्ताले छाएका साना साना घरहरू देखिएका थिए । घरहरू अगाडि निला निला टेन्टहरू पनि गाडिएको थियो । त्यसका माथि डाँडामा पहाडे बस्ती हेर्दा बाहुनक्षेत्रीको बस्तीजस्तो देखिन्थ्यो । फाट्टफुट्ट घरहरू । उत्तरतर्फ अन्नपूर्ण हिमशृङ्खलाको हिमालहरू देखिन्थे । उनीहरू तीनै जना खासै नबोली क्रमशः उकालो लागिरहेका थिए ।

सानुमाया, घर चाहिँ नुवाकोट । लोग्नेसँग छुट्टिएर बसेकी, सम्बन्धबिच्छेद चाहिँ होइन । खासै राम्री होइन तर हाइट चाहिँ लोभलाग्दो थियो । उमेर यस्तै पैँतिस जति

होला । लामो ठुलो नाक, चिम्सा र रसिला आँखा अनि पोक्चा गाला, मसिनो ओठ, ओठमाथि डण्डिफोरको पुरानो दाग, त्रिकोणाकार अनुहार, कपाल लामो, सधैंजसो छोड्ने । विवाहित हो तर कुनै सङ्केत छैन । चुरा, पोते, सिन्दूर र टीकासम्म छैन । ओठमा कुनै लिपपोत पनि छैन । मानौँ रातो लुगासँग एलर्जी छ । आज पनि पर्पल कलरको सर्ट, आकासे निलो जिन्स र सेतो स्पोर्ट सुजमा छे सानुमाया ।

"बिनु दिदी, होटल त पाइएला नि ?" सानुमाया सोध्छे ।

"अब कृष्ण सर भए पछि के चिन्ता भन्या ।" कृष्ण फेरि पनि मुस्कुराएर बिनातिर हेर्छ ।

बिना सम्बन्धबिच्छेद गरेर बसेकी महिला । उमेरले बयालिस, त्रिचालिस होली । मोटी भए पनि सधैंभरि आधुनिक ड्रेसमा रमाउने । फेन्सी बन्न रूचाउने । हाँसो ठट्टा उसका लागि सामान्य थियो । जस्तो विषयमा पनि बोल्न धक नमान्ने । यौनका कुरा पनि खुलेर गर्ने । मोटो गोरो अनुहारमा हल्का मेकअप सधैं प्रयोग गर्ने । बाक्लो लिपिस्टिक पहिचान नै जस्तो । छोटो कुमबाट तल नझर्ने छिरलिएको कपाल । दाँतहरू फाटिएका तर हाँस्न लाज नमान्ने । सम्बन्धबिच्छेदको कुनै पीडा नभएजस्तो । छुट्टिएको लोग्नेको फोटो पनि फेसबुकमा राखिरहने । नहटाउने ।

उनीहरूको घान्द्रुक यात्रा छोटिँदै गएको थियो । तीनै जना पसिनाले भिजेका थिए । बिनु घरी घरी कालो चस्मा खोलेर रुमालले मुख पुछ्दै थिई । सेतो भियतनामी टोपी खोलेर सर्टको टाँक खोल्दै हम्किरहेकी थिई । कृष्ण गोडा फारेर उकालो उक्लिरहेकै थियो । बिनाले फ्याट्ट भनी, "के हो कृष्ण सर, कास लाग्यो कि के हो ? बाफ्फिएर । उसै पहाड हिँड्न नजान्ने ।"

गर्मीले पहिल्यै रातो भएको उसको अनुहारमा थप रातोपन देखिएन । उसले सानुमायाको मुखतिर हेर्‍यो । सानुमाया लाजले निहुरी । बिनु खितखिताएर हाँस्न थाली ।

लगभग पैँतालिस मिनेटको हिंडाइपछि होटल रेस्टुरेन्टहरू देखिन थालेको थियो । लाइनै देखिने होटलहरूमा फ्रि वाइफाई, लन्च, ब्रेकफास्ट, डिनरलगायतको विवरण काठका डिजाइन पारेका बोर्डहरूमा लेखिएको थियो । मानिसहरू भित्र बाहिर गरिरहेका देखिन्थे । केही साना पसलहरूमा बाहिर काठले बनेको लामो बेन्चमा बसेर केही मानिसहरू चिया चुरोट पिइरहेका देखिन्थे । खैरा, काला, गोरा विदेशीहरूको राम्रै उपस्थिति थियो । देशका विभिन्न कुनाबाट आएजस्ता देखिने आन्तरिक पर्यटकहरू पनि देखिन्थे । स्थानीय बुढापाकाहरू भोटो र घलेकमा देखिन्थे भने युवाहरू आधुनिक पोसाकमा । परम्परागत पोसाकमा सजिएर खिचिएका फोटोहरू पनि होटल रेस्टुरेन्ट र होमस्टे अगाडि देखिन्थे । स्थानीय जातका कुखुरा चारो खोज्दै घुमिरहेको पनि देखिन्थ्यो । अलिक ठुला होटल र रिसोर्ट अगाडि फूल र दुबोको बगैंचा अनि प्लास्टिक र काठको टेबल कुर्सी पनि देखिन्थ्यो ।

घाम अस्ताउने तरखरमा थियो । हिमालको चिसोले हल्का पेल्न थालेको थियो । यत्तिकैमा कृष्ण बोल्यो, "अब हामी पुग्न लाग्यौं । मलाई त एक एक कप कफी खाएर जाने कि जस्तो लाग्यो । के गर्ने ?"

सानुमायाले सही थापी, "हुन्छ । बिनु दिदीलाई पनि गाह्रो भैरहेको होला ।"

"खासै गाह्रो त होइन तर दुई जनाको मत मिलेपछि म किन भिलेन बन्नु !" बिनाले जवाफ दिई ।

नजिकैको सानो चिया पसलमा कृष्णले कफीको अर्डर गऱ्यो र फर्केर आएर ढुङ्गाको पर्खालमा बस्यो । बिना र सानुमाया चाहिँ भित्रको बेन्चीमा बसे । कफी कुर्दै गर्दा हिँडाइको गर्मी सेलाएको थियो । सिरेटोले कृष्णको हातमा काँडा उम्रिन थाल्यो । हत्त न पत्त झोला खोलेर विन्डचिटर लगायो । पसलेले सेतो कपमा बाफ उडाउँदै कफी ल्यायो । उसले दुवै हातले च्याप्प मगलाई समातेर मुख नजिक लग्यो । कफीको वासना उसको नाकबाट सरररर छिऱ्यो । उसले लामो श्वास फेऱ्यो र उत्तरतर्फ देखिएको अन्नपूर्ण, हिउँचुली र माछापुच्छ्रे हिमालतिर आँखा दौडायो । कुहिरोको बिच बिचबाट केही केही हिमाल चिहाइरहेको थियो । उसको कपबाट उडेको बाफ हिमालतिर उडेर गएजस्तो लाग्यो उसलाई ।

कफी सिध्याएर हेर्दा सानुमाया र बिनु दुवैले कफी सिध्याइसकेका रहेछन् । सानुमायाले पैसा तिर्न पनि भ्याइसकिछन् । उनीहरू फेरि उकालो लाग्छन् र लगभग पन्ध्र मिनेटको हिंडाइ पछि एउटा सामान्य होटलमा छिर्छन् ।

आआफ्नो कोठातिर छिर्ने बेलामा कृष्ण बोल्छ, "आधा घण्टामा फ्रेस भएर रेस्टुरेन्टमा झरौँ है । भोलिको प्लान गर्नुपर्छ ।" दुवै जना स्वीकार गरेर कोठातिर लाग्छन् ।

कृष्ण खैरो रङको ट्र्याकसुट र उनीको टोपी लगाएर रेस्टुरेन्टमा कुरिरहेको छ । उसको अगाडि चिनी नहालेको कडा ब्ल्याक कफीले बाफ छोडिरहेको छ । बिना र सानुमाया दुवै उनीकै ट्राउजर, स्वेटर, टोपी र हातमा पञ्जा लगाएर आइपुग्छन् । "धेरै बेर त भएन न कुरेको कृष्ण सर ?" सानुमायाले सोध्छिन् ।

"अहँ छैन ।" दुवै जनाको गेटअप हेर्दै उसले थप्छ, "ओहो ! यो केटीहरूलाई अलिक बढी नै जाडो लाग्छ, है !"

दुवै जना हाँस्दै अगाडिको कुर्सीमा बस्छन् ।

"केही लिने हो र ? जाडो छ ।" कृष्णले मदिरातर्फ सङ्केत गर्छ ।

"स्थानीय" बिना सजिलै बोल्छिन् ।

"तपाईं नि लिनुहुन्छ र सानुमाया ?" उसले सोध्छ ।

लाज मान्दै सानुमाया भन्छिन, "जाडो छ नि ।"

"अँ, भोलिको कुरा गरौँ अब । बिहान हामी चाँडै नै उठ्नेछौँ । सूर्योदय अघि नै । हिमालका दृश्य निकै मनमोहक देखिन्छन् । ब्रेकफास्ट खाएर गुरूङ पोसाकमा फोटो खिच्न जान्छौ । त्यतैबाट घान्द्रुक बस्ती । केही माथि एबीसी ट्रेकतर्फ यसो एकाध घण्टा हिँड्छौँ । फर्केर आई खाना खान्छौँ । त्यसपछि यहाँको होमस्टे व्यवस्थापन समितिसँग हाम्रो मिटिङ हुन्छ । त्यसपछि ट्राउट माछापालन भएको ठाउँमा जान्छौँ । समितिले कुनै कुरा देखाउन चाहेमा हेर्छौं । बेलुका चार बजेअगाडि हामी यहाँबाट हिँड्न सक्यौं भने आठ बजेभित्र पोखरा पुगिन्छ । केही छ अरू ?" एकै पटक सबै योजना सुनायो कृष्णले ।

"ठिक छ ।" भनी बिनुले भन्दा सानुमाया टाउको हल्लाइरहेकी थिइन् ।

केही छिनमा उनीहरूको अर्डर आइपुगेको थियो । कृष्णले नै विस्तारै सिसाको कपमा रक्सी खनाउँछ । प्लेटमा आएको स्न्याक्सहरूलाई यसो मिलाए जस्तो गर्छ । चियर्स गरेर उनीहरू अघि बढ्छन् ।

एक बोतल रक्सी सकिइसकेको हुन्छ । जाडाको मेख मारेका उनीहरू स्कुले

जीवनदेखि जागिरे जीवनसम्मका कुरा गर्न भ्याइसकेका हुन्छन् । कसरी अहिलेको संस्थामा जोडिन आइपुगियो र के कसरी सामाजिक परिचालनको विषय बुझ्न घान्द्रुक आउने योजना बन्यो भन्नेसम्मको सबै कुरा भइसकेको हुन्छ ।

प्रसङ्ग पारिवारिक विषयवस्तुमा प्रवेश गर्छ ।

कृष्णः साँच्चै, सोध्न हुने कि नहुने थाहा छैन । अन्यथा नलिनुहोला । बिनाजीले डिभोर्स किन लिनुभएको ?

बिनाः (इतरिएर) अब मन नमिलेर नि । यस्तो नि सोध्ने कुरा हो !

कृष्णः होइन, मन नमिल्ने कुरा चाहिँ के हुँदो रहेछ भन्ने चासो लागेको नि ।

बिनाः (विस्तारै) जनरल्ली समयको कुरो हुँदो रहेछ । म परेँ सामाजिक परिचालनको मान्छे । कहिले कता, कहिले कता पुग्नुपर्ने । ऊ राजनीति गर्ने मान्छे । उसका पनि आफ्नै कुरा । बाआमा छउन्जेल त ठिकै थियो । बाआमा देवरसित बस्न थालेपछि उसले मलाई घर हेर्न जागिर छोड् भन्यो । (अलिक रिसाउँदै) मैले पनि उँभो नलाग्ने तिम्रो बिना कामको राजनीति छाड भनेँ । के थियो ? कुरो बढ्दै गयो । छुट्टियो । इजी । (अलिक ठुलो स्वरले हाँस्छे ऊ । दायाँबायाँका मान्छेले हेर्छन् । ऊ निहुरिन्छे ।)

कृष्णः अनि, फेसबुकको ब्यानरमा बुढोसँगको फोटो किन नहटाउनुभएको नि ?

बिनाः (थोरै लरबराएको स्वरमा) हेर, कृष्ण, फर्स्ट अफ अल । यो औपचारिकता मलाई पटक्कै मन पर्दैन । तिमी हामी समकक्षी नै हौँ । मलाई तपाईँ, जी, हजुर गरेको मन पर्दैन । म तिमीलाई आजैको मितिबाट तिमी भन्छु । मलाई पनि भन्दा हुन्छ । (सानुमायातिर देखाउँदै) अनि यो कान्छीलाई पनि मैले सानु भन्ने गरेको छु । त्यस्तै भन्दा हुन्छ । (कृष्णले सानुमायातिर फर्केर हेऱ्यो । उसका रसिला आँखा अझ रसिला देखिएका थिए । ऊ मुसुक्क हाँसी र लाज मानेजस्तो गरी ।) (बिना केही सम्झेजस्तो गरी) अँ अनि तिम्रो जिज्ञासा । हामी लोग्नेस्वास्नी नभए नि हाम्रा छोराछोरीको बाउआमा त हौ नि । कस्तो मान्छे ? लोग्ने देख्नेले सँगै उभिएका छोराछोरी देखेनौ ?

कृष्णः (खासै बोल्ने कुरा नपाए जस्तो गरी) नाइस ।

बिनाः (कुर्सीबाट उठ्दै, कृष्णतिर ढल्किएर अलिक सानो स्वरमा) यो मु- स्थायी लोग्ने हुनुभन्दा नभएकै मज्जा रैछ । (कुर्सीमा बस्न खोज्दा लरबरिएर टेबल नै हल्लिन्छ । सानो प्लेटमा भएको बदामको केही गेडा टेबलमा पोखिन्छन् )

कृष्ण लाजले रातो बन्छ । सानुमाया पनि पल्लो टेबलतिर अनुहार फर्काउँछे ।

कृष्णः तिमीलाई रक्सी लाग्यो । खाना मगाउँछु है । (काउन्टरतिर फर्केर) दिदी खाना लगाऊ है ।

बिनाः यो लोग्ने भनेको, घाँटीमा लगाएको पोतेजस्तै गलपासो रहेछ । झुन्डिरहने । कुरिरहने । आशा गरिरहने । अनि स्याक्रिफाइस चाहिँ हाम्ले गर्नुपर्ने । छि ! (मुख बङ्ग्याउँछे ।) यो छि, लोग्नेमान्छेलाई होइन है । लोग्नेलाई हो ।

(खाना खाउन्जेल पनि बिना के के भटभटाइरहन्छे ।)

कृष्णः (सानुमायातिर फर्कंदै) बिनुलाई रक्सी धेरै लागे जस्तो छ । तिमीलाई (केही सम्झेजस्तो गरी) सरी तपाईँलाई ----

सानुमायाः (बिचैमा कृष्णलाई रोक्दै ।) इट्स ओके सर । यु क्यान से मि "तिमी" एन्ड आई अल्सो प्रिफर 'सानु' ।

कृष्णः (केही अकमकिँदै) तिमीलाई त लागेको छैन नि ?

सानुमायाः लाग्ने कुरा खाएपछि नलागेर भयो र ? बट म ठिक छु ।

खाना खाएर उठ्दा बिना पूरै लडखडाएकी थिई । एकै पटक आएर कृष्णलाई गम्लङ्ग अँगालो मारी उसले । कृष्णले अप्ठेरो मानेर सानुमायातिर हेर्‍यो । विस्तार समाएर उनीहरू कोठातिर लागे ।

"सानु, बिनुको कोठा नं कति रे ?"

"दुई सय तीन । मेरो एक सय दस ।"

"ए"

"म साथी आउन पर्छ ?"

"भो पर्दैन । तिमी आराम गर । म छोडेर आउँछु ।"

सानुमाया आफ्नो कोठातिर लागी । कृष्णले विस्तारै बिनालाई लिएर जाँदा, ऊ बेसुरमै के के बडबडाइरहेकी थिई । कोठासम्म पुर्‍याएर उसले बिनालाई खाटमा राख्यो । बिना ढोका लगाएर सुत्ने अवस्थामा थिइन । उसलाई दुइटीलाई एउटै कोठा नलिएकामा पछुतो लाग्यो । के गरौं भन्ने दोधारमा पर्‍यो । सानुलाई बोलाऊँ कि क्या हो ? फेरि सुतिसकेकीलाई के भनी बोलाउनु ? ऊ धर्मसङ्कटमा पर्‍यो । यत्तिकै कुर्सीमा बसेर मोबाइल चलाउन थाल्यो ।

करिब एक घण्टापछि बिना उठी । कृष्णलाई आफ्नो कोठामा देखेर झसङ्ग भई । रक्सीको नसा केही कम भए जस्तो भएको थियो । "आर यु राइट?" कृष्णले सोध्यो ।

"राइट ।" उसले जवाफ दिई । "ल, त्यसो भए म सुत्न जान्छु । ढोका लगाएर सुत ।"

कृष्ण हिँड्न खोज्यो । बिनाले उसको हात समाई । उसले अप्ठेरो मानेर हात छुटाउन खोज्यो ।

"तिमी मेरो साथी बन्छौ ?" लरबराएको स्वरमा ऊ बोली ।

"म अरू कसैको साथी हुँ ।" कृष्णले जवाफ दियो ।

"त्यस्तो घरको साथी त जसको पनि हुन्छ ।" उसले कृष्णको हातमा बल लगाई ।

"बट मलाई घरको साथी मात्रै प्यारो लाग्छ ।" कृष्णले बल गरेर हात छुटायो र भन्यो, "ढोका लगाएर सुत ।"

भोलिपल्ट बिहान घाम उदाउने समय पारेर कृष्ण बाहिर निक्लियो । सानुमाया पनि आई । दुवैले गुडमर्निङ आदानप्रदान गरे । "खोई त बिनु ?" कृष्णले सोध्यो ।

"सुतिरहेकी छिन् ।"

"अनि सूर्योदय नहेर्ने रे ?"

"सूर्योदयको कुरा ! ––– घुम्न त जान नसक्ने रे ! टाउको दुखिरहेको छ रे । मैले कागती पानी दिएर आएको ।"

"के गर्ने त हामी ?"

"कफी खाएर उकालो लाग्ने ।"

सूर्योदयको समय प्रायः मानिसहरू बाहिर निक्लिएका थिए । कोही ट्राइपोइडमा क्यामरा फिट गरेर बसेका थिए । कोही मोबाइल निकालेर हातमा लिइरहेका । फोटो क्लिक क्लिक खिचिरहेका थिए ।

डाँडाको बिचबाट विस्तार रातो सूर्य निक्लियो । सूर्योदय हेर्न बसेका मानिसहरूको अनुहार उज्यालोले चिनिने भएको थियो । माछापुच्छ्रे, अन्नपूर्ण, हिउँचुली हिमालको शिरमा रातो घाम देखिदा नयाँ नटल्काएको सुनको गहना जस्तो देखियो । विस्तार सूर्य डाँडाबाट माथि सर्दै जाँदा माथिल्लो भाग चम्किलो सुन र तल गाढा रातो मिस्सिएको जस्तो देखिएको थियो । कालो डाँडाहरू क्रमशः उजालिएर रूखहरू देखिन थालेका थिए । उनीहरू दुवै जना एक तमासले हिमालको फोटो मोबाइलमा उतारिरहेका थिए । सानुमायाले एक दुई सेल्फी पनि लिई हिमालको ब्याकग्राउन्डमा । "यहाँबाट धेरै हिमाल देखिने भन्ने मात्रै । माछापुच्छ्रे त सराङ्कोटबाट राम्रो देखिन्छ । गम्लङ्ग अँगालो मारौंजस्तो ।" कृष्णले मौनता तोड्यो ।

"हो है !" यति मात्र भनिन् सानुमायाले ।

मानिसहरू अझै फोटामा व्यस्त थिए, उनीहरू चाहिं कफी लिन रेस्टुरेन्टतिर लागे ।

घान्द्रुक सम्पदा बस्तीतर्फ लाग्दै गर्दा बाटोमा मानिसहरू गुरूङ पोसाकमा फोटो खिचिरहेका थिए । कृष्णले रमाउँदै लुगा मिलाइरहेकी गुरूङसेनीलाई भन्यो, "छ्याजल्लो है, दिदी । कसरी हो फोटो खिचेको ?"

"छ्याजल्लो बाबु, सय रूपैयाँ मात्र हो है लुगाको ।"

सानुमायाले फोटो खिच्न कर गरी । दुवैले गुरूङ पोसाकमा छुट्टाछुट्टै फोटो खिचे ।

"एउटा सँगै खिच न बाबु ।" दुवै जना घरको जस्केलोमा बसे ।

फोटो खिच्दै गुरूङसेनी दिदीले भनिन्, "आहा ! कति राम्रो जोडी । यो नानीले मेकअप गऱ्या भए अझ राम्रो हुने ।"

सानुमायाले लाज मानी । दुवै जना केही बोलेनन् । लुगा फेरेर दुवै उकालो लाग्न थालेका थिए ।

बाटोमा कृष्णले प्रसङ्ग निकाल्यो । "साँच्चै सानु, तिम्रो सर के गर्नुहुन्छ ?" सानुमाया झस्के जस्तो भई ।

"पढाउनुहुन्थ्यो कलेजमा ।" जवाफ दिई ।

"अनि अहिले पढाउनुहुन्न र ?"

केहीबेर अड्केर सानुमाया भन्छे, "खोई ?"

"मैले सोध्न नहुने कुरा गरें कि क्या हो ?"

"होइन होइन । तर हामी सँगै बस्दैनौं । एक वर्ष भो छुट्टिएर बसेको । सम्पर्कमा नभएपछि के गर्नुहुन्छ, थाहा हुने कुरो भएन ।"

"सरी ल ।"

"केही छैन ।" (बाटो छेउको पात चुड्दै) "मनको बह कसलाई कह ।"

"छाडिदेऊ त्यसो भए ।"

बजार लाइनको घरहरू सकिएका थिए । दायाँबायाँ तोरी झुलेको बारीलाई ढुङ्गाको

पर्खालले घेरेको थियो । बाटो माथि हिमाली जङ्गल देखिएको थियो । एउटा होचो पर्खालमा बस्दै सानुमाया बोल्न थाली ।

"जीवनको र मेरो लभ म्यारिज भएको हो । निकै राम्रो जोडी थियो हाम्रो । सबैले चखेवाकै जोडी भन्थे । घर पनि राम्रै चलिरहेको थियो । बिहा गरेको एक वर्षमा नै छोरा जन्मियो । छोरा तीन वर्षको भएपछि मोन्टेश्वरीमा भर्ना गरियो । मलाई दिउँसोभरि एक्लै बस्न झ्याउ लाग्न थाल्यो । उसको कलेज बिहान मात्र थियो । तैपनि दिनमा साथीभाइसँगको भेटघाटमै बित्थ्यो उसको समय । एक जना दाइले सामाजिक परिचालनको एउटा प्रोजेक्ट चलाउनुहुन्थ्यो । एक दिन जीवनसँग सल्लाह गरेँ । म पनि जाऊँ कि दाइको प्रोजेक्टमा भनेँ । उसले पनि सजिलै हुन्छ भन्यो । पहिला पहिला त ठिकै थियो । पछि गाउँ गाउँ हिँड्नुपर्ने काम, घर आउन ढिला हुन थाल्यो । ऊ रिसाउन थाल्यो । स्कुलमा छोरा लिन जान पनि झिँजो मान्न थाल्यो । कता कता शङ्का गरेजस्तो लाग्न थालेको थियो । हाम्रो झगडा पर्न थाल्यो । एक दिन त नराम्रै झगडा पर्‍यो । उसले मलाई के के भन्यो, त्यसको सीमा नै छैन । म पनि झोक चलेर स्याङ्जा आएँ त्यही प्रोजेक्टमा ।"

सानुमायाले अनायासै कृष्णको हात समात्न पुगी । उसका आँखाभरि आँसु थियो । कृष्णको अनुहारमा हेरी, ऊ पनि हठात उभिइरहेको थियो । आकाशमा बादल देखिन थालेको थियो । घाम आधा मात्र बादलबाट चिहाइरहेको थियो ।

विषयान्तर गर्न खोज्दै सानुमायाले भनी, "घाम पनि कस्तो लुकामारी खेलेको, जीवनको मोडमा लुकामारी खेल्न आइपुग्ने बुख्याचाहरूजस्तै ।"

"किन त्यस्तो भन्छ्यौ ? बुख्याचा जस्तो तर्साउने र मानिस जस्तो स्वार्थी त होइन नि घाम ।" कृष्ण बोल्यो ।

"तैपनि हामीले माया गरेजस्तै व्यवहार गरे हुने नि !"

"खै ! बादलभित्र लुक्नु पनि घामको केही बाध्यता होला नि त ।"

"त्यस्तै भए त हुन्थ्यो ।"

"एक पटक जाँचेको भए हुन्थ्यो नि ।"

"फुकेर भागेको राँगोजस्तै घरै नफर्केपछि के गर्ने र ?"

"आफूले पालेको राँगो माया त लागिहाल्छ नि ।"

"त्यसैले त पिरल्दो रहेछ नि ।"

एक छिनको सन्नाटापछि सानुमायाले अनौठोसँग कृष्णको अनुहारमा हेरी । "कृष्ण सर ! एउटा कुरा भन्छु मान्नुहुन्छ ?"

सानुमायाको प्रश्नमा कृष्ण नराम्रोसँग झस्कियो । उसलाई हिजो बेलुकीको बिनुसँगको घटना याद आयो । तैपनि उसले आँट गरेर सोध्यो, "के कुरा र ?"

"आज दिनभरिलाई तपाईं मेरो जीवन बन्दिनुस् न है । मलाई साह्रै न्यास्रो लाग्यो उसको । अन्यथा नलिनुहोला । म तपाईंको इच्छाबेगरको कुनै अपेक्षा राख्दिन ।" सानुमायाको अनौठो प्रस्तावले कृष्ण छक्क पर्‍यो । तैपनि एउटी नारीको खुसीको लागि ऊ अभिनय गर्न तयार भयो । बिनुको जस्तो चाहना त नराख्ली नि है, उसले मनमनै सोच्यो । तर म आफूलाई नियन्त्रण गरिहाल्छु नि, फेरि आफैसँग संवाद गर्‍यो ।

कृष्णले च्याप्प सानुमायाको हात समात्यो र तान्यो । ऊ हुत्तिएर उठी । "ल ल जिवु, के गरेको तिमीले ?" ऊ खितखिताएर हाँसी ।

सिँढीको बाटोमा दायाँबायाँ फुलेको तोरी हेर्दै उनीहरू निस्फिक्री हिँड्न थाले । थुप्रै फोटो खिचिए । बाटोमा भेटिएका घोडा र खच्चरसँग डराएर सानुमाया भागी कृष्णले उसलाई समाएर हिँड्यो ।

"हेर त जिवु, त्यो घाम पनि हाम्रो माया देखेर जल्दै कहिले बादलभित्र कहिले बादलबाहिर गर्दैछ ।" घाम देखाउँदै उसले भनी ।

"जल्नेवालो जलते रहेंगे, दो प्यार कर्नेवालो कभि ना डरेङ्गे ।" कृष्णले उसको हात समातेर सूर्यतिर देखाउँदै भन्यो ।

पुरानो घान्द्रुक बस्तीभित्र जाँदै गर्दा ठुलो भोटे कुकुरले घ्वाङघ्वाङ भुक्यो । सानुमाया डराएर कृष्णको छातीमा टाँसिई । कृष्णले बिस्तारै कपाल सुमसुमायो । "हामी त यस्तो कुकुर नपाल्ने है, बरु सानो पप्पी पाल्ने । सेतो पप्पी, लामो लामो भुत्ला भएको, काखमा लुटुपुटु गर्ने । छोरा पनि खुसी हुन्छ होला है ।" उसले भनी ।

"हुन्छ ।" मात्र भन्यो कृष्णले ।

सानुमायाको आँखा फेरि आँसुले भरिए । "किन रोएकी सानु ?"

"छोराको सम्झना आयो ।" उसले जवाफ दिई ।

फर्कँदै गर्दा बाटामा एउटा धारो देखियो । तुरतुरे धारो देखाउँदै सानुमायाले भनी, "त्यो धारो जति त रसाउँछ होला है तिम्रो मन ।"

उसले पर देखिएको छहरा देखाउँदै भन्यो, "रसाउन त ऊ त्यति रसाउँछ । के गर्छ्यौ लाटी त्यसले तिमीलाई नै बगाउँछ ।"

नजिकैको पाती टिप्दै ऊ बोली, "बगाए बगाओस् । सके पौडिन्छु नसके डुब्छु । साँच्चै रसाएको भए त्यही छहरामै हिँड्न पाए पनि हुन्थ्यो ।"

उनीहरू होटलसम्म आइपुगेको पत्तै पाएनन् । रेस्टुरेन्ट छिर्दासम्म दुवैको हात जोडिएको थियो । बिनु उनीहरूलाई कुरेर बसिरहेकी थिई । बिनुको आँखा उनीहरूमा पऱ्यो । अनौठोसँग दुवैको अनुहारमा हेरी उसले । कृष्णले हत्तपत्त हात छुटायो ।

दिनभरिको उनीहरूको बाँकी सेड्युल योजना अनुसार नै चल्यो । नयाँपुलको लागि जिप चढ्दै गर्दा बिनुले कृष्णको अनुहारमा व्यङ्ग्यपूर्ण तरिकाले हेरी । कृष्णले कुनै मतलब राखेन । बरु कृष्णले सानुमायासँग जीवनको नम्बर माग्यो । जीवन को हो भन्ने बिनुले बुझिनन् । न त को हो भनेर सोध्न नै चाही । किनकि बिनुको जीवनमा त कृष्णहरू आइरहन्छन् । कोही कृष्णमा नै सीमित हुन्छन् कोही हुँदैनन् । यो नौलो कुरा नै होइन ।

यो यात्रा सकिएको केही दिनमा नै कृष्णले काठमाडौं बेस्ड नयाँ प्रोजेक्टमा काम गर्न थाल्यो । एक दिन बेलुकी थाकेर घर छिऱ्यो । श्रीमतीजीले चिया र बिस्कुट छोडेर जाँदै गर्दा उसले फेसबुक खोल्यो । फेसबुकमा सानुमायालाई ट्याग गरेर एउटा फोटो अपलोड भएको थियो जीवनसँग, जीवनले नै अपलोड गरेको । ■■

कविता

# भावपूर्ण श्रद्धाञ्जली मेरा बा !



✍ **इन्दिरा चापागाईं**

जीवनका बर्खेझरीमा सदा ओत दिने
ग्रीष्मको हपहपीमा शीतल छहारी दिने
शारीरिक मानसिक बिसन्चोहरूमा
अचुक जडिबुटी सञ्जीवनी
कल्पवृक्ष जो थियो
गर्ल्याम्म ढल्यो

बिरामीमा मेरो निधार छामिरहने
हजार दुःख गरेर भाग्यरेखा कोरिदिने
ताते गर्दादेखि जीवनका उकाली ओरालीसम्म
मेरा हात समाइदिने
दह्रिलो हात
मैले "हट् घोडा हट्" खेल्ने गरेको प्यारो ढाड
मेरो छाना, माना र नाना
बोक्दा बोक्दा थाकेको काँध
मेरो उन्नति-प्रगति देख्न
बलिरहेका धमिला आँखा
सन्तानकै लागि समर्पित त्यो वृद्ध शरीर
पारिवारिक इतिहासको सशक्त धरोहर
डङरङ्ङ ढल्यो

पारिवारिक एकता र सद्भावको प्रतीक
आशा, भरोसा र ऊर्जाको दीप
प्रेम, सहयोग, सेवा र त्यागको पुञ्ज
इन्धन सकिएछ सायद
झ्याप्प निभ्यो

सन्तानका दुःख पीडा बिसाउने
र आपसी हाँसो खुसी मिसाउने
आरामदायी चौतारी
हरेक सन्तानको सुन्दर दर्पण
आयुमा ठोकिएछ सायद
झिरिप्प फुट्यो

मेरो ओत हरायो
मेरो छहारी बिलायो
मेरो सञ्जीवनी मऱ्यो
दह्रो हात झऱ्यो
प्यारो साथ छुट्यो
मेरो प्रेरणा फुट्यो
कुलको दीप निभ्यो
अन्धकार छायो
केवल अन्धकार !!
बैकुण्ठ बास होओस् तिम्रो मेरा बा !
भावपूर्ण श्रद्धाञ्जली मेरा बा !!

*हाल- सूर्यविनायक न.पा. ५, भक्तपुर ।*

www.kalpatarupub.com.np
मा 'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

कविता

# आज फेरि मनलाई निद्रा छैन



✍ **उज्ज्वलराज घिमिरे**

थाकेको शरीर सुस्ताउनलाई
सफा बिस्तरा छ,
रेसमको गद्दावाल
छातीमा टाँसेर भावनाको अधुरोपन मेटाउन,
न्यानो कम्बल छ, भुवादार

दिनभर यताउति बोकी हिंडेको,
भारी शिर अड्याउन
कोमल सिरानी छ, मलमलको

सबेरै उठ्नलाई
महँगो अलार्म ठिक्क छ
दौडी जानलाई
मन्दिरमा देउता चिटिक्क छ ।
पेट भर्न राखेको
पौष्टिक आहार आलै छ
कमाई खान काम, अड्डा सब बड्डा छन्
तर
आज फेरि मनलाई निद्रा छैन।

यो रङ्गिन दुनिया हेरेका आँखाहरू
थकित छन्; बन्द छन् ।
छाती ढक्क छ,
श्वास मलिन छन्; मन्द छन्
गलेका हात गोडा, लुला छन्
न बाझ्नलाई कोही नजिक छ
न बुझ्नलाई कोही नजिक छ
रातले बिर्सिसक्यो दिनलाई
आजले हिजोलाई बिर्से जसरी
जागा रहने कुनै कारण शेष छैन
तर...
आज फेरि मनलाई निद्रा छैन ।

हिजो जस्तै
यो कालो अँध्यारो रात पनि बितेर जाने छ
तिमी बिना मरिजान्छु भन्ने प्रेमचरीहरू पनि
अरूकै गुँडमा बच्चा कोरल्ने छन्

तिता अनुभवका सम्झनाले पनि एकदिन,
अपरिचितझैं आफैं बिर्सेर जानेछन्
ती यादहरूलाई ।

आधा जुनी पर्खेका पर्खाइहरू पनि
थाकेर एक्लै उकालो लाग्ने छन्
सपनाहरूले बाँच्न नसकी आत्मत्याग गर्नेछन्

अन्ततः थाक्नेछ सृष्टिकर्ता
अनि सुस्ताउने छ कसैका आडैमा
केही पललाई निदाउने छ ।

त्यस दिन सारा सृष्टि मर्ने छ,
समय पनि सकिने छ,
सबै निदाउने छन्...
साथी पनि शत्रु पनि

सब बुझ्दछ मन
तर
आज फेरि मनलाई निद्रा छैन ।

– *अस्ट्रेलिया ।*

अनुभूति

# आइओएमको त्यो झोला



✍ **जे. एन. दाहाल**

प्लास्टिकको एउटा सानो हाते झोला बोकी मैले समुद्रपारिको यात्रा गरेको तेह्र वर्ष पूरा भइसकेको छ । त्यसो त तेह्र वर्षको अवधिमा तेह्र सयौँ अनुभव आफैँले पनि अमेरिकी भूमिमा बटुलिसकेको छु । ती अनुभूति रोचक, आकर्षक, नौला र अचम्भित पार्ने खालका छन्, सम्झँदा अनुहारमा मुस्कान छाउँछ ।

२० वर्षे युवकको उदाउँदै गरेको पातलो दाह्री, दुई–चारपल्ट खौरिएको जुँगासहित चिल्ला गाला थिए । दुब्लो मान्छे– पाँच फिट ६ इन्च उचाइको म उभिएको छु– हातको त्यो प्लास्टिकको सेतो रङको २२×१८ इन्चको झोला बोकेर, जसमा लेखिएको थियो– 'आइओएम' । झोलाको बिच भागमा निलो रङले लोगो प्रिन्टेड थियो । लोगोको माथि र तल अङ्ग्रेजी अक्षरमा छापिएको छ– 'आइओएम' अर्थात् इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन । यस्ता झोला बोक्ने मान्छे प्रायः शरणार्थी हुन्छन्, नेपाल छाड्ने बेला हाम्रो पनि त्यही परिचय थियो– 'शरणार्थी' अर्थात् म सक्कली भुटानी शरणार्थी !

आइओएमको प्रोसेसमा पहिले 'फोटो र इन्टरभ्यु' भएको थियो । त्यसपछि दमक अफिसमा 'डीएचएस' र 'मेडिकल' पालैपालो भयो । अमेरिकी भूमिमा के गर्नुहुन्छ ? के हुँदैन ? भन्ने विषयमा ओरेन्टेसन नामक प्रशिक्षण लिएपछि मात्रै हाम्रो फ्लाइटको मिति तोकिएको थियो । आइओएमको प्रक्रियाअनुरूप हाम्रो प्रिमेडिकल अर्थात् उडानको अघिल्लो दिन स्वास्थ्य जाँच थियो । त्यो समय शिविर छाड्नुअघि शरणार्थीहरूले यी पाँच चरण पार गरेपछि मात्रै झापा या मोरङको आफ्नो शरणार्थी शिविरबाट आइओएमको झोला बोकी उड्न मिल्ने प्रबन्ध मिल्थ्यो । हो, मैले अर्थात् हामीहरूले यिनै प्रक्रिया पार गरी अमेरिकी भूमि टेक्न पाएका हौँ ।

लामो, सेतो रङको बसले तेस्रो देश पुनर्वास हुन चाहनेहरूलाई शिविरमै आएर दमक अफिस लैजान्थ्यो, बेलुका फेरि शिविर फर्काई ल्याउँथ्यो । प्रत्येक पल्ट कसको पुनर्वास प्रक्रिया कहाँ पुग्यो भन्ने आफ्नो परिवारको एनपी नम्बरसहित शिविर नजिकैको रूखमा टाँसिन्थ्यो । चारपल्ट बसमा ओहोरदोहोर गरेपछि प्रिमेडिकल, अर्थात् पाँचौँ चरणको प्रक्रिया दमकको आइओएम अफिसमा सकियो अनि मात्रै हामी उड्न पाउने भयौँ । सम्झना ताजै छ प्रिमेडिकल सकेको भोलिपल्टै झापाबाट फ्लाइट थियो, गोलधाप शिविर छाड्ने बेला बसमा उठाएका हाम्रा ठुला, लाम्चा आकारका दुई वटा सामानका झोला थिए, जसमा लेखिएको थियो एनपी नम्बर– डबल वान एटजिरो फायब नाएन ।

झरीले स्वागत गरेको जुन महिनाको ५ तारिख आइओएमको बसमाथि हुटतिर हुऱ्याएका ती दुई झोलामा हिजोजस्तो शरणार्थीलाई दिने प्रतिव्यक्ति ५ केजी ६०० ग्राम चामल, ५०० ग्राम दाल र ५० ग्राम नुन थिएन । त्यहाँ त पिताजीले आफ्नै मजदुरीले किनेको एउटा भारतीय कम्पनीको प्रेसर कुकर, केही थान कपडा, जुत्ता, चप्पल र एउटा नयाँ हलुङ्केको कहराइ थियो । त्यसबाहेक उहाँका केही धार्मिक पुस्तक, शालिग्राम, पञ्चपात्रा र तिलक श्रीजस्ता चन्दन थिए । सरल भाषामा म यसो भन्न सक्छु– बिस केजीसम्म लैजान मिल्ने झोलाको वजन पन्ध्र केजी पनि पुगेको थिएन । झरीले स्झाएको त्यस दिन अन्योलमै बसको सिटमा बसेका हामीहरूले आफन्तहरूलाई हात हल्लाएका थियौँ ।

आइओएमको सेतो बसले पहिले झापाको चन्द्रगढी एयरपोर्ट लैजान्छ । त्यसपछि नै म यति एयरलाइन्सको सानो प्लेन चढ्दाको पहिलो सुखद् अनुभूत गर्छु । त्यहाँ केही नौलो र केही अनौठो अनुभूति पनि हुन्छ, नजिकबाट प्लेन राम्ररी नदेखेका हामी शरणार्थीहरू अहिले प्लेनकै सिटमा ढलिमली गरिरहेका छौँ ।

त्यस घडी भाग्यमा राम्रै लेखेकै रहेछ भन्ने मलाई लाग्छ । तर, भाग्यमानीका र दीनदुःखका छुट्टै कथा छन्– आइओएमको झोला कसैले त्यसै बोक्ने अवसर कहाँ पाउँछ र ? भुटानबाट लखेटिएर शरणार्थी शिविरमा डेढ दशकमाथिको बसाइमा हामीले कति महिना भोक हडताल गऱ्यौँ ? कतिपल्ट मेची पुलसम्म पिस मार्च गऱ्यौँ तर स्वदेश फिर्तीको सपना कहिल्यै सार्थक हुन सकेन । प्रत्येकपल्ट भारतले बाटो नदिने, भुटानले स्वसम्मान आफ्ना नागरिक नलिने । शरणार्थी नेतृत्व पक्षको आपसी मतभेदजस्ता विविध राजनीतिक कारणले परिणाम शून्य निस्कियो र निस्किरह्यो ।

त्यसपछि नै हो, मजस्तै एक लाख जति भुटानीले शरणार्थीका रूपमा तेस्रो देश पुनर्वासको यो आइओएमको झोला भिरेको । त्यो समय हाम्रा लागि आइओएमको झोला भिर्नु बाध्यता थियो । तेस्रो ढोका रोज्नु एक विवशता थियो । डब्लूएफपी अर्थात् 'वर्ल्ड फुड प्रोग्राम', 'यूएनएचसीआर', 'लुथ्रन'जस्ता संस्थाले अन्न र कपडा दिएको थियो, जसकारण हामी झापा र मोरङका शिविरहरूमा लाज छोपी उभिन सकेका थियौँ ।

शिविरका आ–आफ्ना छाप्राबाट हाम्रा अभिभावकले अभावका ती दिनमा कति सङ्घर्ष गरे, हिसाब छैन । उनीहरू केही धान रोप्न, मल बोक्न, चियाको पत्ती टिप्न, केही बालुवा छान्न, इँटा बोक्न, धान काट्न, बोर्डिङमा पढाउनलगायत सिपअनुसारका काम गर्थे । परिचय लुकाएर, स्थानीय मजदुरभन्दा न्यूनतम ज्यालामा उनीहरूले गरेको अभिभावकीय दायित्वको म यिनै शब्दहरूबाट सम्झना र सलाम गर्छु ।

कता कता बादलमा हल्लिँदै गर्दा, यति एयरलाइन्सकी एयर होस्टेजले दिएको ललीपप बिलाएको केही बेरमा काठमाडौँ ओर्लिन्छौँ । आँखा त्यहाँका प्लेनतिर वरपर घुमाउँदै गर्दा त्रिभुवन एयरपोर्टभित्रै फेरि उस्तै आइओएमको सेतो गाडी हामीहरूलाई उठाउन आउँछ ।

काठमाडौं बाँसबारीमा तीन दिन होस्टेलको बसाइ मलाई सुखद् लाग्छ । बिहान दिएको खाना खानु, अन्य शिविरकासँग परिचित हुनु, दिउँसो घाम ताप्नु, फेरि बेलुकी लाइन लागेर स्टिलको खण्डेथालमा खाना थापी खानु दैनिकी चल्छ । बाँसबारी बसाइको अन्तिम दिन फेरि आइओएमको सेतो बसमा चढ्छौं । त्यही समय दिइएको हो 'आइओएम लेखिएको यो सानो हाते झोला' ।

अमेरिका उड्ने उक्त यात्रा सन् २०१० जुन आठ तारिखको हो । त्यो समय आइओएमका कर्मचारीले उक्त झोला आफू पनि नखोल्नु र कोही अन्जानलाई पनि नदिनु भनेका थिए । त्यही नियम पालन गर्दै बोकेको थिएँ मैले त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टको टर्मिनलमा बसिरहँदा पनि उक्त झोला । मेरो हातमा आफ्ना तीनओटा बोर्डिङ पास छन् । तिनमा अङ्ग्रेजीमा लेखिएको छ, 'काठमान्डु टु दिल्ली, दिल्ली टु ब्रसेल्स (बेल्जियम)' र 'ब्रसेल्स टु न्युयोर्क' ।

टर्मिनलबाट बिस्तारै जेट एयरवेज ठुलो पखेटा भएको इन्डियन प्लेन चढ्छौं । प्लेन लामो, चौडा र यति एयरलाइन्सको भन्दा फरक थियो । प्लेनमा मैले आफैं लम्किएर माथिको होल्डरमा आइओएमको झोला जतनसाथ राखें । झमक्क साँझ परेको समय प्लेन उड्यो । ठुलो प्लेन उड्दा धेरै हल्लिँदो रहेनछ । पाँच मिनेट जति धावन मार्गमा कुद्यो र सरक्क उठेर उड्यो । आकाशमा उडिरहेको समय गोलधापको १८×१२ फिटको गिलाइँटा र बाँसले निर्मित छाप्रो मेरो आँखामा छाउँछ । तर, प्लेनको सिसामा त्यो देखिँदैन ।

अमेरिका, अस्ट्रेलिया, युरोपका देशमा उड्नुअघि शिविरको अठार वर्षको कष्टकर र जोखिमपूर्ण जीवनको हिसाब फाल्टै छ । त्यहाँ बस्दा आगलागीको जोखिम, वर्षा हुँदा खोला बाढीको डुबान र हुरीले छाप्रो लडाउने जस्ता अभावका कति दिन व्यतित गरियो हिसाब छैन । आज फर्केर शिविरलाई हेर्दा ती सङ्घर्षपूर्ण र कठिन दिन कसरी झुल्कन्थे र हामी कसरी बिदा गर्थ्यौं मलाई सम्झँदा अचम्म लाग्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टबाट हिँडेदेखि जेट एयरवेजमा भण्डारी, बानियाँ, घले र दाहाल यस यात्रामा सँगै छौं । प्रत्येकको आफ्ना अघि टीभी स्क्रिन छ, प्लेनमै दिएको सल ओढी बसेको छु म । काठमाडौंबाट उडेको तीस मिनेटपछि खाना दिइयो । एल्मुनियमको सानो ट्रेमा खाना, सब्जी, गुलियो गुलाब जामुन, क्रिमर, भुक्के प्लास्टिकको स्पोन थिए । आहा, स्क्रिनको मुभी हेर्न रोकेर याद गरें । नौलो यात्राको खानाका स्वाद पनि नयाँ लाग्थे ।

प्लेनको ढोका गेटमा जोडिनासाथ झोला झिक्न लम्किन्छन् यात्रुहरू । म पनि तान्छु मेरो त्यो हाते झोला । झोला लिएर जहाजको गेटबाट निस्कने बित्तिकै अघिल्तिर लेखिएको थियो, इन्दिरा गान्धी इन्टरनेसनल एयरपोर्ट । एयरपोर्टको टर्मिनल नजिक सिसाबाट बाहिरका दृश्यमा नेपाल एयरलाइन्स, जेट एयर र ब्रिटिस एयरलाइन्सजस्ता ठुला हवाईजहाज देखिन्थे ।

त्यसरी नै दिल्लीबाट जेट एयरवेजमा बिहानको दुई बजे हामी उड्यौँ । प्लेन फेरियो, तर इन्डियन खाना उस्तै र टीभी हेर्ने स्क्रिन उस्तै छ । एयरपोर्टका कर्मचारी यतायता भन्दै गेटबाट निस्कँदै गर्दा निर्देशन गर्छन् । ब्रुसेल्सको एयरपोर्टमा सेकुरेटीको गेट पार गरी भित्र पस्यौँ । त्यहाँ जुत्ता, मोजा, पेटी खोल्नुपर्ने रहेछ । आमा र बहिनीले लगाएका चुरा पोते भए ती पनि खोल्नुपऱ्यो ।

तीन घण्टाको पर्खाइपछि ब्रुसेल्सदेखि अमेरिकासम्म अर्को प्लेन चढ्यौँ । ठुलो प्लेनमा उस्तै अनुभूति हुँदो रहेछ– 'कतै सेतो बादल देखिने, कतै समुद्रको पानी नजिकैबाट उडिरहेका छौँ भन्ने लाग्ने अनुभूति हुँदै थियो ।' उत्रनुअघि तातो बाफ उडिरहेको कपडा ल्याएर एयर होस्टेजले दिए । त्यो के कामका लागि हो हामीलाई थाहा थिएन । नजिकका यात्रीहरूले आ–आफ्नो अनुहार पुछे, मैले पनि त्यही सिको गरेँ ।

हामी न्युयोर्क अमेरिका उत्रन्छौँ । पालैपालो घले, भण्डारी, दाहाल र बानियाँ परिवारले एयरपोर्ट अफ इन्ट्रीका कर्मचारीलाई त्यो आइओएमको हाते झोला दियौँ । आफू पनि नखोल्नु र कोही अन्जानलाई पनि नदिनु भनिएको झोला ती गोरा कर्मचारीले खोतली हेरे । आवश्यक कागजपत्र झिकी स्क्यान गरे ।

बालक, वृद्ध, युवक, युवती एक एक गरी पालैपालो फोटो खिचे । सिसाको स्केलमा दसै औँलाको औँठाछाप पनि लिए । उनले आइओएमको झोला खोल्दा मात्र थाहा लाग्यो, त्यहाँ परिवारको विवरण, ट्राभल्स डकुमेन्ट, छातीको एक्स–रे र स्वास्थ्य जाँचका अन्य केही कागजपत्र रहेछन् ।

न्युयोर्कका इमिग्रेसन अफिसरले हाम्रो कानुनी कागजपत्रमा स्टेम्प लगाई ट्राभल्स डोकुमेन्ट अर्थात् आई–९४ फिर्ता दिए । त्यसमा मैले ध्यानपूर्वक हेरेँ, 'हाम्रो फोटो, नाम, जन्ममिति र भुटान देशको नागरिक' भन्ने लेखिएको थियो । ट्राभल्स डोकुमेन्टको अवधि एक सालको र 'पोर्ट अफ इन्ट्री न्युयोर्क जुन ९ तारिख सन् २०१०' छाप लगाइएको थियो ।

नेपालदेखि बोकेर अमेरिकासम्म ल्याएको आइओएमको झोला नै हाम्रो पासपोर्ट थियो । अन्य यात्रीहरू भन्दा भिन्न यो झोला शरणार्थीहरूको एक बिम्ब हो । अहिले सम्झँदा अचम्म पनि लाग्छ, एक शिविरबाट दोस्रो शिविरसम्म नपुगेका केही पैतालाहरू जहाजमा उडेर अमेरिका पुगे, केही पैतालाहरू क्यानडा पुगे र केही पैतालाहरू नर्वे, डेनमार्क र अस्ट्रेलियातिर सङ्घर्ष गर्दै छन् । ■■

– *अमेरिका ।*

पुस्तक–पत्रिका मागेर होइन किनेर पढौँ ।
लेखक–सम्पादकहरूको मिहिनेतको कदर गरौँ ॥


कृति समीक्षा

# 'ब्युँझिएपछि' मा वसन्त रिजालका कविताहरू



✍ **सानुराजा श्रेष्ठ 'अन्जान'**

कवि सिर्जनामा अभ्यस्त रहँदा अक्षरसँग खेल्ने गर्दछ । अक्षरबाट शब्द र शब्दहरूको सुन्दर संयोजनबाट बृहत् अर्थलाई बोकेर कविताको प्रारूप तयार गर्दछ । यस कृति ' ब्युँझिएपछि'का कवि/सर्जक वसन्त रिजाल, तिसको दशकमा उदाएका एक सिर्जनशील साहित्यकार हुन् । कवि रिजालले 'ब्युझिएपछि' कविता कृतिमा अत्यन्त सरल भाषाशैलीमा बोधगम्य जीवनका भावहरूसँगै तीक्ष्ण




राजनीतिक चेतनाका अधिकांश कविताहरू समेटेका छन् अर्थात् यसमा समाज हुँदै देशलाई डोऱ्याउन/सम्बोधन गर्न गराउन सिर्जेका कविताहरूमा आमजनताका मागहरूलाई उनेका छन् ।

कवि रिजाल प्रगतिशील आधुनिक कविता लेखन–आकाशको एक उज्ज्वल नक्षत्र हुन् । कविता लेखनमा एक युग बिताएका उनले देखेपछि भोगेपछि उब्जेका भावहरूलाई शब्दमालामा उनेर पाठकसामु पस्कने गरेका छन् । तीन दशक लामो उनको कविता लेखनका प्रतिनिधित्व गर्ने ६४ थान कविताहरूको सँगालो 'ब्युँझिएपछि'मा स्वत्व र समाजमा घटित घटनाहरूप्रति व्यङ्ग्यचेत र समचेतनासहितका कुराहरू अभिव्यक्त भएका पाइन्छन् ।

विभिन्न कालखण्डमा लेखिएका र प्रकाशित भएका कविताहरूको यो कवितासङ्ग्रह प्रकाशनको क्रममा पहिलो हो । देश, काल, समय र परि स्थितिले घोच्ने भए तापनि परिस्थितिजन्य अपवाद हुनसक्छ ।

वास्तवमा प्रेमको आग्रह, विद्रोहको आगो, राष्ट्रप्रतिको उत्तरदायित्वले कविलाई थङ्थिलो पार्ने गर्दछ । उनको कविताका हरफहरूमा कति उकुसमुकुस र प्रसव वेदना बोकेर सर्जक/कविहरू बाँच्ने गर्दछ भन्ने प्रमाण यस कृतिले दिन खोजेको छ, ती पीडाग्रस्त भावुक र छियाछिया मुटुबाट सिर्जेका कविताहरूमा हाम्रा मार्मिक कथा कहिएका छन् ।

'ब्युँझिएपछि' का कवितामा सरल भाषा, शैली र प्रस्तुतिका विविध

आयामका बारेमा चिरफार गर्दै शार्दूल भट्टराई लेख्नुहुन्छ, "विषयवस्तुविना कविताको सिर्जना हुनै सक्दैन । विषयवस्तुबाटै सिर्जनाको प्रारम्भ हुन्छ । कवि वसन्त रिजालको यस सङ्ग्रहका कविता खास विषयवस्तुहरूमा आधारित छन् । उनका कविताहरू सामाजिक सरोकार र राजनीतिक विसङ्गतिहरूसँग सम्बन्धित विषयहरूमा केन्द्रित छन् ।"

*तिम्रा केही सहकर्मीहरू कालकोठरीमा*
*बन्दी बनाइएका छन्*
*तिमीप्रति सबैको आशा छ,*
*सबैको विश्वास पनि छ*
*सबै भन्दै छन्*
*तिमी आएपछि -*
*केही न केही अवश्य नै हुन्छ ।*
(आगमन, पृ.१९)

देशको तत्कालीन अवस्थालाई वा भनौं देश अग्रगामी दिशामा नहिँडेसम्मको त्यो अदृश्य चिजको खोजमा पर्खिरहेका कविले यसरी विभिन्न बिम्बहरूबाट विभिन्न अवस्थालाई गतिदिन आगमन कवितामा मनमा आएका भावहरू पोखेका छन् । जसको अभावमा खानामा नुनको स्वाद नहुनु, फूलमा वासना नहुनु, पाटीपौवा, चौतारी र देश नै शून्यशून्य महसुस भएर त्यो तत्त्वको व्यग्र प्रतीक्षामा बसेको बुझिन्छ ।

कविता परिभाषामा अन्तर्निहित रहने विधा हैन । न कसैले बाँधेर बाँधिने नै हो । यो ब्रम्हाण्डजस्तै विराट् र सागरजस्तै अन्तहीन हुन्छ, स्वतन्त्र हुन्छ । कवि वसन्त रिजालका कविताहरू आफ्नै शैलीमा लेखिने कविता शिल्पजस्तै व्यापक रहेकामा कुनै शङ्का छैन । अतः कविता स्वतन्त्रतामै जन्मने-हुर्कने कला हो, सत्यम् शिवम् सुन्दरम् हो भन्ने विभिन्न कविताका उद्धरणबाट पनि प्रस्ट हुन आउँदछ ।

अर्को कविताले उनको मनस्थितिको बिगुल फुकेको पाइन्छ । प्रगतिशील र दीर्घकालीन रूपमा आफ्नो र देशको उर्वर समय आएको देख्न चाहन्छन् उनी । जनता र देश हाँसेको, सम्पन्न र समृद्धि छाएको विपनामा देख्न चाहना कवि यसरी उद्वेलित हुन्छन् -

*सपनाबाटै बन्द विपना*
*पूरा भएन भन्दैमा*
*सपना देख्नै छाडूँ ?* (पृ. २०)

*मेरो दृढ विश्वास छ*
*सपना पूरा हुन्छ, विस्तारै पूरा हुन्छ*
*पाक्नुपर्छ समय*
*थाक्नुहुन्न मान्छे*
*होस्टेमा हैँसे गर्नुपर्छ*
*हल्लाएरमात्र हुँदैन*
*उखेल्न धापको किलो*
*तातेपछि नै चुट्नु पर्छ फलाम ।*
(सपना, पृ. २१)

समग्रमा यो सपना कविताले आम भुइँमान्छेको देशप्रतिको चाहनालाई प्रतिनिधित्व गरेको पाइन्छ । असल सपना मिलेर देख्नुपर्दछ । सत्ताका दासहरू, रङ बदल्ने छेपाराहरू र स्वार्थीहरूको सङ्गत गर्नु हुन्न जस्ता सन्देश बोकेर लेखिएको सपना कविता 'ब्युँझिएपछि' कवितासङ्ग्रहको एक उम्दा कविता हो ।

सरल, मिलनसार, मानवताका पक्षधर र सबैको कुरा सुनिदिने असल व्यक्तित्वका

वसन्त रिजालको यस सङ्ग्रहभित्रका कविताका शीर्षकहरू ओठले पढ्नु र कानले सुन्नुमा कति महको मिठास घुल्दछ भन्ने थाहा पाउन एक पटक सरसर्ती पढ्नै पर्ने हुन्छ कविताका पारखीहरूलाई ।

यसरी पढ्दै जाँदा कवि वसन्त रिजालका अधिकांश कविताहरू देशप्रेमले ओतप्रोत पाइन्छन् । तपाईँ हाम्रा दैनन्दिनी समस्या समाधानका लागि प्रतिनिधि कविताहरू लेखेका छन् । उनका सिर्जनाले चिच्याई चिच्याई दुःखी, लुटिएका, थिचिएका र प्रताडित वर्गको मागलाई प्रस्तुत गरेको छ । कविताहरू क्लिष्ट भएको; सरल, कलात्मक र बोधगम्य नभएको भन्ने कविताप्रेमी बिच चर्चा छ तर आजको अवस्थामा पनि कवि वसन्त रिजालका कविताहरू सरल सुललित, मानवतावादी तथा भाषिक कलाको अपूर्व संयोजन भएका छन् । उनका कविताहरूमा धेरैजसो विसङ्गत मानसिकता र स्वार्थले व्याप्त समाजको विविध देनबारे यसो भनिएको छ–

*साबुन लगाएर छालाभित्रको मैलो*
*आफ्नो आफैँले निकाल्न मन लाग्यो*
*मलाई असल नेपाली बन्न मन लाग्यो ।*

*कसैले उपहार दिए*
*कसैले उपहास दिए*
*जोसँग जे थियो, तिनीहरूले त्यही दिए ।*

(उपहार–उपहास, पृष्ठ ६६)

सहिदद राष्ट्र/माटोको लागि कहिल्यै पनि हारेर हार नस्वीकार्ने अन्यायका लागि अगाडि बोलीको पर्खाल भएर ठडिएका प्रतीक हुन् । त्यतिवेला समयले रगत माग्यो र सहजै रगत दिएर सबैको प्रिय ऊ अन्त्यमा आफैँ ढल्यो ऊ प्यारो सहिद भयो । त्रास सन्त्रास कवितामा यसरी कविले भावना व्यक्त गरेका छन्–

*अरूलाई ढालेपछि*
*ऊ सगरमाथाझैँ ठडियो*
*त्यहाँ उसलाई ढाल्न खोज्नेहरू पनि थिए*
*तर कसैले ढालेर ढल्ने खालको थिएन ऊ*
*ऊ सबैका लागि जीवन्त थियो*
*ऊ थियो– एउटा प्यारो प्यारो सहिद ।*

(त्रास सन्त्रास, पृष्ठ ८६)

यो धर्तीधरामा गरिब भएर बाँच्नुको सुख र धनी भएर बाँच्नुको पीडा आआफ्नै हुन्छ । कवि सधैँ उत्पीडित वर्ग, निर्धन मानिस र समाजको प्रतिनिधित्व गर्दछ भन्ने यस कवितासङ्ग्रहले छर्लङ्ग पार्दछ । त्यसो त परिचय आवश्यकता नरहेका र सक्रिय सचेत कवि वसन्त रिजालका बारेमा वरिष्ठ डा. ऋषिराज बरालको भनाइ पनि यहाँ उल्लेखनीय नै छ, "कविता लेखनमा तीन दशकको यात्रा पार गरेका वसन्त रिजाल साहित्यिक फाँटमा प्रगतिशील कविका रूपमा चिनिन्छन् । आफूले देखे भोगेका सामाजिक जीवनका राजनीतिक, सांस्कृतिक, विकृति विसङ्गतिप्रति आलोचनात्मक चेतकासाथ व्यङ्ग्यात्मक प्रहार गर्नु कवि रिजालको विशेषता हो ।"

अन्ततः 'ब्युँझिएपछि' कवितासङ्ग्रह के कस्तो छ त ? भन्ने जिज्ञासालाई पढ्ने पाठकहरू स्वयम्ले महसुस गर्ने कुरामा विश्वस्त हुन सक्छौँ । अतः पाठकहरूलाई यो जिम्मा सुम्पँदै यथोचित प्रतिक्रियाको अपेक्षासहित यहीँ बिट मार्दछु । इति ! ■■

कविता

# मानवताको देहान्त



**रश्मी भट्ट**

दया, माया र पवित्रताबाट झरेपछि
मान्छे, न मान्छे रहन्छ,
न त पशुको कोटिमा
कैयौं अकालहरू आजकाल सहजै
सकालमा परिणत हुन थालेका छन्
हजारौं मिथ्याहरू पुज्य र
अकाट्य सत्य हुन थालेका छन्
दुःख र रोदनको मूल्य त छँदै छैन
कस्तै मानवमृत्युले पनि
मान्छेका परेली भिज्न छाडेको छ
हुन त, संवेदना नै कहाँ हुन्छ र ?
मुटुहरू इस्पातमा साँटिएपछि
मान्छेहरू पत्थरमा अनुवाद भएपछि ।

आँखाबाट समुद्र नै पस्किए पनि
कसैले भन्ने छैन–– अब कसैलाई
दुःखी र द्रवित किन छौ तिमी ?
किन आँसु बगिरहेका छन्
तिम्रा ती कोमल नयनहरूबाट ?
म केही सहयोग गर्न सक्छु कि ?
कसैले रोएर प्रार्थना गर्दैमा
मन पग्लन्न कसैको
विरलै पग्लिएर पानी हुनेले पनि
मृतात्मालाई फर्काउन सक्दैनन्
अझै पनि अमृतको घडा त
देवताहरूकै हातमा मात्र छ
राक्षसहरूको बस्तीमा कहिल्यै
ओर्लनै चाहँदैनन् उनीहरू
न सञ्जीवनीको बुटी नै छ
हामी कोही कसैसँग
शोकाकुल आमाबाबुको
खुसी फर्काउन ।

सत्यलाई असत्यले
विजय गरेको समयमा
धेरै धेरै मानिसहरूलाई
सत्कर्म, सत्धर्म तितो लाग्न सक्छ
युद्ध र हिंसाले
विजय मनाइसकेको परिवेशमा
धेरैभन्दा धेरै मान्छेहरूलाई
मानवकै मासु मिठो लाग्न सक्छ
अझै, अझै यी सबै कुराभन्दा
मान्छेबाट मानवता नै
मरिसकेको बेला
मानव स्वयम् आस्तित्वहीन लाग्छ
देश अन्धकारमय लाग्छ
संसार, उजाड र उद्देश्यहीन लाग्छ
असल, असल भनिएका मनुष्यहरू पनि,
साँच्चै, साँच्चै यतिबेला त
मरे, मरेकै जस्तै जस्तै वा
मर्नु र बाँच्नुको दोसाँधमा
उभिइरहेजस्तै लाग्छ ।

*– अमेरिका ।*

लघुकथा

# भ्युज



**ईश्वर पोखरेल**

चर्चामा थिई- रजत । उसको गीत र अभिनयलाई धेरैले सराहना गरेका थिए । उमेरदार त ऊ थिई नै; राम्री पनि थिई ।

भनिरहनु परोइन; रजत हामी धेरैको चासोमा थिई ।

र, एउटा युट्युबरले स्टोरी बनायो 'रजत र यत्नको रोमान्सको बारेमा ।'

स्टोरी रुचिका साथ हेरियो/पढियो ।

भ्युज पनि राम्रै देखियो ।

केही पछि स्थलगत रिपोर्टिङका तस्बिरहरूसहित अर्काले हल्ला चलायो 'रजत र शास्त्रको डेटिङको ।'

यसमा पनि भ्युज राम्रो आयो ।

पछिल्लो खेप मृदुल र रजत 'लिभिङ् टुगेदर'मा रहेको चर्चा युट्युबमा छायो ।

भ्युजबाट राम्रै कमाइ भयो रे भन्ने सुनियो ।

समयक्रममा रजतको गीत र अभिनयको बजार डाउन भएछ । देखिन छाडी ।

चर्चाबाट पनि ऊ ओझेल परी ।

लाग्यो, 'रजतको विवाह भएछ क्यारे । अब छोराछोरी स्याहार्न लागी होला ।'

धेरैपछि हिजो एयरपोर्टमा देखें रजतलाई ।

उसको हँसिलो अनुहार कसरी विस्मृत हओस् !

एक्लै थिई ।

कसोकसो नजिकै पुगेंछु । बोलुँबोलुँ लाग्यो । सोधें- "एक्लै ? खोई त छोराछोरी ??"

झन्डै पड्काइन !!

युट्युबरको यावत् हल्ला/प्रयत्नका बाबजुद रजतको बिहे भएकै रहेनछ । ■■

**लेखकहरूमा अनुरोध**

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौं ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।

Email : navarajpudasaini@gmail.com

# दिव्य गिरीसँगको कुराकानी

*लघुकथा अभ्यास 'विलोम'को दसौँ संस्करण २०८२ मङ्सिर १७ गते सम्पन्न भयो । यसपटकको भेटघाट महालक्ष्मी, ललितपुर निवासी आख्यानकार एवम् कवि दिव्य गिरीसँग उहाँकै निवास टीकाथली, ललितपुरमा भएको हो । लघुकथाकेन्द्रित कुराकानी गर्ने क्रममा यस अभ्यासअन्तर्गत स्रष्टा गिरीसँग झन्डै तीन घण्टा नेपाली साहित्य र विशेषतः लघुकथाको विगत, वर्तमान र भविष्य तथा अन्य विविध विषयमा समेत छलफल गरियो ।*



*यसपटकको अभ्यासमा श्री गिरीसँग लघुकथाका हकमा लघुकथा के हो र कस्तो हुनुपर्छ ? लघुकथा लेखनको विगत र वर्तमान एवम् लघुकथा लेखनमा देखापरेका पछिल्ला प्रवृत्ति तथा लेखनको धार, लघुकथाले समेटेका विषय, लघुकथाको स्तरीयता तथा लघुकथाको भविष्यसमेत लघुकथाका विविध विषय र उनको लेखनका बारेमा समेत विस्तृत कुराकानी भएको थियो । सो कुराकानीको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।*

**को हुन् दिव्य गिरी ?**

दिव्य गिरी विशेष गरी कविता, मुक्तक, कथा, लघुकथा, गजल आदि लेखनमा विगत आधा शताब्दीदेखि सक्रिय नेपाली साहित्यमा सुपरिचित नाम हो । वि.सं. २०११ कार्तिक ७ गते, ललितपुरमा जन्मेका गिरी काठमाडौँ उपत्यकाका रैथाने हुन् ।

२०२९ सालदेखि कविता लेखन प्रारम्भ गरेका र सोही वर्ष तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा कविता प्रेषित गरी प्राप्तिको जानकारी समेत हात पारेका उनको सार्वजनिक साहित्यिक यात्रा २०३२ साल फागुन २ गतेको 'संरक्षक' साप्ताहिकमा 'गुलाफ रहेछ कागजको' शीर्षकको कविता प्रकाशित भएपछि प्रारम्भ भएको हो । २०३६ सालमा अभिव्यक्तिको पूर्णाङ्क २१ मा प्रकाशित 'रहर' शीर्षकको कथा, २०३७ सालमा 'पूर्वार्द्ध' गोजी पत्रिकामा प्रकाशित 'खेल' शीर्षक लघुकथा प्रकाशित आख्यानतर्फ प्रकाशित प्रथम रचना हुन् ।

**गिरीका साहित्यिक कृतिहरू**

- प्रकाशित कृति सङ्ख्या : एघार

**आख्यान**

- अनामिका (कथासङ्ग्रह, २०६१)
- भेडीगोठ र भेडो (लघुकथासङ्ग्रह, २०७३)
- पुत्लादहन (लघुकथासङ्ग्रह, २०७८)
- ईश्वरको अनुहार (कथासङ्ग्रह, २०८०)

**काव्य**

– कङ्काल बस्ती, (२०३८) र स्वप्निल शिविर, (२०६४) मुक्तकसङ्ग्रह
– सागर, लहर, किनार (गजलसङ्ग्रह, २०५४),
– हराएका इलाकाहरू (कवितासङ्ग्रह २०७३),
– धुनी तापेर, (२०६१) र भुइँकुहिरो, (२०७८) हाइकुसङ्ग्रह ।

**संस्मरण**

– सम्झनामा शकुन्तला (२०७६)

◆ साहित्यिक पत्रिका र पुस्तकको सम्पादन,
◆ विभिन्न पुरस्कार/सम्मान प्राप्त,
◆ विभिन्न साहित्यिक संस्थामा आबद्ध,
◆ सडक कविता क्रान्ति २०३६ मा सहभागी ।

**आख्यानकार एवम् कवि दिव्य गिरीसँगको 'विलोम' वार्ताका केही अंशहरू**

**हामीलाई यहाँको बाल्यकालबारे जानकारी दिनुहोस् न !**

– मेरो जन्म वि.सं. २०११ साल कार्तिक ७ गते ललितपुर जिल्लाको तत्कालीन इमाडोल गाउँपञ्चायत, मोतीटारमा भएको हो । त्यस समय इमाडोल पूरै गाउँ थियो । अहिले यो महालक्ष्मी नगरपालिकाअन्तर्गत पर्दछ । हाम्रो हजुरबुबाका पाँच भाइ छोराहरू थिए । म उहाँको जेठो छोरातर्फको नाति हुँ । मैले २०२८ सालमा एस.एल.सी. पास गरेको हुँ ।

**साहित्यमा कसरी आकर्षित हुनुभयो ?**

– हाम्रो परिवारमा साहित्यमा झुकाव भएको कोही पनि थिएनन् तर मेरो बुबा त्यो समय शिक्षा विभागमा कार्यरत हुनुहुन्थ्यो । त्यस समय शिक्षाविभागले 'भानुभक्तीय रामायण' प्रकाशन गरी गाउँ गाउँमा बाँड्दोरहेछ, शायद नेपाली भाषाकै उत्थानको अभियान थियो त्यो । त्यही सिलसिलाबाट हाम्रो घरमा पनि दुई प्रति रामायण भित्रिएको थियो । म प्रत्येक दिन विद्यालयबाट फर्केपछि लय मिलाएर आमासँग रामायण पढ्थें । सायद रामायण नै मेरो साहित्यिक आकर्षणको पहिलो खुड्किलो हो कि ! त्यसपछि म घरमा होस् कि गोठालामा समय मिल्यो कि भेटेका पुस्तक पढ्न थालें । यस क्रममा खास गरी 'मुनामदन' र 'प्रेम लहरी' पढ्ने गर्थें । यसले पनि साहित्यतर्फ आकर्षित गरेको म मान्छु ।

**लेख्नुपर्दोरहेछ भन्ने चेत कहिले पलायो नि ?**

– 'रामायण', 'मुनामदन' र 'प्रेमलहरी' आदि पढ्दा त्यसैताका नै यसरी लेख्न सक्यो भने त मानिसहरूले सधैंभरि सम्झँदारहेछन् भन्ने लाग्यो र कताकता लेख्नुपर्छ भन्ने भावना पनि जाग्यो । पछि मैले प्रवेशिका परीक्षा दिनासाथ बुबाका आग्रहमा २०२८ सालमा लोकसेवाको परीक्षा दिएँ, उत्तीर्ण भएँ र तत्कालीन वागमती अञ्चल अदालतमा बहिदारको नियुक्ति पाएँ तर त्यो जागिर लामो समय खाइनँ । केही समयपछि नै मामाको सुझावबाट त्रिभुवन विश्वविद्यालयअन्तर्गतको आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा)मा पुगें । जागिरका यिनै सिलसिलामा दुई साथी अर्जुन विष्ट र प्रदीप कोइराला सम्पर्कमा आए । उनीहरू पत्रिकाका सम्पादक रहेछन् । उनीहरूकै सङ्गतले मलाई साहित्य सिर्जना गर्ने चेत खुलायो । पछि अर्जुनले नै मलाई सडक कविता क्रान्तिको माहोलमा लागि भवानी

घिमिरे दाजुसँग परिचय गराए । त्यहाँ मैले आफूजस्तै कवि साथीहरू भेटेँ । त्यसपछि मैले साहित्यमा पछाडि फर्कनु परेन । कवि साथीहरूसँगै म पनि साहित्यलेखनमा निरन्तर लागिरहेँ ।

**तपाईं गीत, गजल, मुक्तक, हाइकु, कविता, लघुकथा र कथा सबै लेख्नुहुन्छ । यीमध्ये साहित्यमा कुन विधाबाट प्रवेश गर्नुभयो ?**

– निःसन्देह म कविता विधाबाटै साहित्यमा प्रवेश गरेको हुँ । मैले २०२९ सालमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको वार्षिकोत्सवका अवसरमा हरेक वर्ष आयोजनामा हुने राष्ट्रव्यापी कविता प्रतियोगितामा भाग लिएको थिएँ । त्यसपछि २०३६ सालमा त सडक कविता क्रान्तिमा सक्रिय भएर लागियो ।

**लघुकथामा चाहिँ कसरी झुकाव बढ्यो अनि लघुकथामा कोबाट प्रभावित हुनुभयो नि ?**

– त्यसताका नेपाली पत्रिकाहरू खासै थिएनन् । हामीले साहित्यिक भोक मार्न भारतीय पत्रपत्रिकाहरूको पनि सहयोग लिनुपर्थ्यो । त्यस समय नेपालका केही मुख्य सहरहरूमा भारतीय पत्रिकाहरू 'सरिता', 'सारिका', 'धर्मयुग', 'कादम्बिनी' आदि उपलब्ध हुन्थे । ती पत्रिकाहरूमा छोटा कविता र छोटा कथाहरू प्रकाशित हुन्थे । ती रचनाहरूको अन्त्यमा रहेको सामर्थ्यले हाम्रो पुस्तालाई लघुकथा लेखनमा आकर्षित गरेको पक्कै हो । अनि प्रभावितै त नभनौँ तर मलाई चेखब र खलिल जिब्रानका कथाहरू खुब मन पर्छन् ।

**लघुकथामा स्वैरकल्पना कति आवश्यक छ ?**

– हामीले साहित्यिक उर्वरता पञ्चायती कालखण्डमा बितायौँ । त्यो समय साहित्यमा अभिधामा भन्दा बढी लक्षणा र व्यञ्जनात्मक शैलीमा आफ्नो भावनाहरू व्यक्त गर्नुपर्थ्यो । लक्षणातर्फ लाग्दा पुग्ने एक गन्तव्य भनेको स्वैरकल्पना पनि हो । स्वैरकल्पनालाई आधार मानी कुनै पनि साहित्यिक सिर्जना गरियो भने त्यो पाठकको मस्तिष्कसम्म पुग्दा त्यसले अनेक भाव वा परिवेश निर्माण गर्न सक्छ । तसर्थ, लघुकथामा स्वैरकल्पना आवश्यक छ । मेरो भेडीगोठ र भेडो लघुकथामा स्वैरकल्पनाको प्रयोग गरेको छु ।

**लघुकथा हुनलाई अनिवार्य के के छ ? काव्यमा लघुकथा लेख्दा हुन्छ कि हुन्न ?**

– लघुकथा हुनका लागि विषय, प्रस्तुति, पात्र, संवाद र कौतूहलपूर्ण हुनुपर्छ भन्ने मेरो धारणा हो । अहिले लेखिएका लघुकथा धेरै घरेलु र प्रेमका विषयमा छन् । विषय सबै उस्तै लाग्छ तर तिसको दशकका लघुकथालाई राजनीतिले प्रभाव पारेको थियो । लघुकथा अवस्थाअनुसार प्रतीकात्मक रूपमा लेखे स्वैरकल्पनालाई आधार बनाएर लेखिएको छ, लघुकथालाई काव्यमा पनि लेख्न हुन्छ किन नहुनु ? काव्यशैलीमा लेखिएका लघुकथामा संवाद र पात्र हुँदैनन् । फरक स्वाद पाइन्छ यो राम्रो हुन्छ । अवस्था अनुरूपको भिन्न रोचक र कौतूहलपूर्ण हुन्छ । अचेल साहित्यका विविध विधामा काव्यको प्रयोग गरेको पाइन्छ ।

**अहिलेका लघुकथाले समातेको बाटो कस्तो लाग्छ ?**

– तिसका दशकका भन्दा सत्तरीका दशकका लघुकथाकार उच्च महत्त्वाकाङ्क्षी भएको महसुस भएको छ । सङ्ख्या वृद्धि भएको छ । सङ्ख्या वृद्धि भएको पनि ठिक हो । चर्चा र समीक्षा पनि धेरै भएको छ । राम्रो कुरा हो । अध्ययनमा भने कमीकमजोरी देखिन्छ । पहिलेका लघुकथाका विषय फरक पर्ला सिद्धान्तमा रहेर लेख्नुपर्छ भन्ने भन्दा लेखेका

साहित्य सिद्धान्तमा आधारित नभए पनि लघुकथा थिए र छन् ।

**लघुकथामा पछिल्लो पुस्ताले अघिल्लो पुस्ताका लघुकथाप्रति गर्ने गरेका टिप्पणीलाई के भन्नुहुन्छ ?**

– अघिल्लो पुस्ताका लघुकथाकारलाई अहिलेको पुस्ताले 'लघुकथा भएन' भनेर टिप्पणी गर्दा पछि आउने पुस्ताले पनि उनीहरूको लघुकथालाई लघुकथा नमान्न सक्छन् । साहित्यमा कुनै पुस्ताले कुनै पुस्तालाई नमान्ने भन्ने हुँदैन । पहिले बाबुले भोटो लगाउँथे, भोटो लगाउने बाबुलाई सुटबुट लगाउनेले बाबु नमान्ने हुँदैन । पुरानो पुस्ताले लेखेका लघुकथालाई नयाँ पुस्ताका मान्यताले केही फरक पार्दैन । इतिहास बनिसकेको विषय र शैलीलाई मान्नुपर्छ । जेसुकै लेखियोस् लघुकथा साहित्य हो र यसको प्रस्तुतिमा कलात्मकता अनिवार्य हुन्छ ।

**अहिले नेपाली लघुकथामा 'विलोम' लेखनको अभ्यास बाक्लै देखिन थालेको छ, यसलाई कसरी लिनुहुन्छ ?**

– साहित्यमा लेखनका अनेक धारहरू देखिनु स्वाभाविक हो । समयले नयाँ कुरा खोज्छ, भिन्न स्वाद खोज्छ । 'विलोम' लघुकथा फरक शैलीको लेखनको अभ्यास हो । यसले पात्रलाई गौण बनाउँदै कथ्यमा काव्यको मिठास भरेको छ । पाठकहरूले खुबै रुचाएको देखिन्छ तर केही लेखकहरू यो अभ्यासभित्र आउन नसकेका कारण विपक्षमा पनि छन् । वास्तवमा लेखक स्वतन्त्र प्राणी भएकाले उसलाई स्वतन्त्र नै छाडिदिऔँ । सिर्जनामा प्रयोग हुनुलाई अस्वाभाविक मान्ने कुरा हुँदैन ।

**'विलोम'प्रतिको यहाँको धारणा तथा केही सुझाव ?**

– यो लघुकथाका क्षेत्रमा नयाँ नौलो अभियान हो, शृङ्खलाबद्ध रूपमा अन्तरसंवाद गर्नु तथा लघुकथाको संरचना, आकार प्रकार आदिलाई लिएर चासो राख्नु राम्रो हो । नेपाली लघुकथा सम्बन्धित थुप्रै संस्थाहरू छन्, सामाजिक सञ्जालमा सक्रिय समूहहरू छन्, लघुकथा बढी लेखिने, बढी चर्चा हुने विधा पनि भएको छ । यस सन्दर्भमा लघुकथाको विधागत उन्नयनमा यसले पनि निकै सहयोग पुऱ्याउने नै छ, यसको सहयोग विशेष र भिन्न पनि हुनेछ भन्ने लाग्दछ ।

**अन्त्यमा केही भन्नु छ कि ?**

– सिर्जनाले पाठकलाई प्रभाव पार्न सक्नुपर्छ । सिद्धान्तमा आधारित नभए पनि हुन्छ तर चस्स मन छुने हुनुपर्छ । लेखकले सिद्धान्त बनाउने होइन, सिद्धान्त लेख्ने पनि होइन, स्वतन्त्र हुनुपर्छ । पाठकलाई आफ्नै भावना, अनुभव र अनुभूति लेखिदिए जस्तो महसुस गराउन सक्यो भने त्यो सिर्जना नै सफल हुन्छ ।

*(**विलोम अभ्यासबारेः** नेपाली लघुकथा सर्जकहरूसँग भेटघाट, वार्ता र संवादका माध्यमद्वारा लघुकथाको उन्नयनमा सहयोग पुऱ्याउनु विलोम अभ्यासको उद्देश्य हो । लघुकथाको ऐतिहासिकता, उन्खनन एवम् लघुकथाको बढ्दो लोकप्रियतालाई दृष्टिगत गर्दै यसको स्तरीयता कायम राख्नका लागि यस किसिमको अभ्यासबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ । 'विलोम' नामक यस अभ्यासअन्तर्गत पहिलो अभ्यास २०७९ फागुन ३ गते गरिएको थियो ।)* ■■

# मुक्तक



✍ **गोविन्दराज पौडेल**

१

कहाँछन् खै रेल दगुराउँछु घर घरमा तेल पुऱ्याउँछु भन्नेहरू
दीन र दुःखी निमुखा जनतालाई बलिको बोकासरी गन्नेहरु
अकुत धनसम्पत्तिका भोका जनता मारा राष्ट्रघाती ती नेता ,
देश विकासको सट्टा धन लुकाउन यो धर्तीमा बङ्कर खन्नेहरू।

२

आखिर राम,कृष्ण,बुद्ध सबै मान्छे नै थिए
तिनैले यो जगतलाई ज्ञान, बुद्धि, शान्ति दिए
मान्छे नै त हुन भगवान् र राक्षस भनिनेहरु,
पुजिन्छ आपसमा मानवीय संवेदना सिए।

३

हाम्रो सच्चाअनन्त प्यारको सुगन्धित बासना छरौला
प्रेमको त्यो खाली घैँटोमा पवित्र गङ्गा जलले भरौँला
तिमी साथमा भए सक्छु त्यो आकासको बादल छुन,
खेत बारीको हलो कोदालो किसानी सँगसँगै गरौँला।

४

जति गरे नि नहुने पहाड, हाड हुनाले बसाइ सारियो
अगाध माया लाग्दालाग्दै जन्मभूमिको माया मारियो
हुनत ज्यानभन्दा प्यारो लाग्छ मेरो प्यारो अर्घाखाँची,
सरकारी सेवा गर्दै पीडैपीडामा छ दशक जीवन तारियो ।

*पाणिनि-७, अडगुरी, अर्घाखाँची ।*


**'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम**

| सल्लाहकार/निर्देशक | कार्यक्रम समीक्षक | सञ्चालक/सम्पादक |
|---|---|---|
| **नवराज पुडासैनी 'ज्योत्स्ना'** | **जीवनाथ अधिकारी** | **निर्मलादेवी तिम्सिना 'कान्छी'** |


हरेक हप्ता बिहीबार साँझ ६:३० बजेदेखि

# 'बाणीका बान्की' पढ्दा पाठकले आफू ठगिएको अनुभव गर्नुपर्दैन भन्ने मेरो विश्वास छ

**– प्रह्लाद पोखरेल**



प्रह्लाद पोखरेल






डा. ऋषि बस्ताकोटी

**स्रष्टाको परिचय :** *वि.सं. २०१४ मा खोटाङको रावा कुभिन्डेमा जन्मेका प्रह्लाद पोखरेलका रचनाहरू वि.सं. २०२८ सालदेखि प्रकाशित हुन थाले । मूलतः कविको परिचय बनाएका पोखरेल गद्य, पद्य र गीतिलयमा कविता सिर्जना गर्न सिद्धहस्त मानिन्छन् । उनका झन्डै डेढ दर्जन जति काव्य कृति प्रकाशित छन् भने दुई दर्जन बढी कृतिमा सम्पादकको भूमिका समेत निर्वाह गरेका छन् । कवि पोखरेल दुई दर्जन जति नेपालका प्रतिष्ठित साहित्यिक पुरस्कार र सम्मानहरूद्वारा विभूषित छन् । तीन दशक लामो सरकारी सेवाको अनुभव सँगालेका र दुई दशक लामो प्राध्यापकीय सेवा गरेका पोखरेलले साझा प्रकाशनको महाप्रबन्धक, गोरखापत्र संस्थान र नेपाल टेलिभिजनको सञ्चालक समिति सदस्यको रूपमा समेत सेवा गरेका छन् । बहुआयामिक व्यक्तित्वका धनी प्रह्लाद पोखरेल छन्द कविताको मध्यमबाट नयाँ-नयाँ प्रयोग गर्न खप्पिस मानिन्छन् । 'वाणीका बान्की'मा उनले ८ सय ३० अङ्ग्रेजी सूक्तिहरूलाई एक्काइस विभिन्न छन्दको प्रयोग गरी ९ सय ९९ श्लोकहरूमा पद्यानुवाद गरेका छन् । यस पटकको 'कल्पतरु पुस्तक-वार्ता'मा कविताजस्तै जीवन बाँचेका शालीन व्यक्तित्व प्रह्लाद पोखरेलको अनुसिर्जनात्मक कविताकृति 'वाणीका बान्की'मा केन्द्रित रहेर डा. ऋषि बस्ताकोटीले तयार पार्नुभएको अन्तर्वार्ता प्रस्तुत छ ।*

**कविवर प्रह्लाद पोखरेलका छन्दोबद्ध कविता र गद्य कविताका परम्परागत शैलीमा अनेक पुस्तकहरू त पढिएको हो । 'वाणीका बान्की'लाई अङ्ग्रेजी सूक्तिको पद्यानुवाद भनिएको छ । यो नेपाली साहित्यमा अलिक नयाँ प्रयोग पो हो कि ? यसको पृष्ठभूमि बताइदिनुस् न !**

– सिर्जनशील यात्रामा संलग्न रहँदा सुरुमै पछिसम्मको योजना निर्मित हुँदो रहेनछ । 'वाणीका बान्की'को सुरुआत पनि अङ्ग्रेजी भाषामा रहेका केही सकारात्मक उक्तिहरूलाई पढ्ने सिलसिलामा अनायासै भएको हो । पढ्दा पढ्दै उक्तिलाई अनुवाद गर्न पाए हुन्थ्यो

भन्ने रहर चल्यो र अनुवाद गर्दा पनि छन्दोबद्ध स्वरूपमै किन नगर्ने भन्ने उत्प्रेरणा जाग्यो । यो विषय अलिक नौलो र कसैले हात हालिनसकेको पनि हुँदा अझ यसमा साधनारत हुन रूचि जाग्यो । यस्तो रूचि जगाउनमा उत्प्रेरणा दिने कार्य अङ्ग्रेजी भाषा, व्याकरण, कोश र साहित्यका विद्वान् एवम् नेपाली वाङ्मयका विशिष्ट स्रष्टा प्रा. सीताराम अधिकारीलगायत मेरा निकटवर्ती साहित्यिक साथीहरूले गर्नुभयो । त्यसैको परिणामस्वरूप वाणीका बान्की (अङ्ग्रेजी सूक्तिको अनुवाद) पुस्तकको प्रकाशन भएको हो ।

अङ्ग्रेजी सूक्तिहरूलाई छन्दमै अनूदित या अनुसिर्जना गर्ने कार्य यसअघि भइसकेको जानकारी कतैबाट पनि नभएको हुँदा झन् यस किसिमको नयाँ प्रयोग गर्न उत्साह जागेको हो । पहिलो पटक यस किसिमको नयाँ काममा आफ्नो नाम जोड्न सकेको क्षण सम्झिएर गौरव गर्न पाउँदा अपार आनन्दको अनुभूति भएको छ ।

**अनुसिर्जना आफुखुसी गरिने सिर्जना जस्तो पनि होइन । अनुवाद या भावानुवाद मात्र पनि होइन । यस्तो अप्ठ्यारो प्रयोग रोज्नुका केही कारण छन् कि ? अनुसिर्जनाका क्रममा केही रोचक सम्झना पनि छन् कि ?**

– अङ्ग्रेजी भाषी र नेपाली भाषी समुदायका भिन्न भिन्न परिवेश, संस्कार र संस्कृतिको कारणबाट अङ्ग्रेजी भाषा बोल्ने समाजका धारणा नेपाली समाजमा हुबहु नमिल्ने भएकाले एउटा भाषाको ठाडो शब्दानुवाद गरेर अर्को भाषामा राम्ररी भाव अभिव्यक्त गर्न निकै कठिन हुँदो रहेछ । अतः जोसुकै अनुवादकलाई पनि अनुसिर्जना गर्नुपर्ने खण्ड आइपर्दो रहेछ । अनुवाद गर्दा संलग्न सामग्री (Content) मात्र होइन, सन्दर्भ (Context) लाई पनि समुचित ध्यानमा राखेर स्पष्ट पार्नुपर्ने हुँदा शब्दानुवादले मात्र काम बन्ने देखिएन । यसैले मैले पनि कतिपय सन्दर्भमा भावलाई नछोड्ने अभिप्रायका साथ पर्याप्त अनुशासनमा बसेर अनुसिर्जना गर्ने प्रयत्न गरेको हुँ ।

मूलतः एउटा सूक्तिलाई एक श्लोकमा नै अनूदित गर्ने ध्येय भए पनि सन्दर्भलाई राम्ररी उतार्न नसक्दा एउटै सूक्तिलाई चार श्लोकसम्म पनि तन्काउनु परेको अवस्था छ । कुनै कुनै सूक्तिमा त चार पाउको श्लोकमा दुई पाउमै अर्थ आउने गरी अनूदित भइसक्दो रहेछ भने बाँकी पाउहरूमा सन्दर्भलाई अरू स्पष्ट पार्ने प्रयत्न गर्दै तन्काउनुपर्ने पनि हुँदो रहेछ । कहिलेकाहीं मूलभन्दा पनि चित्त बुझ्ने गरी सन्तुष्टि मिल्दो रहेछ भने कहीं कहीं त जति प्रयत्न गरे पनि चित्त नबुझ्ने स्थिति आउँदो रहेछ । यदाकदा पहिले गरिसकेको अनुवादलाई फेरि दोहोऱ्याएर पुनर्लेखन गरेको अवस्था पनि छ ।

**'वाणीका बान्की' मा ८ सय ३० अङ्ग्रेजी सूक्तिका अनुसिर्जना गर्ने क्रममा २१ विभिन्न छन्दहरूको प्रयोग गर्नुभएको छ । एक वा दुई छन्दमा पनि यो काम हुन सक्थ्यो होला । एकै पुस्तकमा यति धेरै छन्दको प्रयोग गर्नु भनेको नेपाली साहित्यमा छन्दको पुनर्जागरणको प्रयास पनि हो कि ?**

– छन्दको कठोर अनुशासनमा रहेर लेख्नुपर्ने हुँदा कतिपय शब्दहरूमा उस्तै अर्थ

प्रस्तुत गर्ने पर्यायवाची शब्दको कमी हुन्छ । यसकारण जुन शब्द जुन छन्दमा मिल्छ, त्यही छन्दको प्रयोग गर्नु आवश्यक पर्ने परिस्थिति रहने हुँदा छन्दमा विविधता अपनाई बढीभन्दा बढी छन्दको सिर्जना भएको हो ।

स्वाभाविक रूपमा छन्दोबद्ध कविताका क्षेत्रमा काम गरिरहेको व्यक्ति भएको कारण भावमा निखारपन, विचारमा सन्तुलन, संरचनामा सरलपन र समग्रमा सम्प्रेषणीय सामग्री प्रस्तुत गर्ने अभिप्रायका साथ सूक्तिको मूल भनाइमा न्याय गर्ने उद्देश्य रहँदा उपयुक्त छन्दको चयन गर्ने जमर्को गरिएको हो । यसो गर्दा छन्दको पुनर्जागरणमा सहयोग पुगे त सुनमा सुगन्ध थपिने भइहाल्यो ।

**'वाणीका बान्की' प्रकाशनपछि यसबाट तपाईंको अपेक्षा के थियो ? कस्तो प्रतिक्रिया पाइर हनुभएको छ ?**

- कुनै विशेष अपेक्षा राखेर पुस्तकको प्रकाशन गरिएको नभए तापनि सानै भए पनि नेपाली साहित्यको बगैंचामा एउटा नयाँ खालको फूल फुलाउने आकाङ्क्षा भित्री मनमा थियो । पुस्तकको प्रकाशनपछि विशेष गरेर विज्ञ पाठकहरूको अत्यन्त सकारात्मक र प्रेरणादायी प्रतिक्रिया पाउँदा सन्तोषको अनुभूति भएको छ ।

पुस्तकमा रहेका हरेक श्लोक स्वतन्त्र पद्यका रूपमा रहेकाले पाठकहरूले जहिले जहाँ पल्टाएर पढे पनि एउटा भिन्नै सन्देश प्राप्त गर्न सकिने हुँदा प्रस्तुत पुस्तक पाठकमैत्री बनेको प्रतिक्रिया धेरै सर्वसाधारण पाठकहरूबाट प्राप्त भएको छ । यस्तो प्रतिक्रिया पाउँदा गरिएको कामले सार्थकता पाएको अनुभव गरेको छु ।

**'वाणीका बान्की' किन पढ्ने ? समकालीन नेपाली कविताका कृतिहरूमा 'वाणीका बान्की' छुटायो भने पाठकले के छुटाउँछन् जस्तो लाग्छ ?**

- एउटै पुस्तकमा विविध किसिमका सुन्दर अङ्ग्रेजी उत्कथनहरूको अनुवाद नेपाली भाषामा, त्यो पनि लय हालेर पढ्न सकिने अनेकौं छन्दमा पाउनु यस पुस्तकको सुन्दर र विशेष पक्ष हो । सितिमिति यस किसिमका पुस्तकहरू पाउन सकिँदैन र सानो साधनाले मात्र यस किसिमका पुस्तक तयार हुँदैनन् ।

अर्को पक्ष, यस पुस्तकमा समेटिएका विषय कालसापेक्ष मात्र होइन, चिरकालपर्यन्त मानवमात्रका लागि काम लाग्ने खालका छन् । अनेकौं विचारक, चिन्तक, साहित्यकार र समाजका अग्रणी व्यक्तित्वहरूले व्यक्त गरेका, खारिएका चिन्तनयुक्त सामग्रीहरू पुस्तकमा समेटिएकाले पनि यो पुस्तक पढ्दा पाठकलाई बेकारमा पो समय फालियो कि भन्ने अनुभूति कहिल्यै हुँदैन । 'वाणीका बान्की' पढ्दा पाठकले आफू ठगिएको अनुभव गर्नुपर्दैन भन्ने मेरो विश्वास छ ।

**काव्य साधनामा तपाईंको लामो अनुभव छ, साहित्यिक पत्रिकाहरूको सम्पादनमा पनि उत्तिकै क्रियाशील हुनुहुन्छ । साहित्यिक संघसंस्थाहरूमा पनि महत्त्वपूर्ण भूमिकामा हुनुहुन्छ ।**

**पछिल्लो पुस्ताको साहित्य कर्मलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? साहित्यमा खास गरी कवितामा आउन चाहने नवपुस्तालाई केही सुझाव छन् कि ?**

– नेपाली वाङ्मयको श्रीवृद्धिमा समसामयिक नयाँ पुस्ता उत्साहजनक ढङ्गले अगाडि आएको छ । वर्तमान समयको गतिविधि राम्ररी नियाल्ने हो भने स्वदेशमा मात्र होइन विदेशमा बसेर साहित्य सिर्जना गर्ने साधकहरू पनि उल्लेख्य सङ्ख्यामा रहेका छन् । प्रकाशित भएका सबै कृतिहरू पढेर सकिने स्थिति छैन । उपलब्धता, रुचि र चर्चाका आधारमा छानेर पढिएका कृतिहरू हेरेर मूल्याङ्कन गरिनुपर्ने हुन्छ ।

असीमित सङ्ख्यामा प्रकाशनमा आएका सबै कृतिहरू गुणात्मक नहुन सक्छन् तर तिनीहरू भित्रैबाट पाठकले हिरा, सुन, तामा, पित्तल या फलाम छुट्याउनुपर्ने हुन्छ । जुन कालजयी कृति छन्, ती पछिसम्म पनि बाँच्छन् । जुन कृतिमा कालजयीपन छैन, समयको क्रमसँगै ती बाढीमा बगेका पत्करसरह भएर बिलाउँछन् । जे जस्तो भए पनि सहित्यिक कृतिले केही न केही छाप त छोडेकै हुन्छन् ।

कविताका क्षेत्रमा क्रियाशील हुने नयाँ पुस्तालाई मेरो विनम्र अनुरोध के छ भने कवितामा विभिन्न संरचनाहरूमध्ये अभिव्यक्तिका निम्ति आफूलाई जुन संरचना सजिलो लाग्छ, त्यसैमा साधना गर्नु उचित हुन्छ । उदाहरणका लागि लोकप्रिय र सम्झना गर्न सकिने दृष्टिकोणले सर्वाधिक उपयुक्त रहे पनि अलिक कडा अनुशासनमा रहेर साधना गर्नुपर्ने छन्दोबद्ध कविताको रचनामा बढी मेहनतको आवश्यकता पर्छ । लय समातेर मात्र नभई भाव, विचार, गति, यति, अनुप्रास पनि मिलाउनै पर्ने हुँदा यसमा विशेष कठिनाइको सामना गर्नुपर्ने स्थिति रहँदो रहेछ । यसको अर्थ अरू संरचनामा परिश्रम नपर्ने भन्ने होइन, जुनसुकै विधामा पनि इमानदार प्रयास र गहिरो साधना अपरिहार्य हुन्छ ।

साहित्यको सिर्जना प्रतिभा, व्युत्पत्ति र अभ्यासबाट हुने हुनाले साधना गर्ने साहित्यकारले समयोचित परिश्रम र उचित धैर्य गर्नु आवश्यक छ । कसैसँग जन्मजात प्रतिभा हुन्छ, कसैले व्याकरणलगायत आवश्यक विषय पढेर व्युत्पत्ति हासिल गरेका हुन्छन् र कसैले अनवरत गरिने अभ्यासका कारणबाट आफूलाई योग्य बनाएका हुन्छन् । उपर्युक्त तत्त्वमध्ये कुनै एउटा मात्र आफूसँग भयो भने पनि सानोतिनो साहित्यकार त बन्न सकिन्छ । प्रतिभा तत्त्व आफ्नो वशको कुरा नभएको हुँदा व्युत्पत्ति र अभ्यासमा चाहिँ ध्यान दिनैपर्छ । तीनवटै तत्त्वको सम्मिश्रण हुन पायो भने चाहिँ महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्तै बन्ने हो ।

हतार गरेर मात्र परिपक्वता प्राप्त गर्न नसकिने रहेछ । काँचो कचिलो रूपमै प्रकाशन गर्न हतार गर्नुभन्दा सकेसम्म राम्ररी परीक्षण गरेर, आफू सन्तुष्ट भएपछि मात्र प्रकाशन गरियो भने सम्भावित आलोचनीय दुर्घटनाबाट बचिने गुन्जायस रहन्छ । सकेसम्म अध्ययन गर्ने र आफ्नो रचना स्तरीय हुन सक्यो कि सकेन भन्ने सन्दर्भमा आफ्नै पुराना रचनासँग तुलना गर्ने ध्येय राखियो भने पनि रचनाको परिष्कारलाई मद्दत मिल्ने हुन्छ । ■■

कविता

# आफ्नै खोजी



✍ **बिसुकुमार केसी**

म घरभित्र परिवार खोजिरहेछु
म देशभित्र सरकार खोजिरहेछु
म समाजभित्र संस्कार खोजिरहेछु
खोजिरहेछु मित्रहरूमा मैतृभाव र
सम्बन्धहरूमा सद्भाव
म आफूले पनि आफैलाई खोजिरहेछु
म आफूभित्र आकार खोजिरहेछु ।

मानिसहरू मान सम्मान खोजिरहेछन्
म उनीहरूभित्र इमान खोजिरहेछु
सबै माया प्रेमको खोजीमा छन्
म म मुलायम मन खोजिरहेछु ।
उनीहरू बाटो खोजिरहेछन्
म यात्रा खोजिरहेछु
उनीहरू एकैचोटि गन्तव्यमा पुग्न खो
जिरहेछन्
म गति खोजिरहेछु ।

उनीहरू दान खोजिरहेछन्
म योगदान खोजिरहेछु
उनीहरू शौकत र सान खोजिरहेछन्
म स्वाभिमान खोजिरहेछु ।
उनीहरू भगवान् खोजिरहेछन्
म धर्म खोजिरहेछु ।
उनीहरू शान्ति खोजिरहेछन्
म बुद्ध खोजिरहेछु ।

खोजिरहेछु म यो समयको साँझ र
बिहान
खोजिरहेछु म यो संसारको मुहान र
चिहान
म खोजिरहेछु
संसार उज्यालो पार्ने दियो
म खोजिरहेछु
संसार घुमाउने मियो
जो आज छ
भोलि पनि हुन्छ
हिजो पनि थियो ।

खोज्नुपर्ने अनगिन्ती छन्
म ती कुराहरू नै खोजिरहेछु
त्यसैले म आफूले आफैंलाई खोजिरहेछु
आफूभित्र एउटा आकार खोजिरहेछु ।

*– कपन, काठमाडौं ।*

'कल्पतरु' द्वैमासिकमा आ.व. २०८२/८३ (२०८२ साउनदेखि २०८३ असारसम्म) भित्र छापिएका मध्येबाट एउटा उत्कृष्ट सिर्जनालाई पुरस्कृत गरिने व्यहोरा सूचित गर्दछौं ।

**कल्पतरु परिवार**

लघुकथा

# दुस्मन



✍ **देवकी के.सी.**

वृन्दा फूलहरूको सौखिन थिइन् । उनी घरमा फूलबारी बनाएर खुब खुसी हुने गर्थिन् । उनको श्रवणसित बिहे भयो । श्रवण पनि उस्तै फूलहरूका सौखिन थिए । उनी पनि आफ्नो फूलबारीको यति ख्याल राख्थे कि त्यति त उनले आफ्नो परिवारको पनि ख्याल राख्दैनथे ।

जब वृन्दा पहिलो पटक सन्तानको आमा बनिन् । श्रवणले आफ्नो सन्तान काखमा राखोस्, चुम्बन गरोस्, आफूलाई स्याहार गरोस् र बढीभन्दा बढी माया गरोस् वृन्दा चाहन्थिन् तर सुत्केरी अवस्थाको वृन्दालाई भन्दा पनि श्रवण फूलहरूलाई बढि माया गर्थ्यो । फक्रेका फूलहरूलाई चुम्बन गर्थ्यो । फूलहरूकै स्याहारमा बढी समय बिताउँथ्यो ।

आफ्नो सुत्केरी अवस्थामा पनि लोग्नेले आफूलाई भन्दा बढी फूलहरूलाई माया गरेको देख्दा वृन्दाको मन दुखेको थियो । आखिर श्रवण मलाई भन्दा बढी फूलहरूलाई किन माया गर्छ ? घर मैले हेर्नुपर्ने, सन्तान जन्माउनु पर्ने मैले । मलाई माया र स्याहारको आवश्यकता भएको बेला फूलहरूको स्याहार गरेर बस्ने भन्दै वृन्दा श्रवण र फूलहरूको रिस गर्थिन् ।

उनलाई थाहा थियो फूलहरू निर्दोष छन् । तैपनि उनी आफ्नो रिस शान्त पार्न फूलहरूलाई गाली गर्थिन् अनि रिसले फूलका कोपिला चुँडेर भुइँमा मिल्काउथिन् । वृन्दा आफैँ पनि फूलहरूको सौखिन थिइन् तर किन हो किन आफ्नो लोग्नेले आफूलाई भन्दा बढी फूलहरूकै स्याहार गरेको देखेर उनले एकाएक फूलहरूलाई आफ्नो दुस्मन देख्न थालिन् ? अहिले उनलाई लाग्न थालेको छ । यो संसारमा आफ्नो सबैभन्दा ठुलो दुस्मन कोही छन् भने ती हुन् मात्र फूलहरू, ती निर्दोष फूलहरू । ■■

धूमपानले लिन्छ ज्यान
सबैलाई होस् ज्ञान !

कविता

# आज आकाश किन सुनसान छ ?



✍ **शशीश्री आचार्य**

आज आकाश अचम्मै चुपचाप छ
मानौँ उसले आफ्ना सबै साथीहरू
तारा, जून, सूर्य सबैलाई बिर्सिएर
एक्लो झ्यालबाट बाहिर हेरेको छ
न नृत्य छ, न चमक, न मधुरो गफ–गाफ।
मात्र एक तन्किएको सुनसान निलो ओछ्यान,
जहाँ कसैले पनि
आफ्नो कथा सुनाइ दिएको छैन ।

तारा नभएको आकाश
भनेको जस्तै भिडमा भए पनि
नबोल्ने मानिस आफूभित्र
हजार भावनाहरू उम्लिएर पनि
बाहिर एउटा उज्यालो शब्द झर्दैन
संसार छ, मानिसहरू छन्,
तर मन साट्ने साथी नपाएको
एकाङ्की आत्माजस्तै
आजको आकाश
मेरो आँखामा पोखिएको छ ।

सानैदेखि आमाले
सिकाउनुभएको थियो,
"ताराहरू त चम्किएका साथी हुन्,
मानिसहरूजस्तै, जो आफ्ना
मनका कुरा साटासाट गर्छन्"
तर आज तिनीहरू उदास छन्,
सायद आकाशसँग रिसाएका छन्,
वा सायदै मानिसको मन जस्तै,
थाकेर कतै लुकाइएका छन् ।

आकाशले मलाई सोधे जस्तो लाग्छ,
"साथी नहुँदा यस्तो पो हुन्छ रहेछ ?"
मैले जवाफ दिँदै भन्छु,
"हो, आकाश ! तिमी मात्र होइन,
मानिसहरूको जीवन पनि
ताराविहीन रातजस्तै निस्तब्ध हुन्छ
जब मनको कथा बोल्न कोही हुँदैन,
जब भावनाको उज्यालो बाँड्न कोही हुँदैन ।"

तारा नभएको आकाश
दर्शनले भन्छ, खाली मन हो
तर यही खालीपनले त सत्य देखाउँछ,
उज्यालो र अँध्यारोको परिभाषा बनाउँछ
यदि तारा सधैँ चम्किरहे भने,
आकाशलाई पनि आफैसँग भेट गर्ने
समय कहाँ पाइन्थ्यो र ?

सायद आज आकाशले
आत्म दर्शन गरिरहेको छ संसारलाई हेरिरहेछ,
आफ्ना आँसुहरूलाई नीलो रङमा छोपेर
अनि म यहाँ, आकाशसँगै,
एक तारा खोज्दैछु
सायद मेरो आफ्नै मनको तारा,
जो चम्किन बाँकी छ ।

*बौद्ध–६, कुमारीगाल, काठमाडौँ ।*

कथा

# अज्ञात योद्धा



✍ **अमित घिमिरे**

हामी केटाकेटी नै थियौं । मलाई अलि अलि स्मृति छ, धुँदिलो स्मृति । मैले हेक्का पाउँदा देखेको जगत दाइको मुखाकृत भुल्दिनँ । पुलिसहरू आएका थिए गाउँमा । अनौठो लागेको थियो । रातो गोलो टोपी, खाकीको खैरो बर्दी, हातमा रातो कापी र लौरो मात्र थियो । तीन जनामा, दुईओटाले बन्दुक र एउटाले फलामको साङ्ली बोकेको थियो । हामी त नजिक परेनौं । पञ्च, शम्भु मास्टर, मेल्टरी माइलो सबै जम्मा भए । पुलिसहरू पिँढीमा गुन्द्री विच्छ्याएर बसेका थिए । उनीहरूलाई हेर्न र गाउँकै पहिलो घटना देख्न प्रायः सबैजसो गाउँले आँगनको डिलभरि उभिएका थिए, सानोतिनो जात्राजस्तै भएको थियो । पुलिसहरूलाई भात र कुखुरा पकाउन हाम्रा बा र काहिँलालाई प्रधानले सुम्पेका थिए । जगत दाइ दुई जना पुलिसहरू बिचमा खुसी मुद्रामा थिए ।

जगत दाइको बुसर्टमा कलम भिरिएको थियो । शिरमा उच्च टोपी, मसिना दाह्री, कलकत्ते पाइन्ट । म छक्क परेको थिएँ । जगत दाइ किन छाती पिटिपिटी रोएनन् ? नक्साली ज्यामा पनि पटक्कै रोइनन् । पुलिसका लागि काट्ने कुखुराको प्रबन्ध र राम्रो चामलको व्यवस्था पनि स्वयम् पञ्चले नै गरेका थिए ।

सबै जम्मा भएपछि जुङ्गामुठे पुलिसले एउटा पर्ची निकालेर पञ्चलाई दिए । पञ्चले शम्भु मास्टरलाई सुम्पँदै जगत दाइतिर हेर्दै भने, "हेर् जगते, तेरा बाउ नक्सालवादी विद्रोही बनेर हिँड्दा झापामा मारियो, तँलाई र तेरी आमालाई पनि गाउँमा ल्याएको तीन वर्ष बित्न नपाउँदै तँउपर अड्डाले शङ्का मानेर पक्रिन पठाएको रहेछ, तेरो जिकिर के छ त ?" जगत दाइले हात बाँध्दै बोले, "के हुनु ? पहिले म अभियोगपत्र सुन्न चाहन्छु ... ।" त्यसपछि शम्भु मास्टरले चस्माको खुट्टा नाकमा टेको लगाउँदै पत्रलाई बाँचे ।

सबैका कान टाठा थिए । हामीले त त्यति अर्थको हेक्का लगाउन सकेनौं । ठुला मान्छे भनेको सुन्दा जगत दाइले पञ्चन्यालीमा बम हान्न सरकार विरोधीसँग मिलेमतो गरेका थिए रे ! मास्टरले पर्ची बाँचिसकेपछि पञ्चले जगत दाइसँग आफ्नो पक्षमा जिकिर राख्न भने, जगत दाइले इन्कारे । जुँगे पुलिसले झपार्‍यो डरलाग्ने स्वरमा ... । तर उनको मुहारमा कुनै पीडा भने थिएन । नक्साली ज्यामाले भने पुलिसहरूलाई झपारिन्, "के च्याँठिन्छौ मोराहरू, नम्र भए पनि के नासिएला र ? नुनको सोझो गर्नु हैन ? तिमीहरू पनि म जस्तै बुढीकै जगतेजस्ता छोरा हैनौ... ? के परदेशीलाई झैं व्यवहार गर्छौ ? अझै सरकारले अपराधी किटेको छैन ... त्यही पनि यिनीहरूले बम नहाने, विद्रोह नगरे तिमीहरूको बाँच्नु र खानु केलाई ?"

सबै पुलिसहरूलाई आक्रोशको तीव्र चापले च्यापेजस्तो थियो तर खै किन हो कोही

केही बोलेनन् ? यिनीहरूमा जुँगेबाहेक सबै लाटाझैं थिए । जुँगे पुलिसले केही इसारा गऱ्यो । त्यसपछि जगत दाइलाई फलामको साङ्लीले कसियो ।

नक्साली ज्यामा फेरि बोलिन्, "के ज्यानमारालाईझैं नेल ठोक्छौ ?"

पुलिसहरू केही बोलेनन् । भान्सा तयार भयो । काइँलाले पानी लिएर आए । तीन जना बाहिर उभिई उभिई हातमा थालभरि भात र मासुको चोक्टाको चुली बोकेर स्वादले खान थाले । सबै दङ्ग थिए हेर्ने जति । पञ्च, मास्टर, मेल्टरी माइला भित्र गए साथमा जुँगे पुलिस र अर्को भुँडे पनि । म पनि अरूझैं आँगनको डिलपारि नै थिएँ । कसो हाम्रा बा बाहिर उभिएका पुलिसलाई थप खानपान ल्याएर बाहिर आए, मलाई देखे र डाके । म...म खुसी हुँदै डराई डराई बाका पछि लागेँ भित्र ।

भित्र चरेस थालमा मसिनो घ्यूमरी चामलको फुर्र परेको भात, झोल नहालेको, कोलको तेल तैरी रहेको भुटुवा मासु, कचौराभरि टम्म बाह्रमसलाको बास्ना बोकेको झोल मासु र बोम्जन माइलो कहाँबाट ल्याएको तीनपाने रक्सी अगाडि राखेर जुँगे पुलिस, मेल्टरी, पञ्च र मास्टर बसेका थिए । एक-एक ओटा बोटुकोभरि हाम्रा बाले रक्सी खन्याए । सबैले भुटुवाको बोटुको अगाडि सारे र रक्सी पिउन थाले । म भऱ्याङको कुनामा थिएँ । उनीहरू जगत दाइको बारेमा कुरा गर्दै थिए ।

जुँगे पुलिसले पञ्च बालाई कानेखुसीझैं गरेर भित्रभित्र सुन्ने गरी भनेथे... "सुन्नु भो काजी ! हामीलाई त यसले 'नाथे' जस्तो गऱ्यो, सत्कार, सेवा क्यै छैन, आमा चाहिं बढी मापाकी रै'छ ... देशमा पञ्चायतविरूद्धको मुद्दा मात्र नभएको भए मैले जानेको थिएँ ... त्यस बुढियालाई ... । जे होस् तपाईं जस्तो राष्ट्रभक्त हुनुहुन्थ्यो र पो यसो दुई गाँस बुको खान भए पनि पाइयो ।"

पञ्चको आँखामा उज्यालो भरियो, बोटुको मुखमा लगे र एक सिरिप्प गरेपछि बोले, "के गर्नु जम्दार साब... आफ्नो निवास अलि टाढा पऱ्यो... यो गाउँठाउँ च्यानडाँडा नै यस्तै नमिलेको अप्ठ्यारो भन्या हजुर, ... पल्ला गाउँ पुग्नुपर्छ... नभए बास यतै बसौं ... बाह्रपन्ध्र धार्नीसम्मको सानो पाठो रेटौंला ।"

मास्टर भने दुवैतिर कुरा मिलाउँदथे । उनलाई सरकारको बारेमा पनि थाहा थियो र गाउँको बारेमा पनि । उनी च्याँट्ठी च्याँट्ठी मतर्फ पनि आँखा लगाउँदै बोल्दथे । म उनीसँग पाठशालामा दुनोट सिक्न जाने गर्दथे । यही क्रममा उनले मलाई भनेथे, "के चोखा लाग्ने गरी टुल्किन्छस् ... मोरो । ए तोर्मे ! कुखुराको खुट्टासुट्टा छैनन् दे, ए तेरो स्वाँठ ... तिउकेलाई ।" सबै आआफ्ना कुराकाममा व्यस्त थिए । मलाई पनि मास्टरले भनेपछि बाले तीनैओटा चौटा र एकाध बटुको भात झोलामा डुबाएर दिए । मलाई त्यो भात खान साह्रै विस्मात लागेको थियो ... खै किन हो मास्टरले मलाई भनिहालेथे, "हैन के टुल्किन्छस् मोरो ... तिउके ... बसेर खपाखप घिच् ... बुबुरो भएर बक्बक् सुन्नुहुन्न ।" उनले पञ्चतिर हेरेर भने, "कहाँ हजुर !... गोप्य त बच्चाबच्चीबाट टाढै राख्नुपर्छ अहिले रहरलाग्दो देखेर ... के गर्नु ? भविष्यमा डरलाग्दो पो हुन्छ मान्छेको जात ... नीतिका कुरा

क्या ।" सबैले आँखा मतिर लगाए मैले आँखा बटुकाको भातमा गाडे । बाले उनीहरूलाई हेरेर ङिच्च हाँसे र मलाई हेरर हपारे ... तिउके ... के हेर्छ मोरो ? खपाखप खा ... । म बसेर खान लागेँ । मलाई गाँस निल्नलाई गाह्रो भो, मासुको स्वाद खल्लो गुन्द्रुकको झोल भो ।

सबैले भात खाइसकेपछि जगत दाइलाई उनीहरूले साङ्लीले गर्दनमा बेरेर हात र खुट्टामा सिक्री झुण्ड्याएर लगे । त्यतिबेला त्यहाँ सबैको सास रोकिएकोझैँ थियो । मैले ठानेको थिएँ, जगत दाइ बेसरी रुन्छन् होला, तर रोएनन्  न त नक्साली ज्यामा । ज्यामाले बोलाइन्, "पर्खी जगते" त्यसपछि पुलिसहरूले पनि एकछिन जगत दाइलाई रोके । नक्साली ज्यामाले अगाडि बढेर भुइँको माटो निधारमा लगाइदिइन् र भनिन्, "... माटोको मूल्य चुक्ता गरेस् जगते ।" अनि जगत दाइले एकमुट्ठी माटो पाइन्टको खल्तीमा हाले । सबैझैँ म पनि दङ्ग र चुप रहेर हेरिरहे । सबै गाउँले आआफ्नो तर्क पोख्दै कानेखुसी गर्दै पुलिसहरूले जगत दाइलाई नेटो कटाएको हेरिरहे । कोही पनि गएर ज्यामालाई ढाडस दिएनन् । हाम्रा बाहरूले पनि थाल, भाँडा आ-आफ्ना स्थानतिर ओसारे । सबैले ज्यामालाई छोडेर गए । लाग्दथ्यो गाउँले सबै नक्साली ज्यामासँग पनि रिसाएका जस्ता थिए । अस्तिन हाम्रा बाले आमालाई भनेथे, "लोग्ने चाहिँलाई डाँका मारेझैँ मार्दा पनि लोग्नेको क्रिया गरिन, छोरालाई बरखी बस्न लगाइन ... कस्ती ठिमा ... तेरा खुट्टा भाँचौंला जुनेल... मारेको लोग्नेलाई सहिद भएको केके नाथे कुरा गर्ने कुलतो सङ्गतमा नगएस् नि ... नक्साली त मधिसेनी हो नि, चिने- जानेर के गर्नु पानी पनि खानु हुन्न बुझेकी छस्... ।" बाको वचन सम्झेर म पनि नक्साली ज्यामाको अगाडि नपरी अरूसँगै गएँ, फर्किएँ । मनमा एकचोटि ज्यामासँग गएर बसूँ कुरा गरूँ जस्तो लागेको थियो । तर ... हिम्मत भएन ।

ती बालकको बात थियो । जगत दाइलाई लगेको सोह्र वर्ष बितिसकेको थियो । नामै हराइसकेको थियो । नक्साली ज्यामा पनि खसेको चारवर्ष बितिसकेको थियो । हामी तल्ला स्वाँरामा बसाइँ गइसकेको पनि चार/पाँच वर्ष बितिसकेको थियो । नक्साली बुढी बौलाई रे, माटो कोपरेर खान्छे रे... भन्ने सुनेको थिएँ । एकपल्ट भेट्न जान्छु भन्दाभन्दै फुर्सतै भएन । त्यसदिन पाँच/सातवटा नास्पाती बोकेर बुढीकहाँ उकालो लागेको थिएँ । बुढी त बेलुकी नै खुस्किछन् । बडो विस्मात लाग्यो । सोह्र वर्ष अगाडिको जगत दाइ र म (तिउके) त्यै घरको सेरोफेरो आखाँभरि छायो, मन नै कोक्कियो । आँसुले आँखाको कुलेसो पनि भत्कायो । त्यसदिन बुढीलाई लगेर पुरपार पारियो । पञ्चले घरमा ताला लगाए । वर्षहरू बिते । तिउरे र तिलौरी पनि जन्मिए । बाहरू दाइसँग मधेश बसाइँ गए । जिन्दगी त्यसै लेक-बेँसी, भीर-पाखाभित्र हराउँदै गुज्रेछ । के के थियो, हेर्दाहेर्दै केके भयो । पञ्चायत जाने भो रे भन्ने हल्ला चल्यो । पञ्चले बडो चतुऱ्याइँ जमायो । गाउँमा पञ्चायत गैछाड्यो रे भन्ने सुनियो, बहुदल आयो । पञ्च बा पनि नयाँ पार्टीमा लागे रे । गाउँभरि नयाँ पार्टी, नेता, अधिकारका आदी कुरा चल्न थाल्यो ।

एकाएक बहुदल आएपछि जगत दाइ गाउँमा आए । अनौठाका भएछन् । कपाल तिलचामल भएछ, च्याँसे झुस्स दाह्री भएका तर फुर्तिला । उनले निकै बहुदलको चर्चा गरे । ठाउँ–ठाउँको पञ्चको पाप खोले तर आफ्नो पार्टी र गाउँको पञ्चका बारेमा क्यै बोलेनन् । उनले 'अब फेरि अर्को प्रजातन्त्र आउन बाँकी छ' भन्ने कुरामा मात्र जोड दिएका थिए । चुनाव अगाडि उनी देखा परेनन् । गाउँका सबैले पुराना नुन ख्वाएका काजीलाई नछाड्ने भने । मैले पनि उनकै चिह्नमा छाप ठोकें । फेरि तीन वर्षपछि जगत दाइ गाउँमा आए । मेरै घरमा बास बसे । उनीसँग अरू चार जना नचिन्ने मान्छेहरू पनि थिए । उनीहरूसँग बन्दुक पनि थियो । दुई मेल्ट्री खालका टोपीवाला ती क्यै नबोल्दा रहेछन् । जगत दाइले सबै ढोका, झ्याल बन्द गर्न लगाए र मलाई जुनेली, तिउरे र तिलौरीलाई अगाडि राखे । मलाई त डर थिएन । तिलौरी र जुनेलीको ओठमुख सुकिसकेको थियो ।

त्यो देखेर जगत दाइले भने, "तिउके दाइ, भाउजू नडराउनुस् हामी तपाईंकहाँ शरण पर्न आएका हौं । तपाईंलाई लुट्न आएको हैनौं । विचार गर्नुस्, हामी लुट्ने भए तपाईंकहाँ नै किन आउने थियौं ? गाउँमा तपाईभन्दा निकै धनवान्हरू छन् । हामी त तपाईंको आन्तरिक जाग्न खोज्ने भावनाको नाताले शरण पर्न आएका । अब तपाईंहरू हामीलाई डाँका पनि नसोच्नुस् । यहाँ हामी डाँकाहरूलाई डाँका डाल्न, फटाहाहरूलाई कारबाही गर्न निस्केका सर्वहाराका सिपाही हौं । आफ्ना सबै रहर, सपना र घरबार, परिवार त्यागेर, मायामोह माटालाई अर्पण गरेर तपाईंजस्तै झुत्रो जिन्दगी बोकेर गोठाला बाँचेका दुःखीका अधिकार खोज्न निस्केका हौं ।"

उनी कति गतिलो कुरा गर्दै थिए, बाहिर एक्कासि पुलिसहरूको धावा सुनियो । त्यसपछि गोलीको वर्षात् सुरु भयो । मेरा आफ्ना आँखा अगाडि क्रमशः जगत दाइ, ती तीनजना अपरिचितबीच मुठभेड भयो । तीन सिपाही गोलीको लप्कामा ढले ... अनि जगत दाइ र आँखै अगाडि तिल्के, तिलौरी र जुनेली ढल्दै थिए ... मेरो सम्पूर्ण चेत हरायो । म केराको खम्बाझैं भुइँमा मुर्छा परेथेँ । जब होस् खुल्यो तब मैले सबै गुमाएको थिएँ । मेरो एउटा खुट्टो पनि थिएन, म जेलका ठुलो डण्डीभित्र कैदी मुसो भएर रहें । न त विशाल पहाड खोत्राएर लालकिल्ला स्थापित गर्ने सकें... र... पनि अपशोच र ग्लानि छैन । तर भाइ यो पनि लेख्न नभुल्नु कि तिउकेले मोर्चा युद्ध लड्न नपाएकोले दुःखी नै भएर मर्ने छ ।

उसले भित्तामा अडेस लगाएर आफ्नो अतित भनिरहेको थियो । मेरो कलम छातीबाट स्याही निकालेर अक्षरशः गर्दै थिए । म निकैबेर रोकिएँ । तिउकेले बाँकी कथा किन नबढाएको भनी मैले शिर र ध्यान कापीबाट उठाएर उसलाई हेरें । ऊ आँखा चिम्लेर भित्तामा अडिक थियो । मैले झक्झकाएँ र ऊ विपरीत दिशामा लर्कियो । उसका दुवै मुट्ठी बन्द थिए । बन्द मुट्ठी निर्जीव भएर धूलो माटो भुईंमा छरियो । उसका बेजान मुर्दा आँखा एकहोरो भुइँमा छरिएको माटालाई नियालिरहेको थिए । ■■

कविता

# हामी कहाँ आइपुग्यौं ?



✍ **महेशराज खरेल**

सभ्यता खोजीको मार्ग पहिल्याउँदै
कहिले हिँड्दै त कहिले दौड्दै
अनि कहिले बेस्सरी त कहिले सुस्तरी
निरन्तर थियौं हामी उद्देश्यको बाटोमा
कैयौं उकाला ओराला
केही छड्के भिराला
कति थिए ती डरलाग्दा
कुनै अलिअलि करला
कतै कतै थिए सम्म चौतारा
मनको पाटोमा रहरलाग्दा
परिवेशहरूको सङ्गमस्थल
नाघ्दै छिचल्दै मनको बाटो
देउराली छिचोलेर जीवनको
बोकेर अमिट उद्देश्य यो
पुग्ने लक्ष्य क्षितिज नाघी
माथि निकै माथि
नजिकै त्यो नभएको
थोरै मात्र छिचोल्न बाँकी थियो
गल्छेडाहरू ती पुराना मान्यताका
झुल्किनै लागेका थिए किरणहरू
नयाँ बिहानी बोकेर सभ्यताका
सानासाना मसिना
मानिसका अनेकौं चाहना कतै छोपिएर
हराएका थिए बिपनाहरू सपना भएर
खोतलेर तीनै सपनालाई
जगाएर तिनलाई फेरि बिपना बनाएर
एउटा समृद्ध राष्ट्र निर्माणको बाटोमा
हिँड्ने अठोट गर्दैगर्दा वा भनौं
देशका बेथिति र भ्रष्टाचार हटाएर
जगाउन सुशासन र सदाचार
सानो प्रयत्न हाम्रो अभियानको
चाल्दै गर्दा
पाइला समय त्यो बिहानीको
अनायास !
अनायास यस्तो विपरीतको
हठात् !
भयङ्कर डरलाग्दो
कतै कल्पना पनि नगरिएको
सपनामा पनि नदेखिएको
कतै सानामा
केटाकेटी हुँदाताका
हजुरआमाहरूले डर देखाउन भनिए जस्ता
भयङ्कर प्रलयकारी
दन्त्यकथामा वर्णित ती राक्षसजस्ता
जिम्मेदारी र जवाफदेही केही नरहेका
कुत्सित स्वार्थको झोली भिरेका
रूपमा त मानिस जस्तै देखिएका
तर होइनन् ती मानिस विवेकका
स्वभाव र कुकृत्य सबै नै छन्
राक्षसका जस्ता देखाउँदै ताण्डव
कुल्चिएर सबै मूल्य र मान्यता
उब्जाइएको शासन व्यवस्था
हेर्दा मलाई लाग्छ
सफलताको खोजी गर्दै
उकालो निस्किएका हामी
कहाँ बाटो बिरायौं हामीले
विफलताको यो गहिरो खाडीमा
निस्कनै मुस्किल हुने गरी
खँदारिन पुगेछौं आज हामी
अब फेरि बेग्लै उद्देश्यको मार्ग पहिल्याउन
बाटो बदल्नु परेको छ
अबको सडक यस्तो फराकिलो होस्
जहाँ हामी सबै एकसाथ हिड्नसक्ने बनोस्
त्यस्तो एक परिवेश निर्माणको
आज ठुलो सङ्कल्प गर्नु परेको छ ।

*कोटेश्वर, काठमाडौं ।*

कविता

# प्यारो बसबिट्टी



✍ **मणिराज सिंह**

कतैबाट नछेकिएको
कसैले नबिटुल्याएको
त्यो खुला आकाश
अनि त्यो शान्त गल्ली र सडकमा
परबाट आइरहेको धान कुट्ने मिलको
मधुर आवाज
साँझ, बिहान गोरु जोतेर खेतमा
गाईबाख्राको बथानसँग लुटपुटिएर
एक्लो उपेन्दरसित फर्किरहेको भेटिन्छ
सिङ्गो बस्ती
प्यारो बसबिट्टी ।
उमेरको उकाली ओरालीमा
चाउरिएको एक मुट्ठी मन पोको पारेर
खुला चोकमा
अमना बुढी, आँखा डुलाउँदै चारैतिर
सुरुप्प सुरुप्प पिउँदै
दिन छोट्याइरहेकी हुन्छिन्
चियाको घुट्कोसित
लाज उध्रिएको चोलीमा
मक्किएर ठाउँ कुठाउँ
सपनाको सुसेलीमा
बेली, चमेलीसँग
प्यारो बसबिट्टी ।

नाङ्गो खुट्टा हिँडेर
कदमको बुढो रूखमुन्तिर
रामचन्दर भट्याइरहेको भेटिन्छ
आँसुका अवशेषबिच
आफ्नै सुस्केराहरू
कर्मशील पाखुरीहरू बजाउँदै
भेटिनुहुन्छ कहिलेकाहीं
इन्द्र जेठा बुबा
बुढेसकालमा पनि
रवाफिलो पारामा
ठिङ्ग उभिरहेको खाँबोझैं
इमान्दारीताको धरोहर
प्यारो बसबिट्टी ।

हिंडदा हिंड्दै रहरका आलीहरूमा
अल्झाएर स्वप्न गुराँसहरू
विक्रम काका
बालकजस्तै
जीवन दौडमा भासिँदा भासिँदै पनि
गुलाफी फूलहरूका क्षितिजभरि
मगमगाइरहनु हुन्छ
समयको क्यानभासजस्तै गोरेटाहरू पछ्याउँदै
प्यारो बसबिट्टीसँगै ।
जङ्गहा खोलावारि
लहलह धानका बालाहरूमा
ऐश्वर्यका रीतहरू सुसेल्दै
फुलेका फाँटहरूमा
जूनको शीतलता उन्दै
तोरीका पहेला फूलहरू झुल्छन्
कुलाको सलल पानीमा
मदन दाइको आवाजसँगै
आँपको दाना मगमगाउँछ
गहुँका मनहरू फल्छन्
बबुराहरूको कालोपाटीमा
शीतल, शान्त र समृद्ध आकाशसित
लुटपुटिएर
प्यारो बसबिट्टी ।



# गजल

✍ यामजोम थिङ

हरियो भित्तामा टाँसेको कालो फ्रेमझैँ लर्किंदै छ यो जीवनी
बारम्बार कमला मुड्की लागेको सिसाझैँ चर्किंदै छ यो जीवनी

ठुलो भुमरीमा परेको नाउजस्तै भइरहेको छ जिन्दगी नि
न यता न उता एउटै दिशामा घुम्दै खर्किंदै छ यो जीवनी

मनको लड्डु घिउँसँग खाएर रमाएँछु कपोकल्पित सुखमा
मनका पीडाका बादलहरू समेटेर दर्किंदै छ यो जीवनी

उद्देश्य तय गर्न सकेर मात्र के घमन्ड देखाउनु खोइ ?
बाटो बिर्सेको बटुवाझैँ एक ठाउँमा फर्किंदै छ यो जीवनी

बिर्सेका मिठा मिठा यादहरूलाई ताजा बनाएर वेला वेला
घाउहरूमा नुन, चुक अनि खुर्सानी छर्किंदै छ यो जीवनी

*कक्षा १०, लर्डस् लाइट एकेडेमी ।*

# गुणको ज्ञान



✍ डा. मोहन उपाध्याय ढकाल

गम्भीर गुणको ज्ञान गरौं गौरव गम्कने ।
चुँडाई चञ्चले चाल चलौं चमक्क सम्कने ॥

खराब खाना खानाले खति पार्दछ देहमा ।
रविको रसिलो रश्मि रक्षा गर्दछ गेहमा ॥

कुमति कुकृति कालो कुलमा कट्कटाउँछ ।
छर्लङ्ग छलीको छाया छलले छट्पटाउँछ ॥

पारेर पापको पोको पवित्र पन मास्तछ ।
गरिमामा गरी गाँठो गड्गटे गुण गाँस्तछ ॥

फुल्दछन् फूल फक्रेर फल मिल्दछ फापको ।
रक्षा रमेशले राख्छन् राम्रो रेटेर रापको ॥

पानी पवित्र पारेर पिएमा पाप भाग्दछ ।
धरणीमा धर्म धेरै धीरता साथ जाग्दछ ॥

सुकर्म सर्वदा शर्म शुद्ध बन्दछ शोभन ।
सबैमा शुभ सद्भाव सदा चाहन्छ मोहन ॥

*विराटनगर ३, हालः सातदोबाटो, ललितपुर*



# ठेकुवा र ठेकुली

✍ **सागर विष्ट**

कुनै एक गाउँमा ठेकुवा र ठेकुली नाम गरेका श्रीमान श्रीमती बस्थे । घना जङ्गलको नजिक उनीहरूको गाउँ थियो । गाउँलेहरू उनीलाई ठेकुवा र ठेकुली भनेर बोलाउँथे । गाउँलेहरू उनीहरूको नाम नराम्रो भनेर खिसी गर्थे ।

एक दिन श्रीमती ठेकुलीले भनिन्, "बुढा ! हाम्रो नाम छैन ? सबैले नराम्रो भन्छन् ।" बुढाले भने, "हो बुढी, हाम्रो नाम राम्रो भएन । यसैले सबैले हेपेका हुन् । म बिहान चाँडै उठ्छु । तिमी पनि चाँडै उठ । हाम्रो नाम के राख्ने भनेर खोज्न जान्छु ।"

भोलिपल्ट बिहानै चाँडै उठिन् र बुढाका लागि रोटी र तरकारी बनाइन् । बुढा पनि चाँडै उठे । बुढाले खाएर निस्के । बुढा पल्लो गाउँतिर लागे । पल्लो गाउँ पुगेपछि एउटा घरको आँगनमा बढार्दै रहेकी महिला देखे ।

ठेकुवाले सोधे, "हजुरको नाम के हो ?" महिलाले भनिन्, "कि मेरो नाम लक्ष्मी हो । किन र के चाहियो ?"

ठेकुवाले "होइन यत्तिकै भनेको हुँ" भनेर पल्लो घरतिर लागे । एउटा घरको नजिकै एकजना मान्छे बसिरहेको थियो । ऊ भिखारी थियो । ठेकुवाले सोधे, "हजुरको नाम के हो ?' उसले भन्यो, "धनपति हो ।'

ठेकुवाले मनमनै भने, "लक्ष्मी नाम भएको जस्तो मानिसले आँगन बढार्दै छ भने धनपति जस्तो नाम भएको मान्छेले भने भिख मागिरहेछ ।"

झमझम पानी पऱ्यो । एउटा मानिस मरेको थियो । ठेकुवा त्यो मरेको मानिसको बाँस तल गएर आफ्नो शरीरलाई छोपिरहेका थिए ।

ठेकुवाले सोधे, "हजुर यो बितेको मानिसको नाम के हो ?"

उनीहरूले "उसको नाम अमर हो" भने ।

त्यहाँबाट घर फर्किंदा ठेकुवाले मनमनै भने, "लक्ष्मी जेसी आँगन झाडे, धनपति जेसा भिख मागे, अमर जेसा मरगया तो हाम्रो नाम ठेकुवा र ठेकुली ठिक हो ।"

त्यसैले आफ्नो नाम जस्तो छ त्यस्तै ठिक हुन्छ भन्ने सोच्दै ठेकुवा आफ्नी श्रीमती भएको ठाउँमा गएर भने, "हेर बुढी, हाम्रो नाम जे छ त्यही ठिक छ । मानिस नामले भन्दा कामले ठुलो हुनुपर्छ ।"

एक दिन ठेकुली धारामा पानी लिन गइन् । दुई जना गाउँले हाँस्दै भने, "हेर न, हेर न ठेकुली आई ठेकुली ।"

अर्की गाउँलेः "नाम पनि कस्तो हो ? ठेकुली रे !"

गाउँले : अँ भनेको, ए ठेकुली ! के हो ? यो ठेकुली भनेको हा .... हा...

ठेकुली : जेसुकै होस् । अर्काको नाममा किन खिस्सी गरेको ? ■■

*- महान् सिद्धार्थ हाई स्कुल, बौद्ध ।*

बालकथा

# फोहोरी चरा



✍ **गोपालकुमार मैनाली**

बहिनीलाई आफूसँगै विद्यालय लैजाने र ल्याउने जिम्मा मेरै थियो । बहिनी इच्छालाई विद्यालय जाँदा जहिले दुई चुल्ठा कपाल बाटिदिनु पर्ने । दुई चुल्ठामा रिबनका फुर्का बनाउँदा विद्यालय जान हतार हुने । हामीले कपाल कोर्ने र पोसाक लगाएर तयार हुँदा आमाले भात पस्केर ठिक्क पार्नुहुन्थ्यो ।

विद्यालयको पोसाक लाएर मात्रै हामी भात खान्थ्यौं ।

प्रार्थना लाइनको घन्टी बज्ने डरले बहिनीलाई हात समाएर छिटो छिटो विद्यालय जान्थ्यौं ।

झुलुङ्गे पुल तरेर पारिपट्टि भित्तामा हाम्रो विद्यालय थियो ।

विद्यालयको चौरको छेउमा ठुलो रूख थियो । त्यही रूखमुनिबाट हामी विद्यालय छिर्नुपर्थ्यो ।

संयोगले रूखमा बसेको चराले दिसा गऱ्यो । बहिनी इच्छाको टाउको र पोसाकमा दिसा लाग्यो र सेतै भयो । इच्छालाई त थाहा भएन तर मैले यो फोहोर लागेको सबै देखेँ।

मैले भनेँ, "ला इच्छा तेरो टाउकोमा त चराले दिशा गरिदियो ।" मेरो कुरा सुनेर इच्छा अत्तालिन पुगी ।

चराले आफ्नो टाउकोमा दिसा गरिदिएको थाहा पाएपछि इच्छाले दौडेर गएर मिसको हात समाएर भनी, "मिस ! रूखमा बसेको चराले माथिबाट दिसा गरेर मेरो टाउकोमा र कपडामा फोहोर बनाइदियो ।"

मिस, "त्यो चरालाई टोइलेटमा दिसा गर्नु भनिदिनु ल ! नत्र 'डाइपर' लगा भनिदिनू ।"

इच्छाको बालसुलभ तर्क सुनेर गुरुआमा मुसुक्क हाँस्नु मात्रै भयो । अनि इच्छाको हात समातेर धारातिर लगेर कपाल र कपडामा लागेको चराको दिसा धोइदिनुभयो ।

अनि गुरुआमाले इच्छालाई सम्झाउँदै भन्नुभयो, "म त्यो बदमास चरालाई जथाभावी दिसा नगर्नु भन्छु । सम्झाउँछु । मानेन भने त्यसलाई रूखमा बस्नै दिन्न ।" गुरुआमाको कुरा सुनेर इच्छा खुसी भई । दौडेर गएर प्रार्थना लाइनमा उभिई ।

विद्यालय छुट्टी भएपछि हामी घर आयौं । मैले यो कथा आमालाई सबै सुनाएँ । आमा मरीमरी हाँस्नुभयो ।

आमाले भन्नुभयो, "कस्तो फोहरी चरा ।" ■■

*- काठमाडौं ।*

कविता

# रक्सी बजार
## (चेतना, व्यापार र राजनीति)



✍ **डा. हरिकुमार श्रेष्ठ**

हिजो आज
यो सुन्दर र शान्त
पवित्र धरतीमा
रक्सीको धन्दा
रकेटझैं उडिरहेको छ ।

उभिएका छन्–
पुरानो बोत्तल - पुरानो रक्सीमा,
पुरानो बोत्तल - नयाँ रक्सीमा,
नयाँ बोत्तल - पुरानो रक्सीमा,
नयाँ बोत्तल - नयाँ रक्सीमा ।

विभेदको जोडघटाउ छ
पुरेर चिहानघारीमा
नेपाली माटोमै उम्रेका
साधारण प्याकका
जाँड, तोम्बा र तीनपाने रक्सी
त्यसैले त,
रोकिएका छन् यिनका पाइलाहरू
आमाको काख ओझेल पार्दै
माटोको सुगन्ध कुल्चिँदै ।

तर सुकिला मुकिलाको
तामझाम र हर्षोल्लासले
विदेशी माटोमा उम्रेका
चम्किला प्याकका
वाइन, भोड्का र ह्विस्कीलाई
नौमती बाजा बजाउँदै
नाचगानका साथ
स्वागत गरिरहेका छन्

अनि त
खुल्ला छ यिनको सवारी
देशका कुनाकाप्चासम्म ।

आजको परिवेशमा
मैलाधैलादेखि सुकिलामुकिलासम्म,
देवदेवीदेखि विद्यार्थीसम्म,
पुजारीदेखि गुरुसम्म,
मेलापातदेखि सेमिनारसम्म
सबैको आँगन र भान्सामा
उभिएका छन् बोत्तलहरू
र रमाइरहेका छन् मद्यसेवीहरू ।

आज
चर्को छ रक्सीको विज्ञापन
रङ्मङिएका छन्
पोस्टर, ब्यानर र प्लेकार्डले
सहर बजारदेखि गाउँघरको आँगनसम्म
भिडमा नृत्यको धमाका मच्चाउँदै
गीत, कविता, गजल र सायरी सुनाउँदै
रक्सीको निरन्तर शङ्खघोष गर्दै
बाजा बजाइरहेका छन् ।

जनताको आँखामा
धुवाँजस्तो अन्यौलता छ
तर उनीहरू बुझ्दै छन्
पोस्टर र बोत्तलको भिडमा
फेरिंदै चम्किरहने
राजनीति र संस्कारको बजार ।

*- नागार्जुन-१०, काठमाडौं ।*

कथा

# अनौठो सपना !



✍ **अनिता कोइराला**

अशिनपसिन भएर लुछुप्प भिजेकी थिएँ । स्वरतन्त्री अवरूद्ध थियो । हतासिएर जुरूक्क उठें । खाटको छेउमा पानीको बोतल मलाई नै हेरेर नजिकिँदै थियो । लम्किए मेरो दाहिने हात पानीको बोटल समात्न ।

एक सासमा एक लिटर पानी स्वाट्टै पारें । होसमा फर्किएँ ।

बाफ्रे !! बाफ ! कस्तो अचम्मको सपना ! यो सपनाको अर्थ के होला ? कसलाई सुनाऊँ ! अनि झट्ट सम्झिएँ भारतीलाई ।

झ्याप्प हातमा मोबाइल उठाएँ ।

"हेल्लो भारती ! हेर् न, कस्तो डरलाग्दो सपना देखें, मुटु नै अझ कामेको छ ।"

"किन आत्तिएको ! के देखिस् त्यस्तो डरलाग्दो सपना ? आजसम्म तैंले सपनाको कुरा गरेको त मलाई थाहा छैन । पक्कै केही विशेष नै हुनुपर्छ सुना न ।"

भारतीलाई सपना सुनाउन थालें ।

सपनामा त सत्ता परिवर्तन भएको रहेछ ।

घरघरमा डरलाग्दो मातृसत्ता हावी भएको । नारीहरू शक्तिशाली भएका, दम्भ र अहङ्कारले चुर भएर विप्लवी बनेका । बदलाको भावमा आँखा नदेख्ने भएका । अहो ! सही गलत छुट्याउन नसकेर उदण्ड मच्चाउँदै घरघरमा कलह र अशान्ति मडारिएको । नर्कजस्तै समाज । जम्मै चिच्याइरहेका । कराइरहेका, चारैतिर अस्तव्यस्त । भद्रगोल अवस्था । नारीहरू पुरूषको अस्तित्वमा धावा बोलिरहेका । घरघरमा पुरूषहरूलाई दमन शोषण गर्दै अघोर अत्याचारको घिनलाग्दो ताण्डव मच्चिएको । नारीहरूको अत्याचार सहन नसकेर कैयौं पुरूषहरू आत्महत्याको बाटो रोज्दै गरेका । कोही जिउँदै मरेसमान जिन्दगी बिताउँदै गरेका ।

कुनै समुदायमा चाहिँ श्रीमान्हरू अगाडि आएका रहेछन् तर पनि श्रीमान्को नामले चिनिनुपर्दा नारीहरूको अङ्हकारमा ठेस पुगेर आकुलव्याकुल हुँदै पुरूषहरूमाथि घरेलु हिंसा, मानसिक यातना र यन्त्रणा दिँदै गरेका । कैयौं नारीहरू पुरूषको नामले चिनिनुपर्दा सारीको सप्कोले नाक मुख छोपेर लाज मान्दै हिँडेका थिए । छोरा मान्छेहरू सबै सारीमा सजिएका र छोरी मान्छेहरू दौरासुरूवालमा ।

पुरूषहरू पृथ्वीझैं शान्त । सहनशील, दया, माया र प्रेमजस्ता मानवीय गुणले ओतप्रोत भएर धराको सौन्दर्य बढाएका । परिवार र समाजको खुसीका लागि आफ्ना रहर, इच्छा र सपनाहरूलाई पैतालाले कुल्चिँदै मुसुक्क मुस्कुराएका ।

कस्तो अचम्म ! नारीहरूको त्यस्तो भयङ्कर रूप देखेर पनि पुरुषहरू रत्तिभर विचलित थिएनन् । पुरुषहरूमा त्यो डरलाग्दो शान्ति देखेर म डराएकी थिएँ ।

कतै विनाश अगाडिको शान्ति त होइन ? आफैंलाई प्रश्न सोध्दै थिएँ ।

नारीहरूलाई पुरुषहरूले यदि त्यो अत्याचार गरेको भए कत्रो हङ्गामा हुने थियो । तर पुरुषहरू नारीको इच्छाविपरीत केही नगर्ने । मौनताको मफलरले मुख छोपेका । अचम्म जम्मै पुरुषहरूले श्रीमतीको मुख हेरेर मात्रै कुनै पनि कुराको निर्णय लिएका ।

लक्ष्मी र सरस्वतीका जम्मै गुणहरू पुरुषहरूमा सरेको । नारीहरू महिषासुरजस्ता भएका । निकै कठोर र संवेदनाहीन हेर्दै डरलाग्दा नारीहरू, कति विरूप ! दया, माया, प्रेम जम्मै हराएका, पूरै यान्त्रिक । युद्धमा होमिएका लडाकुजस्ता । आँखामा विद्रोहको अग्निशिखा उठाएका ।

आर्थिक, सामाजिक, राजनीति आदि सबै क्षेत्रमा नारीहरू सक्षम, सबल र सशक्त । पुरुष घरभित्रको थपना मात्र ।

पुरुषलाई नारीहरूले घरमा बेहुला बनाएर ल्याउँदै दासलाई जस्तो व्यवहार गर्ने परम्परा । नारीहरू नै हर्ताकर्ता । नारी नै घरमुली । नारी नै सबैतिर सम्मानित र पूजनीय भएका । पुरुषहरूलाई त मान्छे नै नगन्ने । हरेक दिन पुरुषको भावनासँग खेलबाड गर्ने । जति चोट र पिर परे पनि महिलाका आँखामा आँसु सुकेको ।

पुरुषहरू निरीह भएर जीवन घिसार्दै गरेका । अराजक स्वास्नीहरूसँग जित्न नसकेर इज्जतको डरले साँगुरिएका । समाजको डर र परिवारको एकताको लागि मुखमा बुझो कोचेका ।

पुरुषहरू पीडाको समुद्र बोकेर बसेका र उनीहरू नै छिट्टै चित्त दुखाएर धुरुधुरु रुँदै गरेका ।

पुरुषहरू रुँदा नारीहरू कम्मरमा हात राखेर उपहास गर्दै चारजना भद्र कहलिएका महिलाहरूकै अगाडि कर्कश स्वरमा बोल्दै गरेका, "गोहीका आँसु यहाँ आएर नझार । यी पुरुषका आँखामै आँसुको मूल हुन्छ । कुरो न कुरोको बाउ, तुरुक्क झारी गयो, कुकुरको मुत ! भित्र जा झट्ट भान्सा तयार गर् । लोग्नेमान्छे भएर के हाम्रा कुरा सुन्न आएको ...!"

भारती, मैले पुरुषहरू त्यसरी डाँको छोडेर रोएको त सपनामा पो देखें । रोएपछि पो शान्त हुँदा रहेछन् ती आत्माहरू पनि । कस्तो अचम्म । आइमाईको त्यो रूप त कस्तो डरलाग्दो पो हुने रहेछ ...।

"अनि के देखिस् भन्न पूरै । मलाई त कस्तो आनन्द आउँदै छ तेरो सपनाको संसार सुन्दा त, भन् चाँडो ..."

म फेरि सपनामै फर्किएँ–

कुनै पनि ठाउँमा पुरुषहरू अगाडि आएको नारीहरूलाई मनै नपर्ने । पढेलेखेका पुरुषहरूले पनि आफ्नो रहर इच्छाहरू परिवार र समाजका लागि मार्नु पर्थ्यो । नारीहरूको

कृपाले मात्र केही कोही अगाडि बढेका तर जुन परिवारमा पुरुषको मान-प्रतिष्ठा उच्च हुन्थ्यो, त्यो घरका आइमाई बौलाउँथे ।

अझ लोग्नेको मानसम्मानका कार्यक्रममा श्रीमतीहरू जान असहज मान्थे । गए पनि घरमा आएपछि कुण्ठा र अभिमानले आक्रान्त मनको पीडा लोग्नेलाई पोख्थे ।

अपमान गर्थे, बाहिर जो आइमाईसँग बोलेको हुन्थ्यो, उसैको बात गलाई दिने । समाज पनि त्यस्तै, बातबातमा पुरुषहरूको चरित्र हत्या गरिदिन्थ्यो ।

पुरुषहरू के बालक, के युवा, के वृद्ध सबैले अन्याय र अत्याचार सहनु परेको थियो।

हुँदाहुँदै पुरुषहरू बलात्कारको सिकारमा पर्न थाले । साना साना बाबुहरू आफ्नै आँगनमा असुरक्षित थिए । तर पनि दोष पुरुषकै हुन्थ्यो । गर्मी भएर गन्जी लगाएकोले बलात्कृत हुनु परेको रे !

हिँड्ने, बोल्ने, लगाउने अनुशासन नभएर छाडा हुँदाको नतिजा हो रे भन्दै नारीहरूले भीषण कुरा काटेको पनि सुनेँ ।

रामजस्ता पुरुषहरू स्वास्नीको सम्मान र उपलब्धिमा हिमालझैँ अग्लिएर मुस्कुराउँथे । श्रीमतीको जितमा गुलाफझैँ फुल्थे । श्रीमतीको साथमा आफू उभिन पाउनु सौभाग्य ठान्थे । सीताहरू जसरी हुन्छ श्रीमान्को आत्मबललाई कमजोर पार्न पछि पर्दैनथे । पलपल उपेक्षापूर्ण बोली बोल्थे । शङ्काको रेतीले भ्याएसम्म लोग्नेको सिर्जनशीलता नामेट पार्थे ।

क्षमतावान् पुरुषहरू पनि बोल्न, हाँस्न र हिँड्न अनुमतिको भिख माग्नुपर्ने अवस्थामा थिए ।

ती घरभित्र स्वास्नीलाई सहयोग गरेर बसेका पुरुषहरू कमजोर भएर होइन पारिवारिक एकता जोगाउन आफूलाई मार्थे । सहन्थे स्वास्नीको अन्यायपूर्ण व्यवहार ।

उनीहरू नारीको छत्रछायामा बाँचेका निरीह पशुजस्तै देखिन्थे । सबै कुरा थाहा हुँदाहुँदै चुपचाप सहन्थे । समाज र परिवारमा एकता र शान्ति चाहन्थे ।

म पनि त्यहाँ निकै रवाफ देखाउँदै रहेछु । म पनि त्यही नारीहरूको अग्रपङ्क्तिमा उभिएकी रहेछु ।

सीता, राधा, पार्वती जम्मैले आफ्नो पुरुषलाई दास बनाएका । सीता त झन् उग्र भएर श्रीमान्लाई सबैको अगाडि गालीगलौज गरिरहेकी । महिलाहरू मात्रको वर्चस्वमा निकै ठुलो छलफल हुँदैथियो । पुरुषहरू शिर निहुर्‍याएर सभाको शोभा मात्र बढाएका, ओठ सबैका बन्द थिए ।

राधा ठुलो स्वरमा बोल्दै थिई, "यी लोग्ने मान्छेको नियत नै ठिक छैन । घर बस्यो, कमाएर ल्याइदिने हामी छँदै छौँ, कमाउनु परेको छैन । भातका भकारीहरू । स्वास्नीहरू दिनरात पसिना बगाएर घर र परिवार भन्दै रगत सुकाएका छन् । यी डाम्नाहरूलाई भने दारी खौर्‍यो, जुँगा मिलायो, ऐना हेर्‍यो, दिनभरि मोबाइलमा गफ चुट्यो बस् !

त्यसको बाउले पनि केही सिकाएनछ । बाउ गतिलो भए पो छोरो गतिलो होस् । कस्ता कुलङ्गारको परिवारसँग नाता जोड्न पुगिएछ । धिक्कार होस् ! मेरो त भाग्यै खोटो । यस्तो अलच्छिना पोइ पऱ्यो । कस्ता कस्ता घरबाट कुरा आएको थियो । मेरो खप्पर यो बजियाको त न काम गर्ने ढङ्ग छ, न मान्छेको अगाडि बोल्न नै आउँछ । कतै लिएर हिँड्नु पर्दा लाजै लाग्छ । अनपढ गँवार । कस्तो  स्वाँठ ! कस्ता दिनमा भित्र्याएछु नि, हे भगवान्, यसलाई लोग्ने बनाएर !

होइन, माइतीले पनि केही सिकाएका रहेनछन् ? स्वास्नीको घरमा गएपछि राम्रोसँग घरव्यवहार सम्माल्नुपर्छ, स्वास्नी र स्वास्नीका नातागोतालाई मान, सम्मान गर्नुपर्छ, पाखे त परे, के जान्दथे यस्ता कुरा ।"

उपस्थित महिलाहरू एकै स्वरमा चिर्बिराए । सबैले तिघ्रामा ताल ठोके ।

राधाको आमा अझ च्याँठिदै कुर्लिइन्, "हामीले त हाम्रा छोरालाई बिदा गरेर पराइ घर पठाउँदा केहीको कमी गरेनौँ, जम्मै थोक सिकाएर पठाएको थियौँ ।

सदैव झुक्नुपर्छ है बाबु, जति दुःख परे पनि सहनू । घरका मान्छेका अगाडि कहिल्यै ओठ नखोल्नू । माइतीको इज्जत जान्छ । छोरा मान्छे भएपछि सहेर बाँच्नुपर्छ । पुरुषको शरीर लिएर आएपछि अहम् गर्न कहाँ पाइन्छ र बाबु ? पापी भएर नै पुरुषको जन्म भएको हो र धर्मले पनि यही भन्छ । त्यसैले घरकाले जे भन्छन् चुपचाप मान्नू । मेरा छोरा जस्तो कहाँ पाउनु, ज्वाइँचैँ कामै नलाग्ने परे के गर्नु ?"

राधा फेरि लोग्नेमाथि जाई लागी, "चुपचाप लागेर बस्ने । होइन भने तेरो बाउको घर खुरुक्क जा । बाटो खुल्ला छ । स्वास्नीले छोडेको पोइ भनेर समाजले तँलाई नै थुः थुः गर्छन् । तेरै चरित्रमा प्रश्न उठ्छ । हामीलाई त के दसओटा केटा फेर्दै हिँडे पनि हामी चोखा नै हुन्छौँ क्यार ! खुट्टा भएपछि जुत्ताको के कमी ? तेरो पो इज्जत नङको टुप्पोमा छ त ! आफ्नो इज्जत बचाउन मन छ भने चुपचाप म जे भन्छु त्यही मान्नु पर्छ । नत्र देख्लास् तेरो बाउको बिहे ।"

राधाको बोलीमा सबैले पुनः ताली ठोके ।

अनि पार्वतीले रामलाई इङ्गित गर्दै अझ ठुलो स्वरमा सभा नै हल्लने गरी बोल्न थालिन्, "हुन त अर्काको घर जाने जात भएर होला, यिनीहरूका माइतीले पनि हेला गरेको । यिनीहरूलाई जन्मघरमा त इज्जत छैन भने हामीले झन् के दिनु मान, सम्मान र इज्जत । कुन जन्मको पापले यी पुरुष जाति भएर सजाय काट्न आएका हुन् ? पापीहरू ।

घरमा श्रीमती हुँदाहुँदै यो साले अरू आइमाईसँग हाँसेर बोल्यो । अरूसँग बोल्ने पुरुष ठिक हुन्छ ? लु भनोस् तपाईंहरू नै ? अरू आइमाईलाई किन हेर्नु ? किन बोल्नु ? केही काम परे हामीलाई भन्नु पर्दैन ? आइमाईसँग बोल्न हामीलाई सहज होला कि यी अगतिला लोग्नेहरूलाई ?"

"यो चरित्रहीन हो । यसलाई जिउँदै जलाउनु पर्छ । यस्ता लोग्नेमान्छेले गर्दा समाज दुर्गन्धित हुन्छ ..."

अर्को नारी स्वर गुन्जियो, "मलाई नसोधी आज यो माइत गएछ । त्यसरी जान हुन्छ मेरो अनुमति नलिई ...?"

अर्की बोली, "आफ्नो मुहारपुस्तिकामा किन फोटो पोस्ट गऱ्यो यसले ? यसको मति ठिक छैन । घरभन्दा बाहिर रमाउन लागेको लोग्नेमान्छेको भर हुँदैन नि ! फोटो राख्ने बेला मलाई एक चोटि पनि सोधेन ? कतिसम्मको ढिट भएको यो पाजी । एकरत्ति डर नै छैन स्वास्नीको ... ।

यी आइमाईहरू पनि कमका हुन्छन् र भन्या अर्काको घर बिगार्न हात धोएर लागिपर्छन् । अर्काको लोग्ने भड्काउन, फकाउनलाई बुख्याँचा जस्तो फोटोमा पनि 'वाउ' लेखेका हुन्छन् ।

घरमा लोग्ने हुदाहुँदै अर्काको लोग्ने ताक्ने गर्छन् । यी ठुला भनाउँदा आइमाईहरू त झन् पैसा र पदको उन्मादले बौलाएका हुन्छन् । कसको भर गर्नु, कोही अछुतो छैनन् ।

त्यसैले मैले भनेको मान्नुपर्छ होइन भने आफ्नो बाटो लागे हुन्छ । जे मन लाग्छ त्यो गर्न मेरो घरमा पाइँदैन । म तँलाई हाँस्ने, बोल्ने र हिँड्ने स्वतन्त्रता दिन सक्दिनँ । घरबाट बाहिर हिँडेको फिटिक्क मन पर्दैन मलाई । जुन लोग्नेमान्छे लखरलखर बाहिर हिँड्छ, त्यो ठिक हुँदै हुँदैनन् । घरमा चित्त नबुझेर हिँडेको जस्तो लाग्छ मलाई ।"

बिचरा राम रातोपिरो भयो । केही बोलिसक्नु भए पो बोल्नु ! पार्वती राक्षस्नीजस्तै चिच्याइरहेकी थिई ।

मलाई अलिकति दया लाग्यो अनि रामको मनभित्र सुटुक्क पसेँ ।

राम सोच्दै थियो, "आफ्नो जन्मघर मात्र छोडेर आएको त थिइनँ । सुखद वैवाहिक जीवनको सपना सँगालेर सबै नैसर्गिक अधिकारहरूलाई दाउमा लगाएर आएको थिएँ । खोइ केका लागि ढलक्क ढाका टोपी ढल्काएर मुसुक्क हाँसेर आएको थिएँ मलाई नै थाह छैन यो आइमाईको पछि लागेर ? बाआमाले बढेको छोरो माइत बस्न हुँदैन भनेर बिदा गरिदिए । कर्म गरेर खा भनेर पराइको हातमा सुम्पिदिए अब कता जाऊँ ? न माइती आफ्नो हुने न घर । माया दया हराएकी स्वास्नीसँग कसरी दिन काट्नु ? विश्वासबिनाको सम्बन्ध कति दिन टिक्ला र !

केही गर्न खोज्यो खुट्टै भाँचिन्छ । अलि ठिक हुन्छ फेरि ठेस लाग्छन्, कहिले मर्किन्छन् यी गोडाहरू बलिया भएर पनि किन परजीवी भएका होलान् ? यी हातहरू पनि कति फैलिन सकेका ? कति विशाल कति कुरोलाई अँगाल्नु पर्ने छिः !

यी पखेटाहरू उड्न सक्ने भएर पनि किन कमजोर भएका ? कतिका पखेटाहरू

काटेर खेलौना बनाउँदै रमाएका छन् स्वास्नीहरू !

जन्मघरमा हुर्किएका सारा सपना, रहर र स्पृहा जम्मै लगनगाँठोमा पोको पारेर यिनको पछि आएको थिएँ ।

माइतीको छोड्दा माइतीको आँगन मात्र पोलिएको थिएन । मेरो थर र गोत्रसमेत पोलिएको थियो । थर र गोत्र मात्र भए त के थियो र त्यहाँ त मेरो एउटा चिता नै जलाएको रहेछ । आज बल्ल बुझ्दै छु । श्रीमतीको आँगनमा सानो र सुखी संसारको कल्पना गर्दै आमाको न्यानो मायालाई छोडेर । नौलो संसार बसाउन विश्वासको सगरमाथामा ठड्याएको थिएँ हृदयमा । अपमान र तिरस्कारको लात्ताले हानेर हरेक दिन मेरी स्वास्नी मलाई अपाहिज बनाउन खोज्छे ।

के थाहा मलाई श्रीमतीको दया र कृपाले मात्र मेरो अस्तित्वको रक्षा हुन्छ भनेर । बिहे गर्नु भनेको त एउटा सुन्दर जीवन समाप्त गरेर पो आउनु पर्ने रहेछ । मलाई के थाहा फेरि पनि पलपल जिउँदै कैयौं पटक मर्नुपर्छ भनेर । श्रीमतीलाई ईश्वर नै ठानेर, गोडैमा ढोगेको थिएँ । अग्निको सम्मुख जग्गेमा लिएका सातै फेरा र मन्त्रलाई साँच्चै ठानेको थिएँ धिक्कार होस् मेरो जीवन ।"

राम भित्रभित्र मडारिंदै आँसुको घुड्को निल्न विवश थियो । रामको हृदय छामेपछि मेरो हृदय करूणाले भरियो ।

अनि फेरि सुटुक्क हरिको मनलाई नियाल्ने कोसिस गरें । हरि भन्दै थियो, "बिचरा यो रामको जिन्दगी देखेर दिक्क लागिसक्यो । क्षमता हुँदाहुँदै श्रीमतीको छाया भएर घरलाई स्वर्ग बनाएको थियो । श्रीमतीको विश्वासमा आफ्नो सम्भावनाको द्वार बन्द गरेको थियो । परिवारको लागि आफ्नो अस्तित्व नै दाउमा लगायो । के गर्नु हाम्रो समाज नै उस्तै छ । आइमाईले जे गरे पनि छुट हुन्छ तर लोग्नेमान्छेको जिन्दगी त तरबारको धारमा हिंड्नुपर्ने । अनिश्चित भविष्यको त्रासले हामीहरू जन्मघरबाट बिदा हुंदा धुरूधुरु रून्छौं ।

स्वास्नीको घर पनि स्वर्गझैं होला भनेर विश्वासको सागरमा आँसु मिलाउँदै हाँस्छौं तर श्रीमतीहरू घोडा चढेर दुई चुल्ठो लर्काउँदै हाम्रो हुर्मत लिन्छन् । ढुङ्गाकै मुटु बनाएछन् कि क्या हो यी आइमाईहरूको भगवान्ले पनि ?"

भित्र जति बडबडाए पनि हरि निलो अनुहार लाउँदै बाहिरी ओठ बन्द गरेर अन्याय सहँदै थियो ।

म आत्तिएँ । दिउँसै पो सपना देखेकी रहेछु । तल गेटमा त नारी सशक्तीकरणको अभियानमा जान महिला समूहका दिदीबहिनीहरू बेजोडले डोर बेल बजाउँदै रहेछन् अनि पो झल्याँस्स भएँ भारती ।

भारती हाँसेको आवाजले गाउँ नै थर्कियो ।

म पनि हाँस्न विवश भएँ । हे भगवान् ! कस्तो अनौठो सपना ... ■■

# कस्तो मान्छे !



✍ राजेन्द्र श्रेष्ठ

जसले आजका दिनमा
गिद्धे दृष्टि लगाएर
सोझासिधा मानिसहरूलाई खेदो खन्दै छ ।

हेर, ऊ
शिखरको टाकुरामा पुगेको अभिनय गर्दै
सर्वोत्कृष्ट भएर उभिएको छ ।

यहाँ प्रत्येकको आँखाबाट
पीडाको आँसु बगिरहेछ
यहाँ प्रत्येकको मुखबाट
कोलाहल र क्रन्दन निस्किरहेछ
ऊ भने उन्मत्त भै
अट्टहास हाँसो निकालिरहेछ
सुसेली हाल्दै विजयको उत्सव मनाइरहेछ
अजिङ्गर बनी संसारलाई टोकिरहेछ
उसको बोलीमा बारूदको गन्ध छ
आँखामा ज्वाला दन्केको छ
सबैलाई डर त्रास देखाएर
सबैलाई घुँडा टेक्न लगाएर
आफू भने सम्राटको रवाफमा हिंडेको छ ।

तिमी हामी त यसै सिधा सादा
कतै टेक्ने खुड्किलो नभएको
कतै समाउने हाँगो नभएको
बेसहारा निमुखा
हामी के नै गनै सक्छौं र ?
तसर्थ, तिमी र हामी उसको चर्तिकला हेरौं ।

हेर, त्यो मान्छे
मदले मस्त मत्ता हात्तीजस्तै उन्मत्त भएर
हामीतिर हेर्दै, हुँकार गर्दै
हामीतिरै आइरहेछ ।

हामी गर्न पो के सक्छौ र
हामी चुपचाप उसको चर्तिकला हेरौं ।

*कागेश्वरी, मनोहरा-१, टुलाढिक ।*

# टुक्का कविता



✍ जनार्दन अधिकारी 'धड्कन'

१.
पर्खिबस्छु जीवनभर सहारा दिन आऊ
चाहनाको फूलबारीमा डुल्दै गीत नगाऊ ।

२.
शुक्र ताराजस्तै उज्यालो तिमी बन
उद्देश्यमा हिंड्ने गोरेटो आफैं खन ।

*- काठमाडौं ।*

कविता

# खुसी लुकायौ किन ?



✍ **ओम आचार्य**

साथी साथ थिए पछाडि कति छन् गन्दै नगन्ने किन ?
आँखा बन्द गरे कता किन झरे भन्दै नभन्ने किन ?
मैलो कल्मष त्यो विकार मनको छान्दै नछान्ने किन ?
अर्कै हात परे कहाँ किन झरे जान्दै नजान्ने किन ? ।१।

पाखा पर्वतका मनोहर छटा बेताज रित्ता किन ?
बस्ती गाउँ सबै उजाड सपना चर्केछ भित्ता किन ?
पुर्खाका पसिना झरेर असिना काली रुवायो किन ?
रक्षा खातिर आँट धीर बल खै ? सौर्यै हरायो किन? ।२।

धेरै नै दुविधा अपार सुविधा छाया नचाए किन ?
गाह्रो भो निलिँदैन गास सजिलै घाँटी समाए किन ?
स्वार्थैको बसमा परेर मनको आस्था जलाए किन ?
उल्कापात यहाँ अधैर्य विषका पोथ्रा पलाए किन ? ।३।

ज्ञानी जो नझुकी विधान विधिले सक्दैन टिक्नै किन ?
धेरै कोख खुले प्रदीप्त गनिने जन्मेन यौटै किन ?
चल्दै चाल कुचाल काल पहिरो बग्दै छ माटो किन?
आशा हो भरको निदान डरको छेक्दै छ बाटो किन ? ।४।

जन्मे बुद्ध यहीं दया र करुणा जाग्दै नजाग्ने किन ?
खोटी छैन कतै पवित्र धरती ध्यानै नलाग्ने किन ?
धर्तीकै मणि हुन् हिमाल चुचुरा छोप्दै छ फाँको किन ?
यौटै घाउ घरी घरी दुःख दिने रोप्दै छ काँडो किन ? ।५।

राखी उच्च समान भाव जनमा बत्ती नबाल्ने किन ?
सीमामा बलको छ प्वाल खलको टाल्दै नटाल्ने किन ?
आफू मात्र बडो हरेक दलमा औँसा र कीरा किन? ।
मौका आउँछ आउँदैन जहिले फोरिन्न हीरा किन ? ।६।

हुर्किन्थे कि कतै त बोट बिरुवा गोड्दैन इच्छा किन ?
प्रश्नै प्रश्न गरे न उत्तर दिए जोड्दैन शिक्षा किन ?
प्रज्ञा रुन्छ दुःखी हुँदै जन कवि घाँटी सुकायो किन ?
आशा मात्र फुऱ्यो फुरेन मन त्यो खुसी लुकायो किन ?।७।

*- अर्घाखाँची ।*

कथा

# समृद्ध नेपाल



✍ **इन्द्रप्रसाद गोतामे**
**(जगतजङ्ग)**

**दृश्य १: बिरानो सहर र स्वदेशको धुन...**

अमेरिका पुगेको एक हप्ता मात्र भएको थियो । छोरी र ज्वाइँलाई भेट्ने खुसी एकातिर थियो भने मनभित्र अर्कै एउटा सङ्कल्पको भारी थियो । बाहिर हेर्दा अमेरिका 'मानव-निर्मित स्वर्ग'जस्तो देखिन्थ्यो । चिल्ला सडक, गगनचुम्बी भवन र यन्त्रवत् चलिरहेको जीवन । तर, मेरो आँखामा भने रसुवाका पहाड, गाउँको उकाली–ओराली र बुढ्यौली लाग्दै गरेका ती घरका भित्ताहरू नाचिरहेका थिए ।

मेरो उद्देश्य स्पष्ट थियो– छोरीलाई उसको जरा सम्झाउनु र स्वदेश फर्काउनु ।

एक साँझ, कफीको चुस्कीसँगै मैले विषय प्रवेश गराएँ । "छोरी", मैले अलि गम्भीर भएर भनेँ, "तिमीले पठाएको पसिनाको कमाइले मैले गाउँमा र काठमाडौँमा घर ठड्याएको छु । काठमाडौँ र पोखराजस्ता सहरमा केही टुक्रा जग्गा पनि जोडिदिएको छु । म र तिम्री आमाको पेन्सनले मात्रै महिनाको ६५ हजार आउँछ । बैङ्कमा केही बचत पनि छ । हाम्रो आर्थिक अवस्था गाउँमा अरूको भन्दा निकै सबल छ । अब कति अर्काको देशमा खटिनु ? नेपाल फर्कौं, उतै केही उद्यम गरौँ, हुन्न?"

छोरीको अनुहारमा एउटा अलमल देखियो । उनले भनिन्, "बुबा, नेपाल फर्केर के गर्ने ? त्यहाँ उद्योग-व्यवसाय गर्ने वातावरण नै छैन । नीति-नियम कति अस्थिर छन् । फेरि नेपाल अमेरिकाको तुलनामा धेरै पछाडि छ । बरु मेरो सल्लाह मान्नुहुन्छ भने– उताको सबै सम्पत्ति बेचेर बुबा–मुमा नै यतै आउनुहोस् न, हुन्न र?"

मलाई अलि चसक्क भयो । मैले सम्झाएँ, "कुरा त्यसो होइन छोरी । तिमी १२ कक्षा सकिने बित्तिकै यता आयौ । तिमीले देशलाई तस्बिरमा त देख्यौ, तर त्यसको आत्मालाई बुझ्न पाइनौ । आफ्नो माटोको सुगन्ध र महत्त्व तब मात्र थाहा हुन्छ, जब मान्छे पराई धर्तीमा पसिना बगाउँछ ।"

लामो छलफल र बहसपछि छोरीको मन अलि पग्लियो । उनले भनिन्, "ठिक छ बुबा, म देश फर्कनेबारे सोच्न तयार छु । तर मेरा केही जिज्ञासा छन् । मलाई मेरो देशको वास्तविक सामर्थ्य बुझ्न मन छ ।"

**दृश्य २: भूगोलको क्यानभास र समृद्धिको आधार..**

छोरीले सोधिन्, "बुबा, प्राकृतिक रूपले नेपाल साँच्चै संसारकै सुन्दर देश हो त ?"

मैले गर्वले छाती फुलाउँदै भनेँ, "हो छोरी, नेपाल केवल देश होइन, यो त प्रकृतिको जीवन्त सङ्ग्रहालय हो । पूर्वदेखि पश्चिमसम्म चाँदीझैँ टल्किने हिम-शृङ्खलाहरू, सिमसार र रामसारका निला कुण्डहरू, पहाडका कोखबाट झर्ने हजारौँ झरनाहरू । हाम्रा

उपत्यका, फाँट र खर्कहरूमा धुपी, सल्ला र लालीगुराँसका जङ्गलले दिने शीतलता अन्त कहाँ पाइन्छ र ? हिमाली भेगका सुन्दर मानव बस्ती, जहाँका मानिसको मन हिमालजस्तै सफा छ ।"

मैले अझ अगाडि थपेँ, "मध्य पहाडका महाभारत र चुरेका भिराला जग्गाहरू, पहाडी टार र बेँसीहरू, जहाँ हरेक जातजातिका आफ्नै संस्कृति र भेषभूषा छन् । अनि तराईका ती विशाल समथर फाँटहरू, चारकोसे झाडी र उर्वरभूमि, जहाँ सुन फलाउन सकिन्छ । जमिन, जङ्गल, जङ्गली जनावर, खानी र पानी– यी सबै हाम्रा समृद्धिका कच्चा पदार्थ हुन् । तर छोरी, विडम्बना के छ भने प्रकृतिको यो अपार 'समृद्धि' लाई हामीले 'मानव-निर्मित विकास' मा बदल्न सकेनौँ । आजको वास्तविक चुनौती नै प्राकृतिक पुँजीलाई आधुनिक विकाससँग जोड्नु हो ।"

**दृश्य ३: अर्थतन्त्रको पासो र दलाल पुँजीवाद...**

छोरीले अलि गहिरो प्रश्न गरिन्, "त्यसो भए बुबा, यति धेरै स्रोत हुँदाहुँदै पनि हामी आर्थिक रूपमा किन यति पछाडि त?"

मैले लामो सुस्केरा हालेँ र भनेँ, "यो नै हाम्रो मुख्य दुखान्त हो । नेपालको अर्थतन्त्र सदियौँदेखि गतिहीन रह्यो । जब हाम्रो अर्थतन्त्र सामन्तवादको जाँतोबाट निस्किएर पुँजीवादतर्फ पाइला चाल्दै थियो, त्यही बेला यो 'नव-उदारवादी दलाल पुँजीवाद' को पासोमा पऱ्यो । हामीले आफ्नो खुट्टामा उभिने उत्पादनमुखी अर्थतन्त्र बनाउनुको साटो विदेशी सामान बेचेर नाफा कमाउने बाटो रोज्यौँ ।"

मैले अलि प्रस्ट पार्दै भनेँ, "आजको पुँजीवाद 'उत्तर-आधुनिक' भएको छ। ठूला औद्योगिक राष्ट्रहरू, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो वित्तीय स्वार्थका लागि एउटा मोडेल बनाएर संसारभर फैलाएका छन् । नेपालले आफ्नो मौलिक आवश्यकता नहेरी त्यही विदेशी मोडेललाई अन्ध-नक्कल गऱ्यो । यसले गर्दा हामी आफ्नो मौलिकता गुमाउँदै परनिर्भर बन्दै गयौँ । आज संसार 'चौथो औद्योगिक क्रान्ति' को सङ्घारमा छ, तर हामी भने अझै अर्काकै उत्पादनको बजार बनेर बसेका छौँ ।"

**दृश्य ४: औद्योगिक क्रान्तिको बहस..**

छोरीले जिज्ञासाका साथ सोधिन्, "बुबा, तपाईँले चौथो औद्योगिक क्रान्तिको कुरा गर्नुभयो, यो भनेको चाहिँ के हो नि?"

मैले सजिलो गरी सम्झाएँ, "हेर छोरी, विश्वले विकासका चारवटा ठूला खुड्किला पार गरिसक्यो । १८औँ शताब्दीमा वाष्प इन्जिन (Steam Engine) बाट सुरु भएको पहिलो क्रान्ति, त्यसपछि १९औँ शताब्दीको मध्यमा बिजुली (Electricity) को दोस्रो क्रान्ति । २०औँ शताब्दीमा 'डिजिटल युग' को तेस्रो लहर आयो । र अहिले, हामी २१औँ शताब्दीमा छौँ, जहाँ नानो टेक्नोलोजी, जेनोम, र कृत्रिम बौद्धिकता (AI) ले संसार चलाइरहेको छ– यसैलाई चौथो औद्योगिक क्रान्ति भनिन्छ । तर विडम्बना, नेपाल अझै पहिलो औद्योगिक क्रान्तिको जगमै अल्झिरहेको छ । त्यसैले हामीले अब यी चारओटै

क्रान्तिलाई एकैसाथ अगाडि बढाउनुपर्ने चुनौती छ ।"

**दृश्य ५: भ्रष्टाचारको ऐँजेरू र छाया अर्थतन्त्र...**

छोरीले अलि चिन्तित हुँदै भनिन्, "तर बुबा, नेपालमा त व्यापक भ्रष्टाचार छ भनिन्छ नि, यसले त विकासलाई निल्दैन र?"

मैले भारी मनले स्वीकार गरेँ, "हो छोरी, भ्रष्टाचार एउटा रोग मात्र होइन, यो त एउटा समानान्तर 'छाया अर्थतन्त्र' नै बनेको छ । हुण्डी, सुनको अवैध कारोबार, जनशक्ति र पुँजीको पलायन, कमिसनतन्त्र, र कर छली जस्ता जालहरूले देशलाई नराम्रोसँग गाँजेको छ । हाम्रो पूर्वाधार विकासको प्रणाली नै प्रक्रियामुखी र ढिलासुस्तीको चक्रव्युहमा फसेको छ । उपभोक्ता समितिदेखि ठेकेदार र नीति निर्मातासम्मको 'सेटिङ' ले सार्वजनिक खरिद ऐनलाई समेत निकम्मा बनाएको छ । कानुन नै किनबेच हुने जस्ता विकृति विकासका लागि सबैभन्दा ठूलो तगारो हो ।"

मैले अझ थपेँ, "राजनैतिक अस्थिरताले गर्दा केवल 'उपभोक्तावादी संस्कृति' मौलायो । यो अवस्था बदल्न देशको पूर्ण विकास नहुँदासम्म एउटा वृहत राष्ट्रिय सङ्कल्प चाहिन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख वा केही दशकसम्मको राष्ट्रिय सहमतिको सरकारले मात्र यस्ता संरचनात्मक चुनौतीलाई चिर्ने आँट गर्न सक्छ ।"

**दृश्य ६: कृषि क्रान्ति र मौलिक समृद्धिको बाटो...**

छोरीले मेरा कुरा बुझेझैँ गरी टाउको हल्लाइन् र सोधिन्, "यो सब कसरी सम्भव छ त बुबा?"

म अलि उत्साहित भएँ र भनेँ, "हामीले अरूको अन्ध-नक्कल गर्ने होइन, आफ्नो मौलिक बाटो पहिल्याउनुपर्छ । विकासको ढोका बाहिरबाट होइन, भित्रैबाट खोल्नुपर्छ । हाम्रो मुख्य शक्ति भनेकै 'उत्पादन' हो । नेपाल कृषि प्रधान देश हो, त्यसैले कृषि र पशुपालनलाई निर्वाहमुखी होइन, उद्योगमा बदल्नुपर्छ । टुक्रा-टुक्रा जग्गालाई चक्लाबन्दी गरेर यान्त्रिकीकरण र व्यवसायीकरण गर्नुपर्छ । सरकारी फार्म, निजी कम्पनी, र सहकारीको सामूहिक शक्तिलाई प्रोत्साहित गर्दै 'उत्पादनको आधारमा अनुदान' दिने ठोस नीति ल्याउनुपर्छ ।"

मैले कल्पनाको तस्बिर कोर्दै भनेँ, "हाम्रा हिमाल र उच्च पहाडमा पाइने यार्चागुम्बा, पाँचऔँले र चिराइतोजस्ता बहुमूल्य जडीबुटीको व्यवसायी खेती गर्दै यसलाई विश्व बजारमा पुऱ्याउनुपर्छ । ओखर र फुजी स्याउको व्यावसायिक खेतीसँगै भेडा-च्याङ्ग्रा पालनलाई उद्योगको रूप दिनुपर्छ । हाम्रा हिमाली उत्पादनलाई पर्यटनसँग जोड्नुपर्छ । तराई र पहाडका पकेट क्षेत्रहरूमा धान, मकै र नगदे बालीको उद्योग चलाएर देशलाई आत्मनिर्भर बनाउनुपर्छ ।"

मैले अन्त्यमा छोरीको आँखामा हेर्दै भनेँ, "छोरी, हाम्रा परम्परागत सिपहरू जस्तै– लोकल रक्सी, जाँड, गुन्द्रुक, सिस्नु र अर्गानिक सामग्रीलाई 'नेपाली ब्राण्ड' बनाएर अन्तर ाष्ट्रिय बजारमा निर्यात गर्ने योजना बनाउनुपर्छ । जब हाम्रा गाउँ-बस्तीमा उत्पादनको

लहर चल्छ, तब मात्र 'समृद्ध नेपाल' को सपना साकार हुन्छ ।"

**दृश्य ७: अर्गानिक हब र विशिष्ट पहिचान...**

छोरीले सोधिन्, "बुबा, तर छिमेकी देशहरू चीन र भारतमा त ठूला मेसिन र सस्तो लागतमा धेरै उत्पादन हुन्छ, हामी उनीहरूसँग कसरी प्रतिस्पर्धा गर्न सक्छौँ र?"

मैले आत्मविश्वासका साथ जवाफ दिएँ, "हो छोरी, परिमाण र सस्तो मूल्यमा हामी उनीहरूसँग लड्न सक्दैनौँ । त्यसैले हाम्रो रणनीति फरक हुनुपर्छ । हाम्रा दुई विशाल छिमेकीले 'औद्योगिक कृषिको मास-प्रोडक्सन' गरिरहँदा नेपालले भने 'अर्गानिक र प्रिमियम उत्पादन' को बाटो रोज्नुपर्छ । हामीले नेपालको हिमाली र पहाडी भेगलाई विश्वकै एउटा विशिष्ट 'अर्गानिक हब' को रूपमा विकास गर्नुपर्छ ।"

मैले अझ स्पष्ट पार्दै भनेँ, "हाम्रो माटो अझै पनि धेरै ठाउँमा रासायनिक विषबाट मुक्त छ । हिमालको काखमा फलेका जडीबुटी, लेकाली फाँटमा उब्जेका अन्न र पहाडका अर्गानिक फलफूलहरू आफैँमा एउटा 'लक्जरी ब्रान्ड' हुन् । जब संसार विषादीयुक्त खानेकुराले आत्तिएर शुद्धताको खोजीमा हुनेछ, तब नेपालको यो अर्गानिक पहिचान नै हाम्रो सबैभन्दा ठूलो पुँजी हुनेछ । छिमेकीको औद्योगिकीकरणसँग जुध्न हामीले 'धेरै फलाउने' भन्दा पनि 'सबैभन्दा शुद्ध र महँगो फलाउने' लक्ष्य लिनुपर्छ । हाम्रो अर्गानिक ब्रान्ड नै विश्व बजारमा नेपालको आर्थिक सार्वभौमिकताको आधार बन्नेछ ।"

**दृश्य ८: सेतो सुन र हिमालयन स्प्रिङ...**

छोरीले फेरि सोधिन्, "कृषि त भयो बुबा, तर उद्योगका अन्य क्षेत्रहरू नि ? के हामी केवल खेतीपातीमा मात्र सीमित हुने त ?"

मैले उनको आँखामा हेर्दै दृढताका साथ भनेँ, "होइन छोरी, नेपालको अर्को सबैभन्दा ठूलो शक्ति भनेको 'पानी' हो । यो हाम्रो सेतो सुन हो । हामीले साना, मझौला र ठूला जलविद्युत आयोजनाहरूमा आन्तरिक पुँजी र जनताको सहभागितालाई प्राथमिकता दिनुपर्छ । स्थानीय र प्रदेश सरकारको लगानीसँगै बाह्य लगानीका लागि पनि 'हेजिङ फण्ड' र सुरक्षाको पूर्ण प्रत्याभूति दिने नीति चाहिन्छ ।"

मैले एउटा कफीको कप देखाउँदै थपेँ, "तिमीले पिउने यो बोतलको पानी हेर त! विश्व बजारमा शुद्ध 'हिमालयन स्प्रिङ वाटर' को माग कति छ ? शुद्ध हिमाली मूलको पानी नेपालमा मात्र छ । यदि हामीले हाम्रा पानीका मुहानहरूलाई संरक्षण गरी 'हिमालयन ब्राण्ड' मा निर्यात गर्न सक्यौँ भने, यो पेट्रोलियम पदार्थ जत्तिकै मूल्यवान् हुनेछ ।"

**दृश्य ९: जङ्गल, खानी र खनिजको वैभव...**

मैले कुरालाई अगाडि बढाउँदै भनेँ, "हाम्रो जङ्गल अर्को ठुलो स्रोत हो । काठमा आत्मनिर्भर बन्दै फर्निचर उद्योग र जडीबुटीमा आधारित औषधि उद्योग खोल्न ढिला भइसकेको छ । हाम्रा पहाडमा सिमेन्ट उद्योगका लागि ढुङ्गा र गिट्टी मात्र होइन, युरेनियमजस्ता बहुमूल्य धातु र रूबीजस्ता बहुमूल्य पत्थरका खानीहरू पनि छन् । हामीसँग भएको नदी नाला र त्यसमा थुप्रिएका ढुङ्गा, गिटी, बालुवा र माटोलाई

विकासमा सदुपयोग गर्दै निर्यातसमेत गर्ने नीति बनाउनु पर्छ । जसले खर्बौको धनराशि मात्र प्राप्त हुँदैन नदीको संरक्षण गर्दै लाखौं बिगाहा खेतीयोग्य जमिन प्राप्त हुन्छ मात्र अभाव छ त– ती खानीको पहिचान र सुरक्षा गर्ने एउटा ठोस राष्ट्रिय नीतिको । हाम्रो हस्तकला र परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोडेर विश्व बजारमा लैजानुपर्छ ।"

**दृश्य १०: पर्यटन– प्रकृति र संस्कृतिको फ्युजन...**

छोरीले अब अलि चाख मान्दै सोधिन्, "अनि पर्यटन नि बुबा? त्यहाँ त व्यापक सम्भावना छ भन्छन् नि !"

"पर्यटन त हाम्रो वरदान नै हो छोरी !" मैले गर्वले भनें, "सगरमाथादेखि लाङटाङसम्मका हिमाल, रारादेखि गोसाइँकुण्डसम्मका ताल, अनि चितवनदेखि शुक्लाफाँटसम्मका निकुञ्जहरू– यो सबै प्रकृतिको अनुपम उपहार हो । तर पर्यटन केवल दृश्य हेर्नु मात्र होइन, यसलाई एउटा सुविधासम्पन्न उद्योगमा बदल्नुपर्छ । हाम्रा मठ-मन्दिर, संस्कृति र भौगोलिक विविधतालाई 'कृषि-पर्यटन' र 'सांस्कृतिक-पर्यटन' सँग जोड्नुपर्छ । जब एक विदेशी पर्यटकले हिमाली आधार शिविरमा बसेर नेपालकै अर्गानिक खाना खान्छ र स्थानीय संस्कृतिमा रमाउँछ, तब मात्र पर्यटनले वास्तविक समृद्धि ल्याउँछ ।"

**दृश्य ११: व्यापार घाटा र कूटनीतिको सन्तुलन**

अन्त्यमा छोरीले व्यापारको अवस्थाबारे सोधिन् । मैले गम्भीर हुँदै भनें, "अहिले हाम्रो अवस्था 'श्रम निर्यात गर्ने र वस्तु आयात गर्ने' उल्टो बाटोमा छ । एकाधिकार दलाल पुँजीवादले गर्दा हामी 'धेरै भित्र्याउने र थोरै पठाउने' घाटाको व्यापार गरिरहेका छौं । यो उपभोक्तावादी चिन्तनलाई बदल्नुपर्छ । उत्तर र दक्षिणका छिमेकी चीन र भारतसँगको व्यापार घाटा कम गर्न लचक र बलियो कूटनीतिक पहल चाहिन्छ । हामीले निजी, साझेदारी र राज्यको समन्वयमा 'धेरै उत्पादन गर्ने र धेरै निर्यात गर्ने' व्यापार नीति अपनाउनुपर्छ । हाम्रा वस्तु र पर्यटनको सबैभन्दा ठूलो बजार पनि हाम्रा यी दुई विशाल छिमेकी नै हुन् ।"

**दृश्य १२: पुँजीको परिचालन र श्रमको सम्मान..**

छोरीले अर्को गहन प्रश्न गरिन्, "बुबा, योजना त राम्रा छन्, तर विकासका लागि चाहिने पूँजीको व्यवस्थापन कसरी हुन्छ त ?"

मैले सम्झाएँ, "पूँजी कतै बाहिरबाट ल्याउनु पर्दैन छोरी, हामीभित्रै छ। हामीले कृषि र उत्पादन सहकारीलाई गाउँ-गाउँमा सक्रिय बनाउनुपर्छ । बैङ्क र सहकारीमा थुप्रिएको निक्षेपलाई विलासिताका वस्तु किन्न होइन, उत्पादन र पुनरूत्पादनमा लगाउनुपर्छ । तिमी जस्ता लाखौं युवाले विदेशबाट पठाउने रेमिट्यान्सलाई हुण्डीको जालोबाट जोगाई बैंकमार्फत भित्र्याउनुपर्छ । जब सरकारले त्यो पैसालाई उद्योग र उत्पादनमा लगाउने विश्वासिलो वातावरण बनाउँछ, तब देश आफैं धनी हुन्छ ।"

**दृश्य १३: शिक्षा र स्वास्थ्य– राज्यको दायित्व**

"शिक्षा र स्वास्थ्यको अवस्था नि बुबा?" उनले सोधिन् ।

मैले अलि कडा स्वरमा भनें, "अहिले त शिक्षा र स्वास्थ्यमा 'व्यापारीकरण' र 'दलालीकरण' हाबी छ । यसलाई अन्त्य गरी राज्यले आफ्नो काँधमा लिनुपर्छ । शिक्षा केवल प्रमाणपत्र बाँड्ने थलो होइन, यो त श्रममुखी, प्राविधिक र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति जन्माउने कारखाना हुनुपर्छ । स्वास्थ्य सेवा व्यापार होइन, प्रत्येक नागरिकको मौलिक हक हुनुपर्छ र यो पूर्णतः निःशुल्क र सुलभ हुनुपर्छ ।"

**दृश्य १४: राष्ट्रियता र फजुल खर्चको कटौती...**

राष्ट्रियताको कुरा चल्दा मैले अझ गम्भीर भएर भनें, "आजको राष्ट्रियता केवल सिमाना रक्षा मात्र होइन छोरी । यो त हाम्रो भाषा, धर्म, संस्कृति र प्राकृतिक स्रोत– विशेष गरी पानी र युरेनियमको रक्षा गर्ने प्रश्न हो । हामीले हाम्रा विविधतायुक्त जातजाति र संस्कृतिको सम्मान गर्दै राष्ट्रिय एकतालाई मजबुत बनाउनुपर्छ ।"

छोरीले अलि संशय गर्दै भनिन्, "तर बुबा, हाम्रा पुराना रीतिरिवाजले त फजुल खर्च मात्र बढाउँछन् नि, होइन र ?"

मैले समर्थन गर्दै भनें, "हो, जन्म, विवाह र मृत्युका नाममा हुने तडकभडक, अनि स्वागतका नाममा गरिने अरबौंको खादा र मालाको खर्चलाई हामीले योजनाबद्ध ढङ्गले कटौती गर्नुपर्छ । चाडबाड र जात्राका नाममा हुने फजुल खर्च रोकेर त्यो खरबौं रुपियाँ उत्पादनमा लगाउने हो भने देशको मुहार फेरिन समय लाग्दैन । हामीले सम्पत्तिलाई विलासिता होइन, स्वरोजगारको साधन बनाउनुपर्छ ।"

**दृश्य १५: जलवायु परिवर्तन र जनशक्तिको फिर्ती**

जलवायु परिवर्तनको चर्चा चल्दा मैले भनें, "मान्छेको प्रकृतिमाथिको हस्तक्षेपले गर्दा नेपालको तापक्रम प्रतिवर्ष ०.०४ डिग्रीले बढिरहेको छ । यो ठूलो संकट हो । यसलाई कम गर्न हामीले 'दिगो विकास' को नीति अपनाउनुपर्छ । सहरका हरेक घरमा कम्तीमा एउटा र गाउँमा दुई–तीनवटा बिरुवा रोप्ने नीति नै बनाएर वन जङ्गलको संरक्षण गर्नुपर्छ ।"

अन्त्यमा, मैले छोरीको हात समातेर भनें, "छोरी ! विदेशमा रहेका तिमीजस्ता वैज्ञानिक, प्राविधिक र विज्ञहरूलाई देशले विशेष आह्वान गरेर फिर्ता बोलाउनुपर्छ । जब स्थिर र प्रगतिशील सरकारले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षाको ग्यारेन्टी गर्छ, तब कोही पनि नेपाली परदेशमा भौंतारिनु पर्दैन । नेपाल केही वर्षभित्रै विकसित राष्ट्रहरूसँग काँधमा काँध मिलाउन सक्नेछन् ।"

मैले बोल्दै गर्दा छोरीका आँखामा एउटा नयाँ चमक र दृढता देखियो । उनले बुबाको कुरामा पूर्ण सहमति जनाउँदै टाउको हल्लाइन् । अमेरिकाको त्यो विलासी कोठामा बसिरहँदा पनि हाम्रो मन भने नेपालको हरियाली फाँट र भविष्यको समृद्धिको सपनामा हराइरहेको थियो । छोरीको सहमतिले मेरो मनमा एउटा ठूलो सन्तोष भयो । मलाई लाग्यो– समृद्ध नेपालको ढोका अब खुल्दै छ । ■■

*- कालिका ३, रसुवा ।*

कविता

# युवा इतिहास



✍ **सूर्य चापागाईं**

भोलिको उज्यालो दिनको खोजीमा
उदाउँछन् स्कुले मुनाहरू,
झोलाभित्र किताब मात्र होइन,
भविष्यका सपनाहरू बोकेर

तर ती निरीह टुसाहरूलाई
निमोठ्छन् नृशंस पञ्जाहरूले
गोलीले उडाउँछ तिनको हाँसो
र रगताम्य अक्षरले लेखिन्छ
राष्ट्रको पीडायुक्त इतिहास

सत्ताको सिंहासनमा विराजित शासक
रगतमा होली खेल्छन्,
बर्बरतालाई विजय ठान्दै
तर, रगत बग्दा अङ्कुराउँछ विद्रोह,
आँसु बग्दा जन्मिन्छ आँधी

युवा हारे कसले जित्छ ?
तिनको मुटुमा बज्छ
प्रतिरोधको नगरा,
जुलुसका पाइलामा
बज्छ पृथ्वीको 'धाकिटधा'
आवाजहरू सिमाना नाघेर
गर्छन् विश्वव्यापी गर्जन

जीर्ण पर्खालहरू ढल्छन्,
अन्धकारका पर्दा च्यातिन्छन्,
उज्यालो प्रभातको सुनौलो झिल्को
युवाको शिरमा मुकुटझैँ टल्किन्छ

लालिमा रङ्गिएको क्षितिजमा
सपना फुल्छन्,
आशा हरित वनझैँ फैलिन्छ
अन्ततः,
युवाको हातले लेखिन्छ
इतिहासको नौलो अध्याय–
स्वप्न र सङ्घर्षको संयुक्त गाथा ।

# गजल

✍ **चेतन अन्जान**

रोगभन्दा भोकको ठुलो खबर हुन्छ गाउँमा
सुनको भन्दा नुनको धेरै अभर हुन्छ गाउँमा ।

बहस र पैरवीका तर्क बेग्लाबेग्लै
मुखियाकै इजलास नै सदर हुन्छ गाउँमा ।

मुटु दुखे, बान्ता भए, ज्वरो, रुघाखोकी
माथ्लाघरे धामीसँग जन्तर हुन्छ गाउँमा ।

तिम्रो पेट भर्न सधैँ दिएका छौँ अमृत
तिमी भन्छौ कटाक्षमा, जहर फल्छ गाउँमा ।

खडेरी त लागेकै छ जनजीवनमा
त्यही सम्झी खसछन् आँसु नहर हुन्छ गाउँमा ।

*– इलाम ।*

लघुकथा

# आजका नायक



✍ **महेन्द्र नेउपाने**

"किन, अनुहार फुङ्ग उडेको देख्छु ।" भर्खरै घर पुगेका श्रीमान्‌को कोट फुकाल्दै श्रीमतीले प्रतिक्रिया दिइन् ।

"होइन होला, बरु दङ्गदास देखिनु पर्ने ।" नेता श्रीमानले ठाँटले बोले ।

"किन र ? त्यस्तो चमत्कार केही भयो र ?" श्रीमतीले कुटिल मुस्कानका साथ सोधिन् ।

"होइन, मैले चुनावमा प्रतिस्पर्धा गर्ने निर्णय गरेँ ।" श्रीमान्‌ले दिनभरिको भागदौडको उपलब्धि बताए ।

"के रे?" श्रीमतीले आश्चर्य प्रकट गर्दै सोधिन्, "कसको विरूद्धमा ?"

"कसैको विरूद्धमा होइन ।" श्रीमान्‌ले विस्तृत बताए, "अध्यक्षमा म र मेघराज चुनाव लड्दैछौं ।"

"को मेघराज ? भावनाको बुढा ?" श्रीमती छक्क पर्दै सोधिन् ।

"हो ।" श्रीमान्‌ले पनि सही थापे ।

"आबुई ! अब मैले भावनासँग कसरी कुरा गर्नु । छाकै पिच्छे भेटहुने मान्छे । मेरो अहिले सबैभन्दा नजिक उही त छ, दिदीबहिनीभन्दा बढ्ता ।" श्रीमतीले बिस्मात प्रकट गरिन् ।

"के भयो त । हामी पनि त दाजुभाइ जस्तै भएर यतिका वर्ष सँगसँगै त थियौं नि । समय परिस्थितिले जे गर्छ त्यसै गर्नुपर्ने रहेछ ।" परिस्थतिलाई सामान्य रूपमा लिँदै भने ।

"अनि उसलाई तपाईंको कर्तुत सबै थाहा छ । पोल खोलिदिँदैन् ?" श्रीमतीले शङ्का गरिन्।

"मैले भन्दा बढ्ता उसले कर्तुत गरेको छ, ऊ चैं बाँच्न सक्छ त ?" श्रीमान्‌ले निस्फिक्री बताए । ■■

*– लोकन्थली, भक्तपुर* ।

# गजल

✍ **राजकुमार श्रेष्ठ 'फुच्चे'**

गाउँघरतिर अभाव छ रे चोटमा छ कि दसैंतिहार ।
द्वन्द्व कालको नमेटिने खोटमा छ कि दसैंतिहार ॥

उसको भन्दा ठुलो खसी रिन काढेरै ढाल्नुपर्ने,
बली दिने मन्दिरभित्र कोटमा छ कि दसैंतिहार ।

मान्यजनको हातबाट जमरा र टीका थाप्दा,
आशिष नभै रुपियाँ र नोटमा छ कि दसैंतिहार ।

झन्डीबुर्जा रोटेपिङले उत्साहित भै मनाउथ्यौं,
आज हाँगापात फूल र बोटमा छ कि दसैंतिहार ।

पिउँदै होलान् कोही भने लम्पसार बिचबाटोमै,
युवा मुग्लान झुपडी र गोठमा छ कि दसैंतिहार ।

*मध्यनेपाल – ३, सूर्यपाल*
*हाल– सर्वोदय मा. वि दुराडाँडा, लमजुङ*

लघुकथा

# असार पन्ध्रमा लुकेको स्वाभिमान

✍ **कमला देवकोटा**

"ए गोफ्ले उठ् उठ्, आज असार पन्ध्रको दिन । फूलबारीमा के के फूल मरेका छन्, त्यो त्यो ठाउँमा नयाँ नयाँ बोट लगा । आज सारेका बोटबिरुवा मर्दैनन् । फेरि पानी अविरल परेकै छ ।"

"हस्, मालिक आज सबै काम सक्छु ।"

"दस बजे रोपाइँमा पुग्नुपर्‍यो नि, सम्झेको छस् ?"

"छु मालिक, हजुरको आफ्नो टिसर्ट मैले पाउँला नि ? पोहोरको जीर्ण भो ।"

"हँ, त्यही लगा आजको दिन । अर्को वर्ष लाउलास् ।"

"हुँदैन हजुर, भुन्टी पनि आउँछे । सबै नाङ्गो देखेपछि के भन्ली ?"

"तँ नाथेलाई उसैको पिर । जेसुकै भनोस् त्यसले । मिठो खान पाएकै छस् । राम्रैमा सुतेकै छस् ।"

"होइन के हजुर, हामी पुरुष जाति, महिलालाई पाल्ने जात ! आफैं यस्तो नाङ्गो भुतुङ्गो भएपछि ऊसँग कसरी आँखा जुधाएर बोल्नु ?"

"ए बढी न हो है, तेरा बाबुले लिएको ऋण अझ चुकाउन सकेको छैनस् । त्यो भुन्टीको के सपना देख्छस् ? रोपाइँमा पनि कसैले सद्धे लुगा लाउँछन् र ? छिटो गर्, खेताला आउँदा घरका जहान तैनाथ हुनुपर्छ ।"

गोफ्ले उदास, मलिनो अनुहार लिएर घोप्टी पर्दै खेततिर लाग्यो । गाउँका मानिसहरू मालिकको रोपाइँमा जान बाजेहरू, रोपारे, बाउसे, ट्रयाक्टर अघि लाउँदै, रमाउँदै जाँदै थिए । बिचमा भुन्टी भेटिई । गोफ्लेलाई देखेर अचम्म मानी ।

"किन उदास छस्, किन तेही लुगा ? हेर् त, मैले त दिदीको घलेक आजको लागि मागेँ ।"

"भो छोड् मलाई लुगासँग मतलब छैन बुझिस् । यो मालिकको ऋणले मलाई पिरोलेको छ । यहाँबाट निस्किन पाए इच्छाअनुसार लाउने खाने छु । तेरै साथमा भोकै भए पनि रमाउने छु ।"

"हैन, दुवैले कमाउँला, कसरी भोकै होइन्छ ? लौ त, मैले पनि यो घलेक लाउँदिनँ । यत्तिकै काम गर्छु । जुन वेला तिमी मेरो साथमा हुन्छौ, त्यसै दिनदेखि भएका कपडा बाँडेर लगाउँला । हामी जस्तालाई असार पन्ध्रले के भो ? साउने सङ्क्रातिले के भो ?"

दुवै रातिसम्म खेतमा काम गरे । चाम्रे खाने बेला भयो । सबैले हिलो छापाछ्याप गरे । कसैले कसैको मुख देखेन । मन अमिलो भएका गोफ्ले र भुन्टी रातको अँधेरोमा सधैंको लागि हराए । मालिकले भरमग्दुर लाएर खोजी गरे तर केही पत्ता लागेन । ■■

*- पाल्पा ।*

# गजल

✍ रमेश प्रभात



प्रकृतिको नियमै हो दिनपछि रात,
अँध्यारोको विरूद्धमा खोजें सुन्दर प्रातः ।

माया गर्न जन्मेको हुँ भन्ने ठान्थें सधैं,
माया गर्दा बदलामा सधैं किन घात ?

जिन्दगीभर प्रेम पढें हात लाग्यो शून्य,
बुझे पनि बुझिँदैन प्रेमिकाको बात ।

तिमी लड्दा हात दिई उठाउन खोजें,
भन मलाई किन हान्यौ तिमीले उल्टै लात ?

संसारमा सबैभन्दा गाह्रो मान्छे हुन,
बुझाउन सक्दिनँ म यो मान्छेको जात ।

*- चितवन ।*

## साहित्यिक पत्र-पत्रिकाहरू पढौं र पढाऔं

**साप्ताहिक साहित्यिक पत्रिका:** कपन बानेश्वर, **मासिक साहित्यिक पत्रिकाहरू:** अक्षय ज्ञान/ आलेख/उदय /उद्यान/कलश/गोलसिमल/गौरी/चम्पक/जनमत/भानु/मधुपर्क/ /रातो लालटिन/लहरा/शब्द संयोजन/शब्दाङ्कुर/शारदा/शाल्मली/शृङ्खला/ /सङ्गम अभियान /सुलेख/

**द्वैमासिक साहित्यिक पत्रिकाहरू:** अभिव्यक्ति/आरब्ध/कल्पतरु/कौशिकी/जमघट/ /तन्नेरी/दायित्व/रचना/वैजयन्ती /समीरण / सुदूर चिनारी / हिमाली गुराँस / हिमाली सौगात /

**त्रैमासिक साहित्यिक पत्रिकाहरू:** अन्तर्बोध/अन्तर्ध्वनि/अभिनवप्रभा/अक्षय अक्षर/अक्षर मार्ग/अक्षलोक/उदय मञ्जरी/कालीको सुसेली / चेतना सन्देश/ज्याग्दी खोलाको तरङ्ग/दोभान/नव प्रज्ञापन/नव माधुरी/नारी स्वर/महामण्डल/रजस्थल /रूयायन / लहरा/लोकभावना/वनिता/शिवपुरी सन्देश/सगुन/समुदाय र सृजना/हाम्रो पुरुषार्थ हाम्रो मातृभूमि/हाम्रो सिर्जना/हिमाद्री


**मातृभाषामा प्रकाशित साहित्यिक पत्रिकाहरू:** गुगुल्डि (डोट्याली) / लाजा डग्गर (थारू) / माटी (भोजपुरी) /आङन (मैथिली) / इक लिब्जु-भुम्जु (बाम्बुले राई) / बुङ्वाखा (वान्तवा राई) / सितिमी (चाम्लिङ राई)/ थौकन्हे, कुँध्वाखा, नःली, थायभू (नेपालभाषा) / बिम्लिक (मगर ढुट) / तान्छोप्पा, नुमाफुङ, लुडा, फत्ताङ्लुङ (लिम्बू) /तामाङ दाजाङ (तामाङ) / हाम्सो, चुप्लु (सुनुवार)

## साहित्यिक गतिविधि, भेटघाट तथा साहित्यिक क्षेत्रलाई सहयोग गर्ने आत्मीयजनहरू



























## मतदान गर्ने अधिकारको प्रयोग गरौं ।

❖ लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।

❖ मतदानको समयमा विवेकको प्रयोग गरौं ।

❖ मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।

❖ जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।

❖ निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।

❖ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।

❖ सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**साधारण आजीवन सदस्यहरू:**

अनिल चन्द, कञ्चनपुर
अमर सन्तति, रामेछाप
अमृत भट्टराई, काठमाडौँ
अर्जुन पुडासैनी, बानेश्वर
उपेन्द्र पौडेल, पोखरा
उद्धव देवकोटा, रुपन्देही
उमाकान्त पोखरेल, झापा
उमेश तिमिल्सिना, गोकर्णेश्वर
एल.पी. पराजुली, कपन
ऋषिराम भुषाल, काठमाडौँ
ओम आचार्य, काठमाडौँ
कविन्द्र खड्का, भक्तपुर
कान्छा तिवारी, काठमाडौँ
कुमारराज सुवेदी, काठमाडौँ
कृष्णप्रसाद नेपाल, गोकर्णेश्वर
केशव शर्मा, अस्ट्रेलिया
केशव ज्ञवाली, भक्तपुर
कोमल प्र. लामिछाने, काठमाडौँ
डा. खगेन्द्रप्रसाद दाहाल, झापा
खेमराज पोखरेल, अमेरिका
गङ्गा खड्का, बुढानीलकण्ठ
गङ्गा दाहाल, ललितपुर
गीता निरौला, काठमाडौँ
गुप्तवहादुर श्रेष्ठ, काठमाडौँ
गोपाल बराल, गोकर्णेश्वर
घन थापा, काठमाडौँ
चिरञ्जीवी दाहाल, चितवन
चेवन वस्नेत, जडिबुटी
जीवन कश्यप, विराटनगर
टीकाराम देवकोटा, स्याङ्जा
टीकाराम रेग्मी, भरतपुर
तुलसीराम पुडासैनी, डाँछी
दमनबहादुर सिंह, रातोपुल
दिनेश खत्री, चन्द्रागिरि
दिलीप अर्याल, दक्षिणढोका
दीपक भण्डारी, बुढानीलकण्ठ
दुर्गा तिवारी, मण्डिखाटार
धुर्व नारायण जोन्छे, भक्तपुर
ध्रुव नेपाल, बानेश्वर
नवप्रज्ञापन, बारा
नरराज आचार्य, काठमाडौँ
नवराज रिजाल, काठमाडौँ
नवराज रिमाल, काठमाडौँ
नवराज शर्मा, भक्तपुर
नानु राना थापा, बेलायत
नीता गुरुङ, आसाम, भारत
निर्मलादेवी तिम्सिना, साइप्रस
निरप्रसाद दाहाल, मोरङ
निरु बिन्दु, दार्जिलिङ
निशा के.सी., काठमाडौँ
नीला घिमिरे, जनकपुर
नेत्रमान श्रेष्ठ, नुवाकोट
प्रकाश तिवारी, काठमाडौँ
प्रदीप पुडासैनी, डाँछी
पदम दाहाल, भक्तपुर
परशुराम गौतम, जोरपाटी
पागल यात्री, जोरपाटी
पुष्कर रिजाल, कोहलपुर
पूर्ण श्रेष्ठ,
प्रकाश कोइराला, भक्तपुर
प्रजापति तिमल्सिना, काठमाडौँ
प्रदीपरत्न शाक्य, बौद्ध
प्रमोद भट्टराई, भक्तपुर
प्रेमलाल श्रेष्ठ, रामेछाप
बज्र इ. कलेज, जोरपाटी
बद्रीप्रसाद ढकाल, काठमाडौँ
बद्रीनारायण श्रेष्ठ, रामेछाप
बलभद्र भारती, सुर्खेत
बाबुराम न्यौपाने, झापा
बालकृष्ण बराल, जोरपाटी
बुद्धिराज पाण्डे, काठमाडौँ
भगवान पुडासैनी, गोकर्णेश्वर
भीम गौतम, चितवन
भेषराज बन्जाडे,
भोजराज रेग्मी, पेप्सीकोला
मणिराज सिंह
मधुसूदन अधिकारी, भक्तपुर
मनीषकुमार शर्मा, भक्तपुर
मातृका घिमिरे, काठमाडौ
मीरा पुडासैनी, काठमाडौँ
मित्रलाल पंज्ञानी,कपन
मुरारि सिग्देल, गोकर्ण
मैना विष्ट, साँखु
यकिना अगाध, झापा
यम रेग्मी, दाङ
राज श्रेष्ठ, बेलायत
राजु शर्मा, काठमाडौँ
डा. राजेन्द्र पौडेल, कपन
राजेशराज गड्तौला, काँडाघारी-काठ.
राजेशमान के.सी, भक्तपुर
राजेन्द्र श्रेष्ठ, काठमाडौँ
राम आचार्य, झापा
रामबहादुर पहाडी, काठमाडौँ
रामेश्वर श्रेष्ठ, साँखु
रामचन्द्र तिमल्सिना, रौतहट
लख्खु सिंह, वझाङ
लक्ष्मी स्मृति, विराटनगर
लीला कुँवर, बेलायत
लेखनाथ न्यौपाने, झापा
वसन्त अनुभव, दाङ
वासु पोखरेल,उदयपुर
विकल त्यागी, खोटाङ
विकास शैलपुत्र, भक्तपुर
विजयदेव खनाल, न्यूयोर्क
विनोद उपाध्याय, विराटनगर
विनोद नेपाल, पाल्पा
विश्व कुइकेल, डाँछी
विष्णु प्र.श.पराजुली, बु.न.पा-१०
विष्णु भण्डारी, मोरङ
विश्वनाथ सञ्जेल, मकवानपुर
शंशेर व. न्हुछे प्रधान, भक्तपुर
शारदा घिमिरे, भैल, बनेपा
शेखरकुमार श्रेष्ठ, फर्पिङ
शैलेन्द्रकुमार शाह, काठमाडौँ
श्रीराम अर्याल, बानेश्वर
सीताराम नेपाल, कलंकी
सीता शर्मा, पर्वत
सीता शर्मा पन्धी, वीरगन्ज
हरिप्रसाद घिमिरे, काठमाडौँ
हरिहर भण्डारी, बानेश्वर
हिमलाल पाठक, स्याङ्जा
हेमराज पौडेल, काठमाडौँ
त्रिलोचन आचार्य, कपन
त्रिविक्रम पाण्डे, दोलखा

**दिवंगत आ.सदस्य**

राजदाश श्रेष्ठ, साँखु
अर्जुन विलास पन्त, भक्तपुर
झषनाथ दाहाल, मोरङ
लक्ष्मणकृष्ण ताम्राकार, कुपण्डोल

# महाकवि देवकोटा–कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १) | वसन्त रिजाल | ११३८५०. |
| २) | दिपक भण्डारी | ५०१००. |
| ३) | कृष्ण अधिकारी | ५००००. |
| ४) | विमल अर्याल | ५००००. |
| ५) | शिवहरि पोखरेल | २५०००. |
| ६) | नवराज पुडासैनी | २५०००. |
| ७) | धिर कुमार श्रेष्ठ | १९९४०. |
| ८) | विष्णु वहादुर सिंह | १८३६४. |
| ९) | मिना रिजाल | १५०००. |
| १०) | अच्युत प्रसाद चालिसे | १५०००. |
| ११) | राम प्रसाद ज्ञवाली | १२५००. |
| १२) | उषा ज्ञवाली | १२५००. |
| १३) | कोमल लामिछाने | १२१५४. |
| १४) | शिवानी घिमिरे | १२१५४. |
| १५) | ईश्वरी प्रसाद लामिछाने | १२१५३. |
| १६) | वाजुराम पौडेल | ११८२०. |
| १७) | राजन पुडासैनी | ११११११. |
| १८) | बाल मुकन्द कार्की | १०९९९. |
| १९) | राम वहादुर पहाडी | १०५००. |
| २०) | चन्द्रमणि अधिकारी | १०१४४. |
| २१) | गोपाल प्रसाद बराल | १००००. |
| २२) | गंगा कर्माचार्य | १००००. |
| २३) | गोविन्द घिमिरे | १००००. |
| २४) | दुर्गा घिमिरे | १००००. |
| २५) | पवन आलोक | १००००. |
| २६) | मेनका पोखरेल | १००००. |
| २७) | युवराज मैनाली | १००००. |
| २८) | रत्न वज्र लामा | १००००. |
| २९) | कृष्ण प्रसाद चापागाईं | १००००. |
| ३०) | मधु प्रसाद पुडासैनी | १००००. |
| ३१) | देवि प्रसाद घिमिरे | १००००. |
| ३२) | महेन्द्र चालिसे | १००००. |
| ३३) | प्रमोद प्याकुरेल | १००००. |
| ३४) | रमेश प्रसाद खनाल | १००००. |
| ३५) | कृष्ण सुवेदी | ७३१५. |
| ३६) | पाठशाला नेपाल | ६०००. |
| ३७) | रामचन्द्र खतिवडा | ५५००. |
| ३८) | अच्यूत घिमिरे | ५०००. |
| ३९) | निमा दोर्जे तामाङ्ग | ५०००. |
| ४०) | ठाकुर शर्मा | ५०००. |
| ४१) | देवि प्रसाद चापागाईं | ५०००. |
| ४२) | अर्जुन नेपाल | ५०००. |
| ४३) | राजेन्द्र पौडेल | ५०००. |
| ४४) | मनिता घिमिरे | ४११२. |
| ४५) | शंकर खड्का | ३०००. |
| ४६) | रामकुमार पण्डित | ३०००. |
| ४७) | अन्य नाम खुलाउन अनिच्छुक | ९८०२३. |
| | जम्मा | ७९५२३९. |

## कल्पतरु उत्कृष्ट सिर्जना वर्ष पुरस्कार कोशका योगदान कर्ताहरू

| | |
|---|---|
| १) योगेन्द्र तिमिल्सिना, काठमाडौं | १००००/- |
| २) स्व.लक्ष्मण कृष्ण ताम्राकार, पुल्चोक | १००००/- |
| ३) नानु राना थापा, काठमाडौं | १२०००/- |
| ४) युवराज भण्डारी, बेलायत | १००००/- |
| ५) मातृका घिमिरे,शंखमूल | ५०००/- |
| ६) तारा प्रसाद चापागाई,युएई | ४०००/- |
| ७) विमल अर्याल, जोरपाटी | ५०००/- |
| ८) विनोद नेपाल, काठमाडौं | ५०००/- |
| ९) देविका तिमिल्सिना | ५०००/- |
| १०) सरला श्रेष्ठ, अमेरिका | ११०००/- |
| ११) मनिस कुमार शर्मा, भक्तपुर | १००००/- |
| १२) गोविन्दराज पौडेल, अर्घाखाँची | ७०००/- |
| १३) पवन आलोक, कालिकास्थान | ५०००/- |
| १४) ईन्दिरा चापागाईं, भक्तपुर | ५०००/- |
| १५) भोजराज रेग्मी 'मुखाले' | ५०००/- |
| १६) सीता पाण्डेय, सितापाइला | ५०००/- |